# नारायण प्रसाद पोखरेलका काव्य कृतिको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको
प्रयोजनको लागि
प्रस्तुत

## शोधपत्र

शोधार्थी
अम्बिका खनाल (बस्ताकोटी)
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं
२०६९

# शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह द्वितीय वर्षका छात्रा अम्बिका खनाल (बस्ताकोटी)ले दसौँ पत्रको प्रयोजनका लागि मेरा निर्देशनमा **नारायण प्रसाद पोखरेलका काव्य कृतिको अध्ययन** शीर्षकको शोधकार्य सम्पन्न गरेकाले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति :- २०६९/०९/०५

......................

राधिका गुरागाईं

शिक्षण सहायक

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर

**त्रिभुवन विश्वविद्यालय,**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय,**

**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

# स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, मानिविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत विश्वविद्यालय क्याम्पसका छात्रा अम्बिका खनाल (बस्ताकोटी)द्वारा त्रि.वि., स्नातकोत्तर तहमा नेपाली विषयको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत **नारायण प्रसाद पोखरेलका काव्य कृतिको अध्ययन** शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१. नि. विभागीय प्रमुख, प्रा.डा. देवीप्रसाद गौतम ....................................

२. शोधनिर्देशक, शि.सा. राधिका गुरागाईं ...................................

३. वाह्य परीक्षक, प्रा.केशव सुवेदी ...................................

मितिः २०६९/०९/०५

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र मैले मेरा आदरणीय गुरु शि.सा. राधिका गुरागाईंको प्राज्ञीक निर्देशन सहयोग र  सुझाबका आधारमा तयार पारेको हुँ । आफ्नो अति व्यस्त जीवनमा पनि अमूल्य समय दिई मलाई समुचित सरसल्लाह तथा अति प्यारका साथ लेखन कार्यमा सहयोग गर्नु हुने शोध निर्देशक श्रद्धेय गुरुप्रति सर्वप्रथम हार्दिक कृतज्ञता व्यक्त गर्न चाहान्छु । साथै मलाई यस शोधपत्रका लागि अनुमति प्रदान गर्ने तथा अमूल्य सुझाब दिनुहुने विभागीय प्रमुख आदरणीय गुरु देवी प्रसाद गौतमप्रति हार्दिक आवार व्यक्त गर्दछु ।

प्रस्तुत शोधपत्र तयार गर्ने सिलसिलामा आवश्यक सामग्रीहरु तथा अमूल्य समय प्रदान गरी आफ्ना अनुभवहरु बताइ दिनुहुने शोध नायक नारायण पोखरेल ज्यूलाई पनि धन्यवाद दिन चाहन्छु ।

त्यस्तै शीर्षक छनौटदेखि लेखन कार्यमा समेत आवश्यक सुझाव र सहयोग गरिदिनु हुने मेरा जीवन साथी श्रीमान् रोहेणी प्रसाद खनालप्रति हृदयदेखि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु साथै लोखन कार्यमा  सुझाव, सल्लाहदिने आदरणीय गुरुहरु मोदनाथ मरहट्टा तथा रुद्र पोखरेललाई पनि नसम्झिरहन सक्दिनँ साथै मलाई सहयोग गर्नुहुने मेरा भाइ इश्वर बस्ताकोटी र साथी सुमित्रा पाण्डेलाई धन्यवाद दिन चाहन्छु ।

त्यस्तै शोधकार्यका समयमा विविध सामग्री उपलब्ध गराउने त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयप्रति म हार्दिक आभार प्रकट गर्न चाहन्छु । संकलित सामग्रीहरू झर्को नमानी शुद्धताकासाथ  टङ्कन गरीदिने क्रियटिभ कम्प्युटर  सेन्टर कीर्तिपुरलाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग समक्ष प्रस्तुत  गर्दछु ।

मिति :- २०६९/०९/०५

**अम्बिका खनाल (बस्ताकोटी)**

क्रमाङ्क नं.:- १०१

# विषय सूची


| | पृष्ठ नं. |
|---|---|
| **पहिलो परिच्छेद : शोध परिचय** | **१-५** |
| १.१ विषय परिचय | १ |
| १.२ समस्या कथन | २ |
| १.३ शोधको उद्देश्य | २ |
| १.४. पूर्वकार्यको समीक्षा | ३ |
| १.५. शोधको औचित्य | ४ |
| १.६. शोधको सीमा | ४ |
| १.७. शोधविधि | ४ |
| १.८. शोध प्रवन्धको रूपरेखा | ५ |
| **दोस्रो परिच्छेद : नारायण प्रसाद पोखरेलको जीवनी र व्यक्तित्व** | **६-१७** |
| २.१. जीवनी | ६ |
| २.१.१. जन्म र बाल्यावस्था | ६ |
| २.१.२. शिक्षा दीक्षा | ७ |
| २.१.३. विवाह र पारिवारिक जीवन | ७ |
| २.१.४. साहित्यिक प्रेरणा र प्रभाव | ८ |
| २.१.५. लेखनको प्रारम्भ र विकास | ९ |
| २.१.६. पुरस्कार र सम्मान | ९ |
| २.२. व्यक्तित्व | १० |
| २.२.१. शारीरिक व्यक्तित्व | १० |
| २.२.२. समाज सेवी व्यक्तित्व | ११ |
| २.२.३. राजनीतिक व्यक्तित्व | ११ |
| २.२.४. शिक्षक व्यक्तित्व | १२ |

२.२.५. साहित्यिक व्यक्तित्व १२
२.२.६. गीतकार व्यक्तित्व १२
२.२.७. कवि व्यक्तित्व १३
२.३. नारायण प्रसाद पोखरेलका साहित्यिक यात्रा १३
२.३.१. पहिलो चरण १४
२.३.२. दोस्रो चरण १५
२.३.३. निष्कर्ष १६
**तेस्रो परिच्छेद : नारायण प्रसाद पोखरेलका काव्य कृतिको विश्लेषण १८-७२**
३.१. विषय परिचय १८
३.२. तीजको गीत गीतिसङ्ग्रहको विश्लेषण १८
३.२.१. शुभकामना १८
३.२.२. टुहुरीको व्यथा १९
३.२.३. सौतेनी श्रीमान् १९
३.२.४. अभिभावकको व्यथा १९
३.२.५. बुहारीको पीर १९
३.२.६. सासूको वेदना १९
३.२.७. साइनो नफेरौं १९
३.२.८. शान्तिको कामना २०
३.२.९. फेसनको चिनारी २०
३.२.१०. दाइजो रोग २०
३.३. तालिमको सिलसिलामा कविताको विश्लेषण २०
३.४. नारायण प्रसाद पोखरेलको टोपी कविता संग्रहको विश्लेषण २१
३.४.१. परिचय २१
३.४.२. विषयवस्तु /भाव २२
३.४.३. शीर्षक २५

३.४.४. संरचना २५
३.४.५. लय तथा भाषाशैली २५
३.४.६. निष्कर्ष २६
३.५. मर्स्याङ्दी खण्डकाव्यको विश्लेषण २६
३.५.१ विषय परिचय २६
३.५.२ शीर्षक २७
३.५.३ विषयवस्तु २७
३.५.५ कथानक ३०
३.५.६ पात्र विधान ३१
३.५.७ परिवेश विधान ३२
३.५.८ कथन पद्धति ३४
३.५.९ भाषा शैली ३४
३.५.१०. छन्द वा लय विधान ३५
३.५.११. प्रतीक वा बिम्बालाङ्कार विधान ३७
३.५.१२. संरचना विधान ३७
३.५.१३. रसविधान ३८
३.५.१४. निष्कर्ष ३८
३.६. 'प्रतिबिम्ब' काव्यको विश्लेषण ३९
३.६.१ विषय परिचय ३९
३.६.२. शीर्षक ४०
३.६.३. विषयवस्तु ४०
३.६.४. परिवेश ४४
३.६.५. संरचना विधान ४५
३.६.६. रस विधान ४६
३.६.७. जीवन दृष्टि ४६

३.६.८. छन्द र लयविधान ४७

३.६.९. उद्देश्य ४९

३.६.१०. भाषा शैली ४९

३.६.११. कथन पद्धति ५०

३.६.१२. प्रतीक वा बिम्बालङ्कार विधान ५०

३.६.१३. निष्कर्ष ५१

३.७. अमरगाथा महाकाव्यको विश्लेषण ५१

३.७.१. विषय परिचय ५१

३.७.२. कथानक ५२

३.७.३. शीर्षक ५९

३.७.४. पात्र विधान ६०

३.७.५. परिवेश ६४

३.७.६. संरचना ६४

३.७.७. रसविधान ६५

३.७.८. उद्देश्य ६६

३.७.९. छन्द र लय विधान ६७

३.७.१०. भाषा शैली ६९

३.७.११. कथन पद्धति ७०

३.७.१२. प्रतिक वा बिम्बालङ्कार विधान ७०

३.७.१३. वैचारिक जीवनदृष्टि ७१

३.७.१४. निष्कर्ष ७२

**चौथो परिच्छेद : उपसंहार र निष्कर्ष** **७३-७५**

**सन्दर्भ सामग्री सूची** **७६-७७**

# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

नारायण प्रसाद पोखरेलको जन्म बुबा पदम विलास पोखरेल र आमा हेम कुमारी पोखरेलको कोखबाट वि. सं. २०२०/११/०३ मा गोरखा जिल्लाको मनकामना-६ बनौतीमा भएको हो । नेपाली काव्य साहित्यमा महत्वपूर्ण योगदान दिएका पोखरेलका प्रकाशित कृतिहरू गीति संग्रह, लामो कविता, कवितासंग्रह, खण्डकाव्य, महाकाव्य गरी ६ वटा प्रकाशित र अप्रकाशित अन्य काव्य कृतिहरू पनि छन् । पोखरेलको पहिलो प्रकाशित कृति **तीजको गीत** गीतिसंग्रह (२०५९) हो । यस कृतिमा कविले तीजको गीतको माध्यमबाट एकातिर नेपाली छोरी चेलीले भोग्नु परेका समस्याहरू झल्काएका छन् भने, अर्कोतिर आजका छोरी चेलीहरू आफ्नो संस्कृति र परम्परालाई छोडेर पश्चिमा संस्कृति तिर लागेका हुन् भनेर सचेत गराउन खोजेका छन् । उनको यो कृति २०५९ सालमा पहिलो पटक चर्चामा आएको थियो । नारायण प्रसाद पोखरेलको अर्को प्रकाशित कृति **तालिमको सिलसिलामा** (कविता-२०६०) हो । यसमा तालिमको सिलसिलामा गोरखा क्याम्पस गोरखामा जाँदा शिक्षकहरूले भोग्नु परेका समस्याहरूको चित्रण गरेका छन् । यसपछिको कृति **टोपी** कविता सङ्ग्रह (२०६२) मा देशमा भएको सशस्त्र आन्दोलन र तत्कालीन सरकारले गरेका दमनका विरूद्धमा कलम चलाएका छन् । टोपीलाई राष्ट्रियताको प्रतीकका रूपमा देखाएर शान्तिको कामना गरेका छन् ।

नारायण प्रसाद पोखरेलको **मर्स्याङ्दी** खण्डकाव्य (२०६३) प्रकृति काव्य हो । यसमा नेपालका प्राकृतिक सम्पदाको सदुपयोग गर्नु पर्छ । **मर्स्याङ्दी** जस्ता नदीहरू तलबाटै बगेर गएका छन् । माथि टारहरू सुख्खा छन् । ती नदीहरू बाट बिजुली बत्ती पनि निकाल्न सकिएको छैन । मानवीय मूल्य र मान्यता **मर्स्याङ्दी** नदीको बहावसंगै बहेको प्रसङ्ग यस खण्डकाव्यमा व्यक्त गरेका छन् । त्यस्तै **प्रतिबिम्ब** काव्य (२०६५) मा आम जनताहरूमा भएको राजनैतिक

विचारधाराको परिवर्तन, राष्ट्रियताको नाममा विदेशीको नक्कल गरेर देश बनाउन भन्दा भ्रष्टचारको भुमरीमा देशलाई फसाएको प्रसङ्ग  देखाएका छन् । **अमरगाथा** महाकाव्य (२०६७) मा कवि पोखरेलले गोरखाको ऐतिहासिक भूमिबाट फैलिएको जनविद्रोह र वर्गीयद्वन्द्व तथा वर्ग सङ्घर्षलाई नजिकैबाट नियालेका छन् । त्यही वर्ग सङ्घर्षको कथा सुत्रलाई टिपेर अमरगाथा महाकाव्यको रचाना गरेका छन् । त्यसैले कवि यस महाकाव्यमा गोरखाको जनजीवन, प्रकृति र समाजको वर्णन गर्दै गोरखाली जनताको कथा र व्यथा प्रस्तुत गरेका छन् । यसरी नेपाली साहित्यको क्षेत्रमा अनवरत रूपमा लागिरहेका व्यक्तित्वको बारेमा अहिले सम्म कुनै खोज तथा अनुसन्धान नभएका कारण यस शोधकार्यमा नारायण प्रसाद पोखरेलको काव्य कृतिको अध्ययन गरिएको छ ।

## १.२ समस्या कथन

नेपाली साहित्यका क्षेत्रमा कलम चलाउँदै आएका नारायण प्रसाद पोखरेलले समसामयिक विषयमा आधारित रहेर फुटकर कविता, गीतसंग्रह,खण्डकाव्य,काव्य र महाकाव्य सम्मका कृतिहरू नेपाली साहित्यलाई दिएका भए पनि यस क्षेत्रमा उनले के कति काव्यहरूको सृजना गरेका छन्? ती काव्य कृतिहरूको विषयवस्तु संरचना के कस्तो छ ?  उनका काव्य कृतिहरूमा के कस्ता काव्यत्तत्वहरू प्रयोग भएका छन्? भन्ने बारेमा विश्लेषणात्मक अध्ययन भएको छैन । यी माथि उल्लेखित प्रसङ्गहरूका बारेमा अध्ययन अनुसन्धान गर्नु प्रस्तुत शोधपत्रको समस्या रहेको छ । यिनलाई बुँदागत रूपमा निम्नानुसार देखाउन सकिन्छ :

क. नारायण प्रसाद पोखरेलको जीवनी व्यक्तित्व र साहित्यिक यात्रा के कस्तो छ ?

ख. नारायण प्रसाद पोखरेलका काव्यकृतिहरू  के कति छन् र तत्वगत दृष्टिले उनका काव्य कृतिहरू  के कस्ता छन् ?

## १.३ शोधको उद्देश्य

नारायण प्रसाद पोखरेलको साहित्यिक व्यक्तित्वको चर्चा गर्दै उनले नेपाली साहित्यमा दिएका योगदान उल्लेख गरी उनका काव्यहरूको पहिचान गर्नु र काव्यका तत्वहरूका आधारमा ती काव्यहरूको व्याख्या र विश्लेषण गरी निष्कर्षमा पुग्नु प्रस्तुत शोधपत्रको उद्देश्य रहेको छ । यसलाई बुँदामा निम्नानुसार देखाउन सकिन्छ :

क. नेपाली साहित्यमा नारायण प्रसाद पोखरेलका साहित्यिक यात्राको चर्चा गर्नु ।

ख. नारायण प्रसाद पोखरेलका उपलब्ध काव्य कृतिको पहिचान गरी काव्यतत्वका आधारमा काव्य कृतिको विश्लेषण गर्दै निष्कर्षमा पुग्नु ।

## १.४ पूर्व कार्यको समीक्षा

नारायण प्रसाद पोखरेलका काव्य कृतिका बारेमा यसभन्दा अगाडि अध्ययन गरिएको पाइन्छ । यहाँ ती अध्ययनलाई कालक्रमिक रूपमा सङ्क्षेपमा समीक्षा गरिएको छ ।

महाकाव्यकार नारायण प्रसाद गौतमले **मर्स्याङ्दी** खण्डकाव्य (२०६३) को भूमिकामा नारायण प्रसाद पोखरेलको काव्यकारिता र कार्यक्षमताको बारेमा चर्चा गरेका छन् ।

घनश्याम ढकालले २०६८ अषाढको साहित्यिक पत्रिका **गण्डकी साहित्य संगम पोखरामा** नारायण प्रसाद पोखरेलका कवित्वको सबलपक्ष र दुर्बल पक्ष केलाएता पनि समग्रमा सबलपक्षको नै सकारात्मक सन्देश दिएका छन् ।

घनश्याम ढकालको सम्पादनमा रहेको कृति **मार्क्सवादी साहित्य** र **जनयुद्धको सौन्दर्य** (२०६६) मा नारायण प्रसाद पोखरेललाई समाजवादी यथार्थवादका आधुनिक युगका एक हस्ती हुन् भनेर टिप्पणी गरेका छन् ।

साहित्यकार मोदनाथ मरहट्टाले चितवनबाट प्रकाशित **चितवन पोष्ट** पत्रिकामा नारायण प्रसाद पोखरेलका **टोपी** कवितासंग्रह (२०६२) को विश्लेषण गरेका छन् । उनले नारायण प्रसाद पोखरेलको 'प्रगतिवादी साहित्य स्तरको गन्तव्य **टोपी** कविता संग्रह हो' भनेका छन् । समाजवादी यथार्थवादमा एउटा द्वन्द्वको पक्ष लिई काव्य रचना गर्नु पर्नेमा तत्कालीन समयको सरकार र माओवादीको द्वन्द्व दुबै पक्षलाई विरोध गरेका छन् । जस्तै "दुई साँढे लडेका छन् एक आपसमा" भन्ने जस्ता कवितात्मक अभिव्यक्ति उनको विचार पक्षको कमजोरी हो भनेर टिप्पणी गरेका छन् ।

रमेश प्रसाद भट्टराइले **अमर गाथा**(२०६७) को भूमिकामा नारायण प्रसाद पोखरेललाई सुन्दर कवित्वका धनी प्रतिभा हुन् जो काठमाडौं बाहिर बसेर पनि निरन्तर साधनारत र चर्चामा आउन नचाहने प्रगतिवादी साहित्यकार भनेका छन् ।

नारायण प्रसाद पोखरेलका कवित्वका बारेमा आजसम्म भएका अध्ययन कतिपय सामान्य परिचयमा सिमित छन् भने, कतिपय कुनै एउटा पक्ष विशेषमा केन्द्रित छन् । यस शोधकार्य पूर्व

नारायण प्रसाद पोखरेलका काव्य कृतिहरूको समग्र रूपमा गहन, सूक्ष्म र व्यापक अध्ययन भएको देखिदैन । यस शोध कार्यमा त्यस अभावको पूर्ति गर्ने प्रयास गरिएको छ ।

## १.५ शोधको औचित्य

काव्य सृजनामा नारायण प्रसाद पोखरेलको महत्वपूर्ण योगदान छ । यस क्षेत्रमा कवि पोखरेलले कविता, खण्डकाव्य र महाकाव्य सम्मका कृतिहरू दिएका भएपनि आजसम्म व्यवस्थित ढंगले अध्ययन हुन सकेको छैन । अतः उनका काव्य कृतिहरूको अनुसन्धान गरी तिनीहरूलाई काव्य सिद्धान्तका आधारमा व्याख्या र विश्लेषण गरी निष्कर्षमा पुग्नु एक औचित्यपूर्ण कार्य हो । यसबाट नारायण प्रसाद पोखरेल प्रगतिवादी काव्य कृतिप्रति चासो राख्ने जो कोही पनि लाभान्वित हुनेकुरामा दुईमत छैन । त्यसैले यो शोधकार्य औचित्यपूर्ण ठहरिएको छ । यस कार्यबाट नेपाली साहित्यको क्षेत्रमा थप योगदान पुऱ्याउन पनि प्रस्तुत शोधपत्र लेखनको अर्को औचित्य रहेको छ ।

यस प्रकार नारायण प्रसाद पोखरेलका काव्यकृतिको अध्ययन शीर्षकका शोध कार्यले यिनका कृतित्वको बारेमा अध्ययन गर्न चाहाने जिज्ञासु पाठकहरूका लागि मार्ग निर्देश हुनेछ, साथै नेपाली अनुसन्धान परम्पराको विकासमा पनि यसले केही थप योगदान दिन सक्छ ।

## १.६ शोधको सीमा

नारायण प्रसाद पोखरेल नेपाली साहित्यका विविध विधामध्ये कविता विधाका प्रखर व्यक्तित्व हुन् । उनले कविता अन्तरगत गीतिकाव्य, खण्डकाव्य, फुटकर कविता र महाकाव्यमा उत्कृष्ट योगदान पुऱ्याएका छन् । यिनै विधा अन्तर्गत उनका काव्य कृतिको विधातात्विक कोणबाट मात्र विश्लेषण गर्नु यस शोध कार्यको सीमा रहेको छ ।

## १.७ शोध विधि

शोध विधि अन्तरगत सामग्री सङ्कलन विधि र शोध विधि छुट्टाछुट्टै राखिएको छ :

### १.७.१ सामग्री संकलन विधि

प्रस्तुत शोध कार्य सम्पन्न गर्नका लागि साहित्यिक क्षेत्रका विभिन्न पुस्तक, पत्रपत्रिका, समालोचन आदिसँग सम्बन्ध राख्नु पर्ने भएकाले पुस्तकालयीय पद्धति अपनाई पुस्तकालयको

प्रयोग गरी सामग्री संकलन गरिएको छ । त्यस बाहेक अन्य शोध सामग्री उपलब्ध गर्नको लागि क्षेत्रीय विधि उपयोग गरिएको छ ।

### १.७.२ सामग्री विश्लेषणको सैद्धान्तिक आधार

सङ्कलित सामग्रीहरूको गहन अध्ययन गरी पूर्वीय काव्यशास्त्रका अलङ्कारवाद, रसवाद, छन्द आदिका आधारमा कविता सम्बन्धी आधारभूत सिद्धान्तलाई प्रमुख आधारका रूपमा लिइएको छ भने, विधातात्विकका साथै वर्णनात्मक र विश्लेषणात्मक पद्धतिको आधारमा लिइएको छ । यस बाहेक नारायण प्रसाद पोखरेलका प्रगतिवादी काव्य सम्बन्धी विशेष जानकारी भएका विद्वानहरू सँग भेट गरी आवश्यक शोधपुछ पनि गरिएको छ ।

## १.८ शोध प्रवन्धको सम्भाव्य रूप रेखा

| | | |
|---|---|---|
| पहिलो परिच्छेद | : | शोधपत्रको परिचय |
| दोस्रो परिच्छेद | : | नारायण प्रसाद पोखरेलको जीवनी र व्यक्तित्व |
| तेस्रो परिच्छेद | : | नारायण प्रसाद पोखरेलका काव्य कृतिहरूको विश्लेषण |
| चौथो परिच्छेद | : | निष्कर्ष |

# दोस्रो परिच्छेद

## नारायण प्रसाद पोखरेलको जीवनी र व्यक्तित्व

### २.१ जीवनी

नारायण प्रसाद पोखरेल आधुनिक नेपाली साहित्यको क्षेत्रमा सशक्त रूपमा कलम चलाउन सफल कवि प्रतिभा हुन् । नेपाली माटोमा जन्मिएर नेपाली भाषा, साहित्य र राष्ट्रप्रेमको भावना प्रस्तुत गर्ने पोखरेल २०५९सालदेखि अनवरत रूपमा काव्य साधनामा लागिरहेका छन् । अत्यन्त विकट ग्रामिण बस्तीमा रहेर पनि नेपाली कविता साहित्यको फाँटलाई रोजेर आफ्ना सुन्दर सृजनाहरूद्वारा यसलाई फराकिलो पारेका छन् । बाल्यकालदेखि नै कविताप्रति रुचि भएको बताउने पोखरेलको जीवनीलाई निम्न बुँदाहरूमा व्याख्या गर्न सकिन्छ ।

### २.१.१ जन्म र बाल्यावस्था

नारायण प्रसाद पोखरेलको जन्म वि. सं. २०२० साल फागुन तीन गते मंगलवारका दिन गण्डकी अञ्चल गोरखा जिल्लामा पर्ने मनकामना गा.वि.स. को वाड नं.६ बनौती भन्ने गाउँमा भएको थियो (शोध नायकबाट प्राप्त जानकारी) । उनी पिता पदमविलास पोखरेल र माता हेमकुमारी पोखरेलको तेस्रो सन्तानका रूपमा जन्मिएका हुन् । उनका ६ जना दाजु भाइ र तीन जना बहिनीहरू छन् । आफू सानै हुँदा बाबा आमाको मृत्यु भएकाले हजुरआमाको स्याहार सुसारमा हुर्केका पोखरेलको नौ वर्षको उमेरमा डुङ्गा चढी देवघाटमा गएर ब्रतवन्ध गरेको बताउँछन् (शोध नायकबाट प्राप्त जानकारी) । पोखरेलका ब्रतवन्ध पछिका दिनहरू सामान्य ढंगबाट बितेको देखिन्छ । मध्ययम वर्गीय परिवारमा जन्मिएका हुनाले उनको परिवार कृषि पेसामा आधारित थियो । त्यसैले साँझ बिहान घाँस काट्ने, खेतीपातीको काम गर्ने, बिदाको दिन गाई बाख्रा चराउन जाने गर्थे । विद्यालय समयमा भने विद्यालयमा गएर अध्ययनलाई पनि निरन्तरता दिई रहन्थे । फुर्सदको समयमा भने कविताहरू रचना गरेर गाउँघरमा चाडपर्व र बेलाबेलामा आयोजना हुने सानातिना कार्यक्रमहरूमा सुनाएको बताउँछन् । तर ती कविताहरू सङ्कलन नभएकाले अहिले प्राप्त छैनन् । यसै समयमा उनका बाबु आमा दुबैलाई दैवले चुडेर लगेपछि कवि पोखरेल टुहुरो बनेको दुःखद प्रसङ्ग सुनाउँछन् । बाबु आमाको मृत्यु पछि दाजुको अभिभावकत्वमा हुर्केका पोखरेल अझ बढी कडा परिश्रम गरेको र दुःखदायी जीवन बितेको

बताउँछन् । अतः त्यस अवस्थामा आफ्नो जीवनको पीडा, शोक, अभाव र दुःखदायी क्षण भएको कुरा उनी बताउँछन् ।

### २.१.२ शिक्षा दीक्षा

नारायण प्रसाद पोखरेलको शिक्षा आरम्भ आफ्नै घर नजिकैको बनौती प्रा. वि. बाट भयो । उनले त्यस विद्यालयबाट प्राथमिक तह उत्तीर्ण गरे माध्यामिक तहको अध्ययनका सिलसिलामा उनी ६ महिना अमरज्योति मा. वि.लुईटेलमा पुगे । घरदेखि टाढा पर्ने भएकाले त्यस विद्यालयमा उनले अध्ययन सुचारु गर्न सकेनन् । पोखरेलको कक्षा आठ र नौ को पढाई रामशाह मा.वि. आवुखैरेनीमा भयो भने, दस कक्षाको अध्ययनका लागि उनी भानु मा. वि.बन्दिपुरमा पुगे । २०३८ सालमा भानु मा. वि. वन्दिपुरबाट प्रवेशिका उत्तीर्ण गरेका पोखरेल २०३९ साल माघ १३ गते देखि नै शिक्षण पेसामा प्रवेश गरे । शिक्षण पेसासँगै कृषि कार्यमा संलग्न पोखरेल पारिवारिक व्यस्तताका कारण उच्च शिक्षा हाँसिल गर्न नसकेको कुरा बताउँछन् (शोध नायकबाट प्राप्त जानकारी) ।

### २.१.३ विवाह र पारिवारिक जीवन

नारायण प्रसाद पोखरेलको विवाह २०४२ साल फागुन २९ गते तनहुँ जिल्लाको बन्दिपुर गा.वि.स. वाड नं.२ मा मार्कण्ड पौडेलकी छोरी शोभा पौडेलसँग परम्परागत रीतिरिवाज अनुसार मागी विवाह भएको थियो । उनका २ सन्तान छन् । छोरा विदुर पोखरेल र विलोचन पोखरेल ।

प्राथमिक शिक्षा मात्र हाँसिल गरेकी उनकी जीवन संगीनी शैक्षिक योग्यताका हिसाबले साक्षर भएपनि साहित्यमा अनुरागी भएकीले आफूले साहित्य सृजनामा उनीबाट राम्रो सहयोग पाएको कुरा कवि पोखरेल बताउँछन् । कविको सुख दुःखमा निरन्तर साथ दिएकी शोभालाई सफल गृहिणी तथा आत्मीय जीवन संगीनीका रूपमा पाएकोमा उनी गर्व गर्छन् ।

उनका जेष्ठ पुत्र विदुर स्नातक दोस्रो वर्षमा अध्ययनरत रहेका र कान्छा विलोचन रामपुर कृषि क्याम्पसमा वी.एस.सी.एजी. पढदै गरेका छन् । यसरी सानो र सुखी परिवार आपसमा मेल र सद्भाव कायम गरी जीवन व्यतित भइरहेकोले कवि नारायण प्रसाद पोखरेलको पारिवारिक जीवन सुखद रहेको कुरा कवि स्वयम् बताउँछन् ।

### २.१.४ साहित्यिक प्रेरणा र प्रभाव

नारायण प्रसाद पोखरेल प्रतिभाशाली व्यक्तित्व हुन् । उनी सानै उमेरदेखि कविता सुन्न रुचि राख्थे । कविता पढ्न वा सुन्न पाउँदा उनी अत्यन्त खुशी हुन्थे । 'नाच्ने मानिसहरू बाजाको आवाज सुन्नासाथ खुट्टा हल्लाउँछन्' भने जस्तै उनी कविता वाचन गरेको सुन्नासाथ नै लोभिन पुगेको कुरा बताउँछन् । मुख्यतः उनी आफ्नो हजुरआमाको प्रेरणाबाट कविता क्षेत्रमा लागेका कुरा बताउँछन् । रामायण सुन्न लालियत हजुरआमाले मिठा-मिठा खानेकुरा बनाइ दिएर कविता वाचन गर्न लगाएकाले दुई कक्षामा पढ्दा नै रामायणका श्लोकहरू वाचन गरी सुनाएको कुरा उनी स्मरण गर्छन् । यस्तै गरी भानुभक्त आचार्य, लक्ष्मीप्रसाद देवकोटाले नेपाली साहित्यमा दिएका साहित्यिक योगदानबाट प्रभावित भएर कविता लेखेपछि ठूलो मान्छे बन्न सकिदो रहेछ भन्ने प्रेरणा पोखरेललाई मिलेको बताउँछन् । उनी आफू हुर्किएको वातावरणमा आफ्ना कविता सुर्धानका निम्ति उचित सल्लाह र प्रेरणा दिने मान्छे नभेटिएको यदाकदा कोरिएका कविता त्यसै मिल्किएको गुनासो कवि पोखरेल गर्छन् ।

पछिल्ला दिनहरूमा शिक्षक तालिमको लागि गोरखा क्याम्पस गोरखामा पुगेका समयमा त्यहाँ उनको जिल्लाभरीका शिक्षकहरूसँग भेट भयो । त्यसै समयमा सरस्वती मा.वि. आहालेबाट अभ्यास शिक्षण गरेर फर्कदा आ-आफ्नो अनुभव सुनाउने क्रममा उनले कविताकै शैलीमा लेखेका अनुभवहरू सुनाए । यसबाट प्रशिक्षक-प्रशिक्षार्थी गुरुहरू प्रभावित भए । त्यसपछि तालिममा भएका कुराहरू कविताकै शैलीमा लेख्दै जाँदा एउटा सानो पुस्तिका तयार भयो । उनले त्यस पुस्तिकाको नाम **तालिमको सिलसिलामा** (२०६०) राखे । विशेषतः दुर्गा ढकाल, विश्वनाथ अधिकारी लगायतका गुरुहरूको सक्रियतामा उक्त पुस्तिकाको विमोचन सम्पन्न भयो । त्यसैबेला प्रशिक्षक-प्रशिक्षार्थी गुरुहरूले उनलाई 'कवि सर' को संज्ञा दिएर फूल माला र अबिरले सम्मान गरे । यो नै उनको कविता यात्राको वीजभूमी सावित भएको प्रसङ्ग कवि पोखरेलले बताउँछन् । त्यसैको फलस्वरूप काव्य फाँटमा अगाडि बढ्ने प्रेरणा उनले पाए । छन्दको सान्है ज्ञान नभएका पोखरेललाई लेखक नारायण प्रसाद गौतमले कमी कमजारी औंल्याई राय सुझाव दिए । उनको प्रेरणा पाएर नारायण प्रसाद पोखरेल छन्दोवद्ध कवि बन्न पुगे (शोध नायकबाट प्राप्त जानकारी) ।

### २.१.५ लेखनको प्रारम्भ र विकास

नारायण प्रसाद पोखरेलले साहित्य लेखनको प्रारम्भ सानै उमेरदेखि गरे । उनका प्रारम्भिक कृतिहरू  अप्रकाशित देखिन्छन् । ती कृतिहरू फुटकर कविता र लघु कवितामा सिमित रहेको पाइन्छ । २०५९ सालमा प्रकाशित **तीजको गीत** (गीति सङ्ग्रह) बाट उनी साहित्यिक क्षेत्रमा चर्चामा आएका देखिन्छन् । **तीजको गीत** गीति सङ्ग्रहमा उनले एकातिर नेपाली नारीहरूले भोग्नु परेका पीडा र बेदनालाई खोतलेका छन् भने, अर्कातिर नेपाली चेलीहरूले आफ्नो संस्कृति विर्सेर पश्चिमा छाडा संस्कृति तिर लाग्न खोजेका हुन की ? भनेर उनीहरूलाई सजग बनाउन खोजेका छन् । पोखरेलको अर्को प्रकाशित कृति **तालिमको सिलसिलामा** (कविता(२०६०) हो । यसमा शिक्षकहरूको तालिमको सिलसिलामा गोरखा क्याम्पस गोरखामा जाँदा भोग्नु परेका समस्याहरूको चित्रण गरेका छन् । त्यस्तै २०६२ सालमा **टोपी** कविता संग्रह प्रकाशित गरेका छन् । त्यसमा कविले सामाजिक, राजनीतिक र आर्थिक विसङ्गत पक्षको तिब्र आक्रोश र मन्द व्यङ्ग्य गरेका छन् (उपाध्याय, २०६२ :४) । मर्स्याङदी नदीलाई बालसखाका रूपमा स्वीकारेका पोखरेलले **मर्स्याङदी** (२०६३) शीर्षकमा खण्डकाव्यको रचना गरेका छन् । यसमा मर्स्याङदीको भेलसँगै देशको अस्तित्व बहेको प्रसङ्ग उल्लेख गरेका छन् । त्यस्तै **प्रतिबिम्ब** (२०६५) काव्यमा पोखरेलले देशलाई माया गर्दै राष्ट्रभक्ति र देश प्रेमको गाथा गाएका छन् । जनतालाई माया गर्दै जीवन प्रेमको यथार्थ चित्रण गरेका छन् (ज्ञवाली, २०६५ :४) । **अमरगाथा** (२०६७) मा माओवादीद्वारा संचालित १० वर्षे जनयुद्धका नायक मध्येका एक सुरेश वाग्लेको जीवन गाथालाई समेटीएको छ । यसमा जनताको कथा र व्यथाको यथार्थ प्रस्तुती गरेका छन् । पोखरेलका कवितामा ओज छ । वाणीमा गौरव छ । शैलीमा मधुरता छ । गौरवलाई उच्च बनाउने काम उनले गरिरहेका छन् । **तीजको गीत** गीति सङग्रहबाट साहित्य सृजनामा लागि परेका पोखरेलका फुटकर कविता, खण्डकाव्य, काव्य र महाकाव्य सम्मका काव्य यात्रामा देखा परेका छन् ।

### २.१.६ पुरस्कार र सम्मान

शिक्षक पेसामा निरन्तर लागिरहेका नारायण प्रसाद पोखरेलले प्रायः कविता विधामा नै योगदान पुऱ्याएका छन् । अबका दिनहरूमा पनि उनले आफ्नो फुर्सदको समय साहित्य सृजनामा लगाउने विचार प्रस्तुत गर्छन् । उनले यति धेरै नेपाली साहित्यको सेवा गरेता पनि राष्ट्रिय

स्तरका कुनै उल्लेखनीय पुरस्कार पाप्त गरेका देखिदैन । फुटकर कविता लेखन र वाचनमा भने उनले विभिन्न ठाउँमा प्रथम र द्वितीय पुरस्कार प्राप्त गरेका छन् । जुन यसप्रकार रहेका छन् :

- गोरखा क्याम्पस गोरखाद्धारा शिक्षा दिवसको उपलक्षमा आयोजित कविता प्रतियोगिता (२०५९) मा उत्कृष्ट भई प्रथम ।
- साहित्य सङ्गम, गोरखाद्वारा भानुजयन्तिका उपलक्ष(२०६०) मा आयोजित जिल्ला स्तरीय खुल्ला कविता प्रतियोगितामा प्रथम ।
- हरफ साहित्यिक अभियानद्वारा २०६०/६/२४ मा आयोजित अञ्चल स्तरीय खुल्ला कविता प्रतियोगितामा प्रथम ।
- वाल्मीकि साहित्य सदन चितवनद्वारा आयोजित खुल्ला छन्दोवद्ध कविता प्रतियोगितामा द्वितीय ।
- भानु जन्मस्थल विकास समितिद्वारा भानु जयन्तीको अवसर (२०६२) मा आयोजित कविता प्रतियोगितामा प्रथम ।
- भानु जन्मस्थल विकास समितिको आयोजनामा २०६२/८/२५ मा तनहुँको सदरमुकाम दमौलीमा सम्पन्न गण्डकी बृहत कविता प्रतियोगितामा द्वितीय ।
- गोरखा महोत्सव २०६२ मा आयोजित कविता प्रतियोगितामा  प्रथम ।
- **प्रतिबिम्ब** काव्य (२०६५) लाई उत्कृष्ट मानेर हरि सांस्कृतिक मञ्च गोरखाले नगद रु. १२ हजार र प्रमाणपत्र दिने घोषणा गरेको थियो, तर त्यो पुरस्कार आफूले नलिएको कुरा उनी बताउँछन् ।

## २.२ व्यक्तित्व

कवि नारायण प्रसाद पोखरेल बहु आयामिक व्यक्तित्वका धनी छन् । उनको व्यक्तित्वलाई निम्न आधारमा विवेचना गरिएको छ :

### २.२.१ शारीरिक व्यक्तित्व

नारायण प्रसाद पोखरेलको शारीरिक व्यक्तित्वको बारेमा भन्नु पर्दा उनको उचाई  पाँच फिट छ इन्च, शरीर मझौला, गोरो वर्ण, पुष्ट जीउडाल,गम्भीर अनुहारका देखिन्छन् । प्रायःछोटो

कपाल शिरमा सक्कली ढाकाको टोपी लगाउने पोखरेल सधैंजसो दाह्री काटेर सफाचट भएर हिड्छन् । उनको बाह्य व्यक्तित्व निकै गम्भीर देखिन्छ । उनी प्रायः खैरो कमिज कालो पाइन्ट कालो जुत्तामा देखिन्छन् । बाहिर हिड्डुल गर्नु भन्दा आफ्नै कोठाभित्र बसेर लेख्न मन पराउने र अनावश्यक गफ गरेर समय बर्बाद नगर्ने उनको बानी असाध्यै राम्रो छ । बोलीचालीमा मिलनसार र मृदुभाषी पोखरेल झर्रो नेपालीमा ठट्यौलो कुरा गर्न पनि खप्पिस छन् । टेलिभिजन अत्यन्त कम हेर्ने तर रेडियो चाहिँ पढ्दा वा लेख्दा सधै सुनिरहने बानी भएको कुरा उनी बताउँछन् । (शोध नायकबाट प्राप्त जानकारी)

### २.२.२ समाज सेवी व्यक्तित्व

नारायण प्रसाद पोखरेल समाजसेवी व्यक्तित्व हुन् । गाँउघरका सामाजिक कार्यहरू जस्तै खोलामा पुल बनाउने, बाटोघाटो निर्माण गर्ने एवम् सरसफाई कार्यको बेलामा नेतृत्व लिने गर्छन् । त्यस्तै दु:खमा परेका मानिसलाई आफ्नो वर्गतले भेटेसम्म हृदय देखि नै सेवा गर्ने आफ्नो बानी भएको कुरा उनी बताउँछन् । नारायण प्रसाद पोखरेलले २०वर्षको उमेरदेखि नै निरन्तर शिक्षण पेसा गरेर समाज सेवीको अर्को परिचय दिइरहेका छन् । उनले पनौती प्राथमिक विद्यालयको भवन निर्माण गर्दा आठ महिनाको तलव विद्यालयलाई सहयोग गरेका कुरा बताउँछन् । त्यस्तै आमा हेम कुमारी पोखरेलको स्मृतिमा बनौती वाड नं.६ मा खानेपानीको कुवा निर्माण गरेका छन् । पोखरेलले सृजना गरेका रचनाहरू प्रकाशित भइसकेका छन् । आफ्नै पसिनाको कमाइबाट छपाएका ती पुस्तकहरू बिक्री वितरणमा भन्दा साथीहरू तथा पुस्तकालयलाई बाँडेको कुरा उनी वताउँछन । यसरी आफ्नो जीवनको सम्पूर्ण प्रयास समाजप्रति नै खर्चेर समाजसेबी व्यक्तित्वका रूपमा स्थापित भएका देखिन्छन् । (विद्यालयका प्र.अ. बाट प्राप्त जानकारी)

### २.२.३ राजनीतिक व्यक्तित्व

नारायण प्रसाद पोखरेलको राजनीतिक व्यक्तित्वलाई प्रकाश पार्ने कुनै शुद्ध लेखहरू पाइदैन । उनका साहित्यिक लेखहरूमा परेको प्रभावबाट उनी वामपन्थी विचारमा आस्था राख्ने व्यक्तिका रूपमा चिनिन्छन् । उनका कृतिहरूमा मार्क्सवादी सौन्दर्य शास्त्रको प्रभाव देखिन्छ । कवि पोखरेल जीवन निर्वाहका लागि शिक्षक पेसामा लागिरहेका छन् । उनी आफ्नो पेसाप्रति गर्व गर्दछन् । स्वार्थका लागि कहिल्यै चाकडी र चाप्लुसी नगर्ने बताउँछन् । भविष्यमा पनि सहित्यिक

लेखन र सामाज सेवामा आफूलाई समर्पित गर्ने विचार कविले व्यक्त गरेका छन् सक्रिय राजनितिमा भने, खासै उनको चासो नरहेको बताउँछन् (शोध नायकबाट प्राप्त जानकारी) ।

### २.२.४ शिक्षक व्यक्तित्व

नारायण प्रसाद पोखरेल एक कुशल शिक्षक हुन् । उनले धेरै विद्यार्थीहरूलाई शिक्षा दिएका छन् । २० वर्षको कलिलो उमेरमा नै शिक्षक बनेका पोखरेल हालसम्म निरन्तर रूपमा शिक्षण पेसामा लागिरहेका छन् । करिब ३ दशक लामो शिक्षण यात्रा पूरा गरेका पोखरेल अझै पनि आँफुले निरन्तर यही पेसामा लाग्ने प्रण गर्दछन् । उनी आफ्नो पेसाप्रति गर्व गर्दछन् र वफादारी छन् तर फूर्सदको समयमा साहित्य सृजना गर्ने र विश्राम नलिने कुरा बताउँछन । उनले २०२९ माघ १३ देखि २०४२ पौषसम्म श्री गंगा धर्म नि.मा. वि.दार्सिङ सिलिङमा नेपाली विषयको अध्यापन गरे त्यसपछि २०४२/१० देखि हालसम्म श्री बनौती प्रा. वि. मनकामना डाँडा गाउँ गोरखामाकार्यरत छन् । समाजमा एउटा कुशल शिक्षकको रूपमा चिनिएर आफ्नो शिक्षण कार्यलाई सन्तोषजनक रूपमा अगाडि बढाइरहनु उनको शिक्षक व्यक्तित्वको विशेषता देखिन्छ ।

### २.२.५ साहित्यिक व्यक्तित्व

नारायण प्रसाद पोखरेल २०५९सालमा प्रकाशित **तीजको गीत** गीति सङ्ग्रहबाट नेपाली साहित्यको फाँटमा देखा परे । उनी साहित्यमा प्रवेश गर्नुको मुख्यकारण आफ्नै जीवनको सुख दुःखको अनुभवले हो भन्छन् । पोखरेलको **तीजको गीत**बाट शुरु भएको साहित्य यात्रा कविता, काव्य, खण्डकाव्य हुँदै महाकाव्य सम्म पुगेको छ । त्यसैले उनलाई कवि व्यक्तित्वका रूपमा चिनिन्छ (शोध नायककाट प्राप्त जानकारी) ।

### २.२.६ गीतकार व्यक्तित्व

नारायण प्रसाद पोखरेल गीतकार व्यक्तित्वका रूपमा पनि चिनिन्छन् । उनी **तीजको गीत** (२०५९) गीति सङ्ग्रह प्रकाशित गरेर साहित्यको फाँटमा प्रवेश गरेका हुन् । उनको यस गीति सङ्ग्रहमा दशवटा गीतहरू सङ्ग्रहित छन् । ती मध्ये **टुहुरीको व्यथा**, **सौतेनी श्रीमान, बुहारीको पिर, सासुको बेदना** जस्ता गीतहरूमा नेपाली महिलाहरूले भोग्नु परेका पिर व्यथाहरू व्यक्त भएका छन् । कविले नारीभएर नारीको वेदना बुझ्न नसकेकोमा दुःख मानेका छन् । त्यस्तै पोखरेलका यस कृतिमा सङ्ग्रहित अन्य गीतहरू जस्तैः **साइनो नफेरौ, फेशन चिनारी, दाइजो**

**रोग**, जस्ता गीतहरूमा नेपाली युवाहरूले आफ्नो संस्कृति छाडेर पाश्चात्य संस्कृतितिर आकर्षित हुन लागेका हुन् कि भनेर सचेत गराउन खोजेका छन् । त्यस्तै **शुभकामना**, **शान्तिको कामना** जस्ता गीतहरूमा देशले शान्ति चाहेको कुरा बताएका छन् । यसरी विभिन्न विषय वस्तुलाई गीतको माध्यमबाट प्रस्तुत गरेका पोखरेललाई गीतकार व्यक्तित्वका रूपमा चिनिन्छ ।

### २.२.७ कवि व्यक्तित्व

नारायण प्रसाद पोखरेल साहित्यिक रचना मार्फत समाजलाई प्रगतिशिल विचार बाट अभिप्रेरित गराउन सक्रिय देखिन्छन् । ४७ वर्षको उमेरमा **अमर गाथा** महाकाव्य लेख्न पुगेका पोखरेलले काव्य विधामा **प्रतिबिम्ब** काव्य, **टोपी** कविता सङ्ग्रह, **तालिमको सिलसिलामा** जस्ता काव्य कृतिहरू लेखेका छन् । त्यस्तै उनले **मर्स्याङ्दी** खण्डकाव्यको  रचना गरेका छन् । यसरी पोखरेललाई चिनाउने पुस्तककार, कृति, **तीजको गीत**,गीति सङ्ग्रह देखि लिएर **अमरगाथा** सम्मका काव्य कृतिहरू हुन् । कविताको लघु रूपदेखि लिएर वृहत रूपसम्म पद्यात्मक कृति रचना गरेर उनी प्रखर साहित्यिक कवि व्यक्तित्वका रूपमा चिनिएका छन् । कविता विधामा सर्वाधिक ख्याति कमाएका पोखरेलका कवितामा सरलता, कथ्य भाषाको प्रयोग, लयवद्धता, छन्दोवद्धता, साङ्गीतिक उच्चता, परिष्कृत र स्वभाविक शब्द संयोजन पाइन्छ । उनका कृतिमा निम्न-मध्यम वर्गीय पात्रहरूको प्रयोग मार्फत सामाजिक विकृति, विसङ्गति, अन्याय, अत्याचार शोषण र उत्पीडनप्रति ब्यङ्ग्य गर्दै प्रगतिशिल विचार  अभिव्यक्त भएको पाइन्छ ।

## २.३. नारायण प्रसाद पोखरेलका साहित्यिक यात्रा

कवि नारायण प्रसाद पोखरेल नेपाली साहित्यमा उदाएका नव प्रतिभा हुन् । समाजको विकृति, वेथितिप्रति आक्रोश पोख्दै साहित्य सृजनामा लागेका पोखरेल माओवादी जनयुद्धको रापमा पिल्सिएपछि क्रान्तिकारी र विद्रोही कविका रूपमा देखा परेका छन् । कवि पोखरेलको काव्य यात्रालाई दुई चरणमा विभाजन गर्न सकिन्छ :

१ पहिलो चरण-प्रारम्भ देखि २०६४ सम्म

२ दोस्रो चरण -२०६५ देखि हालसम्म

### २.३.१ पहिलो चरण (प्रारम्भ देखि -२०६४ सम्म)

कवि पोखरेलको साहित्य सृजनाको यात्रारम्भ २०५९ सालदेखि शुरु भएको देखिन्छ । **तीजको गीत** गीति सङ्ग्रह र **तालिमको सिलसिलामा** उनको प्रारम्भिक चरणमा देखा परेका कृति हुन् । कवि पोखरेलका प्रथम चरणका सर्वाधिक कविताहरूमा रूप र सारमा कविता जस्ता देखिए पनि काव्यगत स्तरीयता भने पाइदैन (मरहाट्टा, २०६२ : २) ।

**तीजको गीत**मा प्रगतिशील विचार  र भाव व्यक्त भई समस्याको उठान गरिए पनि यसका समाधानका उपाएहरू उल्लेख छैनन् । त्यस्तै **तालिमको सिलसिला**मा कवितामा कविले आफूले भोग्नु परेका समस्यालाई कविताको माध्यमबाट प्रस्तुत गरे पनि तिनमा खासै स्तरीयता र सुस्पष्ट दुष्टिकोणको अभाव छ । यस चरणमा कविले फुटकर कविताहरूको रचना गरेका छन् तर अप्रकाशित नै छन् । त्यसैले प्रथम चरणको पूर्वाद्धमा कवि भरखर साहित्यिक यात्रामा वामे सर्न लागेका जस्ता देखिन्छन् ।

प्रथम चरणको उत्तरार्धतिर कवि पोखरेलमा परिपक्वता आएको पाइन्छ । **टोपी** कविता सङग्रह २०६२, **मर्स्याङ्दी** खण्डकाव्य २०६३ यस कालका उनका प्रकाशित कृति हुन् । यी कृति मार्फत कविले आफूलाई प्रगतिशील कविका रूपमा परिचित गराएका छन् । उनका यी कृतिहरूमा तत्कालीन अवस्थामा देशमा भएको राजनैतिक परिवर्तनको प्रभाव देखिन्छ । यस चरणका प्रमुख कृतिहरू **टोपी** कविता सङ्ग्रह र **मर्स्याङ्दी** खण्डकाव्य हुन् । माओवादी द्वन्द्वलाई प्रमुख विषयवस्तु बनाएर लेखिएको **टोपी** कविता सङ्ग्रहमा माओवादी विद्रोह र सरकारी दमन दुबै पक्षको विरुद्धमा कलम चलाएका छन् । **टोपी**लाई कविले राष्ट्रियताको प्रतिकका रूपमा प्रस्तुत गर्दै शान्तिको कामना गरेका छन् ।

**मर्स्याङ्दी** खण्डकाव्य कविको अर्को उत्कृष्ट काव्य कृति हो । यसमा उनले जन आन्दोलनको प्रसङ्गलाई देखाएका छन् । **मर्स्याङ्दी**को भेलसँग जनआन्दोलनको तुलना गरेका छन् । यस काव्यमा कविले प्रकृतिलाई मानवीकरण गरी प्रस्तुत गरेका छन् । यसरी प्रथम चरणको उत्तरार्धतिर अर्थात **टोपी** सम्म आइपुग्दा कवितामा भाव र कला पक्षको विकास कविमा भैसकेको पाइन्छ भने, विचार  पक्षमा अझै अलमल्लिरहेका छन् । स्पष्ट विचार  व्यक्त गर्न नसकेको स्थिति देखिन्छ (मरहट्टा, २०६३  :४) । उदाहरणका लागि “दुई साँढे एक आपसमा जुधेका छन्” भनेर

उनले सरकार र द्वन्द्वरत पक्ष दुबैको विरोध गरेका छन् तर **टोपी**मा कवि सकारात्मक पक्ष चाहि राष्ट्रियताप्रति प्रतिष्ठावान देखिन्छन् ।

**मर्स्याङ्दी**मा आइपुग्दा कविको शिल्प, शैली अझै खारिएको र माझिएको छ । प्रकृतिलाई मानवीकरण गरी प्रस्तुत गरिएको यस काव्यमा **मर्स्याङ्दी**लाई बालसखाका रूपमा देखाएका छन् । यसमा संसारकै सबैभन्दा अग्लो स्थनमा रहेको तिलिचो तालदेखि प्रारम्भ भएर प्रसिद्व पुण्यधाम त्रिवेणीसम्मको वर्णनमा पुगेर अन्त्य गरिएको छ । **मर्स्याङ्दी**को भेलसंगै मानवीय अस्तित्व बगिरहेको प्रसङ्ग ल्याएर कविले मानवेत्तर प्रकृतिलाई मुख्य चरित्र बनाई भाषिक, शिल्प, लय, चेतना र भावगत गहनता प्रस्तुत गरेका छन् । यहाँसम्म आइपुग्दा कवि उत्कर्षातातर्फ उन्मुख भएका छन् (गौतम, २०६३ :ग) ।

यसरी प्रथम चरणको उत्तरार्धतिर कवि नारायण प्रसाद पोखरेलले आफूलाई स्पष्ट प्रगतिवादी साहित्यकारका रूपमा स्थापित गरेका छन् । कवि रोमान्टिक भावधारामा क्रान्तिकारी र प्रगतिवादी कविका रूपमा चिनिएका छन् ।

### २.३.२ **दोस्रो चरण (२०६५देखि हालसम्म)**

कवि नारायण प्रसाद पोखरेलको साहित्यिक यात्राको दोस्रो चरण २०६५ देखि शुरु भएको देखिन्छ । यस चरणका मुख्य कृतिहरू **प्रतिबिम्ब** काव्य(२०६५) र **अमरगाथा** महाकाव्य (२०६७) हुन् ।

प्रतिबिम्बसम्म आइपुग्दा कवि पोखरेलका कविताहरूमा भावगत सघनता, कलापक्षमा प्रवल, भाषिक पक्षमा मिठास झल्किएको पाइन्छ भने, विचार पक्ष अझै कमजोर नै रहेको छ । यस काव्य मार्फत कविले समाजका सामाजिक विकृति, वेथिति, विसङ्गति र कुरीतिप्रति व्यङ्ग्य गर्नुका साथै कर्मचारीहरूको घुस्याहा प्रवृति र भ्रष्टचारी माथि काव्यिक प्रहार गरेका छन् । उनले यस काव्य मार्फत देश द्रोही, असमान सन्धि सम्झौता गर्ने जनतामारा नेताहरू, घुस्याहा र कालो धन्दामा लाग्ने कर्मचारीहरू, दुर्व्यसनी र विकृति भित्रयाउनेहरू सबैको भण्डाफोर गरेका छन् । यस काव्य कृतिमा कविले आफूलाई सशक्त ढंगले प्रगतिवादी कविका रूपमा चिनाएका छन् ।

यस कालको उत्कृष्ट कृति **अमरगाथा** महाकाव्य (२०६७) हो । कवि पोखरेल **अमरगाथा** महाकाव्यसम्म आइपुग्दा कलापक्षको विकास, भावपक्षमा प्रवल र विचार पक्षमा पनि सशक्त

देखिन्छन् । कवि पोखरेल समाजवादी यथार्थवादका आधुनिक युगका एक हस्ती हुन् (ढकाल,२०६६ :७५) । **अमरगाथा** महाकाव्यमा कविले ने.क.पा. माओवादीले संचालन गरेको १० वर्षे जनयुद्ध र यस युद्धमा ज्यान गुमाउने नेपाल आमाका होनहार सपुतका प्रतिनीधि पात्रका रूपमा जनयुद्धका नायक सुरेश वाग्ले(क.बासु) को साहदत र उनकै जीवन गाथालाई मुख्य विषय बनाएर महाकाव्यको रचना गरेका छन् । यहाँसम्म आइपुग्दा कवि पोखरेलले आफूलाई सफल प्रगतिवादी क्रान्तिकारी विद्रोही कविका रूपमा प्रस्तुत गरेका छन् । **अमरगाथा** महाकाव्य मार्फत आफ्नो स्पष्ट विचार, भाव र चिन्तन प्रस्तुत गर्दै कविले आफूलाई सामाजिक यथार्थवादी विचारका प्रगतिशील कविकारूपमा चिनाएका छन् । आज पनि निरन्तर काव्य साधनामा लागिरहेका कविको सृजना-प्रतिभा भोलिका दिनमा पनि स्पष्ट विचार र दर्शनका आधारमा अगाडि बढाउने हिम्मत र साहास बढेको कुरा बताउँछन् । उनका पछिल्ला दिनहरूमा प्रकाशोन्मुख कृतिहरूले पनि यिनै विचार र व्यवहारलाई पुष्टि गरेको अनुमान गर्न सकिन्छ ।

### २.३.३ निष्कर्ष

गोरखा जिल्लाको एउटा विकट गाउँ बनौतीमा जन्मी हुर्किएका कवि पोखरेल अत्यन्तै मृदुभाषी छन् । सादा जीवन र उच्च विचारका धनी कवि पोखरेल निम्न मध्यम परिवारमा जन्मिएका कवि हुन् । उनी बाहिर जति नरम र सरल स्वभावका देखिन्छन्, सामाजिक विसङ्गति र विकृति विरूद्ध त्यति नै कडा र खरो रूपमा प्रस्तुत भएका छन् । विविध पारिवारिक समस्या र अभावका कारण आफ्नो औपचारिक शिक्षालाई प्रवेशिकासम्म मात्र सिमित राखे पनि ज्ञानको क्षितिजलाई भने उनले निकै फराकिलो पारेका छन् । स्पष्ट वर्गीय चिन्तन, साहसी र धैर्यताका धनी कवि पोखरेल इमान्दारीतामा असाध्यै दृढ छन् । अत्यन्तै सरल मिजासका कवि पोखरेललाई कहिल्यै धन र मानको लोभ भएन । उनी पेसाका हिसाबले शिक्षक हुन् । २०३९ सालदेखि नै निरन्तर रूपमा शिक्षण कार्यमा लागिरहेका छन् भने समाजसेवी व्यक्तित्वका रूपमा पनि उनी गाउँघरमा परिचित छन् । गाउँका सामाजिक संघ संस्थामा आवद्व रहेर कवि पोखरेलले सक्रिय भूमिका निर्वाह गरेका छन् । यसका अतिरिक्त निम्न मध्यम वर्गीय परिवारमा जन्मिएका कवि मध्यम वर्गीय चरित्र अनुरूप जागीरबाट बचेको बिहान बेलुका र फुर्सदको समयमा कृषिकार्यमा पनि तल्लीन रहन्छन् । तैपनि समय निकालेर साहित्य साधनामा जुटिरहेकै छन् । कविले

साहित्यमा आफूलाई प्रगतिशील, क्रान्तिकारी र विद्रोही कविका रूपमा चिनाएका छन् । कवि पोखरेलको झुकाव मार्क्सवादी सौन्दर्यशास्त्र र तदनुसारको विचारतर्फ देखिन्छ । बहुआयमिक व्यक्तित्वका धनी कवि पोखरेल आगामी दिनहरूमा पनि आफ्नो समय अझ बढी साहित्य साधनामा खर्चने प्रण गर्दछन् ।

## तेस्रो परिच्छेद

# नारायण प्रसाद पोखरेलका काव्य कृतिको विश्लेषण

### ३.१ विषय परिचय

कवि नारायण प्रसाद पोखरेलले २०५९ सालमा **तीजको गीत** गीति सङ्ग्रह प्रकाशन गरी आफ्नो साहित्य यात्रा आरम्भ गरेका हुन् । समयको कालखण्डसँगै कवि पोखरेल आफ्ना कृतिहरूले आज आफूलाई एक सशक्त प्रगतिशील साहित्यकारका रूपमा उभ्याएका छन् । कवि पोखरेललाई यस चरणसम्म ल्याई पुऱ्याउने उनका निम्न लिखित कृतिहरूको काव्यगत प्रवृत्तिलाई क्रमिक रूपमा यहाँ विश्लेषण गरिएको छ :

(क) तीजको गीत (गीति सङ्ग्रह-२०५९)

(ख) तालिमको सिलसिलामा (कविता-२०६०)

(ग) टोपी (कविता सङग्रह-२०६२)

(घ) मर्स्याङ्दी (खण्डकाव्य-२०६२)

(ङ) प्रतिबिम्ब (काव्य-२०६५)

(च) अमरगाथा (महाकाव्य-२०६७)

### ३.२ तीजको गीत गीतिसङ्ग्रहको विश्लेषण

कवि नारायण प्रसाद पोखरेलको **तीजको गीत** उनको साहित्यिक यात्राको पहिलो पाइला हो । यो कृति एउटा गीति काव्य कृति हो । हिन्दू नारीहरूले पर्वका रूपमा मनाउँदै आएका यस

चाडका अवसरमा कविले समाजमा भएका विकृति, विसङ्गतिलाई विषय वस्तु बनाएर त्यसमा सुधारका भाव झल्काउने कोशिश गरेका छन् । २०५९ सालमा प्रकाशित यस सङ्ग्रहमा कविका निम्न लिखित १० वटा गीतहरू संकलित छन् :

### ३.२.१ शुभकामना

यस गीतमा कविले २०५९सालको तीज पर्वलाई शुभकामना व्यक्त गर्दै आधा धर्ती र आधा आकाश ओगटेका महिलाहरूका अधिकारको खोजी गर्ने अवसरका रूपमा लिएका छन् । यो पर्वले नारी जगतमा चेतना उमार्ने र जागरण ल्याउने कामना कविले गरेका छन् ।

### ३.२.२ टुहुरीको व्यथा

यस गीतमा कविले माइती गुमाएका चेलीको वेदना पोख्ने जमर्को गरेका छन् । जसको माइतमा आमा बाबु छैनन् ती चेलीहरू आफ्नै दाजु भाइबाट बिर्सने हुन्छन् यस्ता चेलीहरू घरबाट अझै हेपिने गर्छन् भन्ने भाव कविले यस गीत मार्फत व्यक्त गरेका छन् ।

### ३.२.३ सौतेनी श्रीमान्

कविले यस गीतमा सामन्ती प्रथा र पुरुष प्रधान हाम्रो समाजमा चेलीलाई खेलौनाका रूपमा प्रयोग गर्ने, माम्सल प्रेम गर्ने, स्वार्थी र नीच पुरुषहरूप्रति व्यङ्ग्य गरेका छन् ।

### ३.२.४ अभिभावकको व्यथा

यस गीतमा कविले आजकालका यूवा पुस्ता बरालिन पुगेको गुनासो गरेका छन् । यूवा पुस्ता नपढेर पाश्चात्य-छाडा संस्कृतितिर लागेर आफ्नो भविष्य अन्धकार बनाइरहेका तर्फ चिन्ता व्यक्त गरिएको छ ।

### ३.२.५ बुहारीको पीर

यस शीर्षकमा कविले सासुले बुहारीमाथि गर्ने अन्याय र अत्याचार, शोषण र दमनका बारेमा विरोध गरेका छन् । अर्काकी छोरी भनेर हेला गर्ने रुढीवादी प्रवृति हो भन्ने कविको ठहर छ ।

### ३.२.६ सासूको वेदना

यस गीतमा कविले आधुनिक सभ्य र शिक्षित भनिने नारीहरूले पुराना विचारका अशिक्षित सासुहरूलाई हेपेको र हेला फोहोर गरी सास्ती दिएको प्रसङ्ग उल्लेख गरेका छन् ।

### ३.२.७ साइनो नफेरौं

प्रस्तुत गीतमा कविले आधुनिकताका नाउँमा आज समाजमा विकृति भित्रिएको छ । युवायुवतीहरू आफ्ना बाल बच्चाहरूलाई मातृभाषा सिकाउँदामा नै मम्, ड्याड सिकाएर भाषिक साम्राज्यवादको जानीनजानी पृष्ठपोषण गरेर समाजलाई कलुषित पारिरहेका छन् भन्ने तर्क कविको छ ।

### ३.२.८ शान्तिको कामना

यसमा कविले माओवादी द्वन्द्वका कारण देशमा अशान्ति भएकोतर्फ सङ्केत गरेका छन् । द्वन्द्वले समाजमा विकृति भित्रिएको, भष्टाचार बढेको र शान्ति खलबलिएकोमा चर्को विरोध जनाएका छन् ।

### ३.२.९ फेसनको चिनारी

यस गीतमा कविले मानिसमा बढ्दै गएको कृतिम र बोक्रे भलाद्मीपनको विरोध गरेका छन् । नक्कलीपनमा विश्वास गर्ने र तडकभडक देखाउने आडम्बरीपन होइन समाजमा सादा जीवन र उच्च विचार हुनु पर्छ भन्ने आदर्श कविको छ ।

### ३.२.१० दाइजो रोग

'दाइजो रोग' यस गीतिसंग्रहको अन्तिम गीत हो । यसमा दाइजो प्रथा समाजमा कलङ्कको रूपमा रहेको छ । त्यसले समाजमा विकृति विसङ्गति भित्रएको छ भन्दै कविले दाइजो प्रथाको विरोध गरेका छन् ।

प्रस्तुत **तीजको गीत** कृति कवि नारायण प्रसाद पोखरेलको पहिलो प्रयास हो । पुष्पाञ्जली अपसेट प्रेस एण्ड सुमन पुस्तक पसल नीमचोक तनहुँ दमौलीबाट प्रकाशित यो सङ्ग्रह १२ पृष्ठको छ ।  यो कृति भावगत र साहित्यिक भन्दा पनि कवि भावनाको एउटा लहड मात्र भएको कुरा कवि स्वयम्ले बताएका छन् (शोध नायकबाट प्राप्त जानकारि) ।

## ३.३ तालिमको सिलसिलामा कविताको विश्लेषण

**तालिमको सिलसिला**मा २०६० सालमा प्रकाशन गरिएको कवि पोखरेलको दोस्रो कृति हो । कवि पोखरेल पेसाका हिसाबले शिक्षक हुन् । औपचारिक शिक्षा एस.एल.सी.सम्म मात्र गरेका शिक्षक भएकाले सरकारको तालिम अप्राप्त शिक्षकलाई तालिम प्राप्त बनाउने नीति अनुरूप आधारभूत शिक्षक तालिम अर्न्तगत शिक्षा क्याम्पस गोरखामा शिक्षक तालिममा गएका थिए । तालिमकै क्रममा विभिन्न कार्यक्रमहरू पनि हुने गर्दथे । एक दिन साहित्यिक कार्यक्रम थियो । उक्त कार्यक्रममा कवि पोखरेलको कविता वाचनको सबैले प्रशंसा गरे । साथीभाइको हौसलाबाट कविले तालिमको अनुभव, तालिमका सिलसिलामा भोग्नु परेका समस्या तथा रोमाञ्चक क्षण, तालिमको औचित्य र कार्यक्षेत्रमा त्यसको प्रभावका विषयमा आफ्ना भावनाहरू कविताका

माध्यमबाट प्रस्तुत गरेका थिए । सुन्दर कवित्व प्रतिभाका धनी पोखरेलका ती रचनाहरूले तालिममा सहभागी शिक्षकहरू तथा प्रशिक्षक दुबैलाई निकै प्रभाव पाऱ्यो । फलस्वरूप उनमा तिनै साथीहरूको अनुरोध र आग्रहमा हौसला अनि प्रेरणाले कविको प्रतिभा प्रस्फुटन हुदै गयो । कविले ती रचनाहरू प्रकाशन गरे ।

यी कृतिहरू साहित्यिक विश्लेषणका आधारमा केवल कविता जस्ता मात्र छन् । कवि यतिबेलासम्म आफूलाई छन्द, रस, अलङ्कार आदिको बारेमा केही पत्तो नभएको बताउँछन् । केवल अनुप्रासका हिसाबले मात्र ती सृजनाहरू कविता भन्न सकिने खालका छन् । अन्यथा तिनमा कवितामा हुनुपर्ने हैसियत छैन । त्यसो त कविले आफ्नो **मर्स्याङ्दी** खण्डकाव्यको मन्तव्यमा लेखेका छन् "२०६० सालतिर मैले केही कविता कोरेको थिए । त्यसबेलासम्म मलाई छन्दको कुनै मेलोमेसो थिएन ।" उनी केवल फाँकीमात्रै मिलाएर लेख्थे । गुरुँ (नारायण प्रसाद गौतम) ले या, मा, ता, रा, ज, भा, न, स, ल र गा को ज्ञान दिनु भयो । त्यसैमा हेरेर अभ्यास गर्नु भन्नु भयो अनि मात्र मलाई कवितामा रस, अलङ्कार, छन्द आदि साहित्यिक तत्व हुनुपर्दछ भन्ने थाहा भयो (पोखरेल, २०६३.मन्तव्य) ।

यसैबाट थाहा हुन्छ **मर्स्याङ्दी** खण्डकाव्य प्रकाशन गर्नु पूर्वका कविका कृतिहरूमा साहित्य तत्वको संयोजन  छैन किन भने कवि स्वयम् यसमा अनभिज्ञ छन् । अतः दृष्टिकोण भाव, विचार र साहित्य तत्वका हिसाबले भन्दा पनि यी कृतिहरूमा कविले समाजमा देखिएका विकृति, विसङ्गति र बेथितिप्रति आफ्नो प्रतिक्रिया र विचार छरपुष्ट रूपमा ल्याएका छन् । तिनमा केवल फाँकी मिलाएर मात्र लेखिएको कविताको रूप भेटिन्छ ।  झट्ट हेर्दा कविले कविताका माध्यमबाट दैनिकी लेखे जस्तो मात्र छ । यसमा विचार, भाव र काव्यतत्वको गहिराइ पाइदैन ।

## ३.४ नारायण प्रसाद पोखरेलका टोपी कविता संग्रहको विश्लेषण

### ३.४.१. परिचय

नरायण प्रसाद पोखरेलको **टोपी** कविता संग्रह **तीजको गीत** र **तालिमको सिलसिला**मा कृतिको प्रकाशन पछिको तेस्रो काव्य कृति हो ।  पोखरेलको **टोपी** कविता सङ्ग्रह २०६२ साल वैशाख १ गते प्रकाशन भएको हो । देउराली अपसेट प्रेस प्रा.लि. पुतलीसडक काठमाडौंले प्रकाशन गरेको उक्त कृतिमा लामा र छोटा गरी ५८ वटा कविताहरू सङ्ग्रहीत छन् । पोखरेलको

यस कविता सङ्ग्रहले राजनैतिक, आर्थिक, सामाजिक, राष्ट्रियता, मानवता, प्रेम, विरह, कुण्ठा, आशा-निराशा जस्ता विभिन्न विषय वस्तुहरूलाई आत्मसाथ गरेको छ । ती कविताहरूमा कतै सामाजिक, कतै राजनैतिक, कतै आर्थिक विषयमा व्यङ्ग्य गरेको पाइन्छ भने कतै जीवनका आशा-निराशा, विरह आदिको भाव व्यक्त भएको पाइन्छ ।

प्रस्तुत **टोपी** कविता सङ्ग्रहलाई निम्न अनुसारका काव्य तत्वका आधारमा विश्लेषण गरिएको छ :

(क) विषयवस्तु/भाव  यथार्थवादी जीवनदृष्टि,  सामाजिक चिन्तन,  राष्ट्रवादी स्वर, प्रकृतिको चित्रण,  (ख) शीर्षक  (ग) संरचना  (घ) भाषाशैली

## ३.४.२ विषयवस्तु /भाव

कवि पोखरेलका यी कविताहरूमा आफ्नै जीवन जगतका अनुभव, विरह घात, प्रतिघात र जीवनको अस्तित्वको खोजी गरिएको छ । यिनमा जीवनवादी धारणा प्रकृति प्रेम राष्ट्रियता तथा तत्कालीन सामाजिक राजनीतिक विसङ्गति विरूद्ध व्यङ्ग्य र विद्रोहको भाव पनि व्यक्त भएको छ । कवि पोखरेलको **टोपी** कविता सङ्ग्रहको विषय वस्तु वा भाव पक्ष निम्न अनुसार विश्लेषण गर्न सकिन्छ :

### ३.४.२.१ यथार्थवादी जीवनदृष्टि

**टोपी**मा पाइने मुख्य भाव तत्व यथार्थवादी जीवनदृष्टि हो । कवि आफूले जीवनलाई जसरी भोगेका छन् सम्पूर्ण नेपाली किसानहरूको अवस्था पनि त्यस्तै ठान्छन् । उनी नेपाली जीवनको चित्रण गर्दै गरिब किसानहरूको जीवनका वास्तविक भोगाइहरूलाई यसरी प्रस्तुत गर्दछन् :

पसिना कति वैरिन्छन् आँखै-पीरो हुने गरी
तथापि गर्दछौं काम खन्छौ बारी-मरिमरि
डल्ला निस्कन्छ भक्कानो गानो चल्छ घरीघरी
पटुका पेटमा बाँधी हिड्छौं यो जीवनै भरी

(किसानका दु:खेसो पृ.३७)

प्रस्तुत कविताांशमा नेपाली गरीब किसानहरूले कडा मिहिनेत गरेर पसिना बगाउँदा पनि एक पेट खान नपाएर पटुकी कस्नु पर्ने भाव प्रस्तुत गरेका छन् । जीवनभर हाड घोटेर पनि भोकै बस्नु पर्ने  वाध्यता र विवशताको कारुणिक चित्रण प्रस्तुत गरेका छन् ।

त्यस्तै हाम्रो समाजमा विद्यमान वर्गीय विभेद र सामाजिक,आर्थिक, सांस्कृतिक कारणले निम्त्याएका समस्याहरूलाई कविले यसरी प्रस्तुत गरेका छन् :

आए चाड अमीरका घरघरै आएन हाम्रो त खै के
को मान्नु मजा अभाव छ सदा आशा बिलाए सबै
फ्याँक्छन् व्यञ्जन मोजभोज छ कही सुत्नु छ भोकै कही
हाँस्छन् फुर्फुर क्वै धरधरी रोएर वित्छन् कुनै

(गरीबको गुनासो पृ.८६)

हाम्रो समाजमा हिन्दू संस्कार अनुसार चाडपर्व मनाउँदा गरीब किसानले भोग्नु परेको वास्तविकता, अभाव र वाध्यता अनि धनी मानिसका मोज मस्तिका वर्गीय विभेदलाई कविले मार्मिक रूपमा प्रस्तुत गरेका छन् । कवि वर्गीय समाजको यस्तो विभेदको कडा विरोध गर्दछन् ।

### ३.४.२.२ सामाजिक चिन्तन

प्रस्तुत कविता संग्रहमा संग्रहित कविताहरू  समाजको यथार्थ चित्रण गरिएको छ । प्रगतिशील सामजिक चिन्तनका धरोहरका रूपमा उभिएका समाजमा देखिने विकृति, विसङ्गतिको सवरोध गरेका छन् । त्यस्तै सामाजिक विभेद, आर्थिक विभेदको पनि कविले विरोध गरेका छन् । तिव्र राष्ट्रप्रेम, देशभक्ति, सामाजिक निष्ठा र राष्ट्रियताको पक्षमा पनि कविले वकालत गरेका छन् । भ्रष्टचारमा ढुबेको आदर्शबाट च्युत भएका नेतालाई व्यङ्ग्य गर्दै कवि भन्छन् :

लथालिङ्ग, भताभुङ्ग सबै थिलैथिलो
यो भ्रष्टचारको क्षेत्रसंग भयो नेपालको पिलो
असहाय र सोभ्राले बाँच्ने आधार के छ खै ?
भुडीवाला फटाहाले चुस्नसम्म चुसे सबै

यसरी समाजमा विकृति माथि व्यङ्ग्य प्रहार गरेर शुद्व समाज निमार्ण गर्ने परिकल्पना कविले व्यक्त गरेका छन् ।

### ३.४.२.३ राष्ट्रवादी स्वर

यस कविता सङ्ग्रहमा कविले राष्ट्रोन्नतिका लागि एकता, जोश, उत्साह र जाँगरका साथ लाग्नुपर्ने विचार व्यक्त गरेका छन् । शुद्ध राष्ट्रियता र तिब्र राष्ट्रप्रेममा आधारित यस काव्यका

प्राय सबै जसो कविताहरूमा राष्ट्रियताको स्वर गुञ्जिएको छ । पाश्चात्य भाषा शैली, संस्कृत तथा फेसन आदिको प्रभावमा पारेर स्वाभिमानलाई लत्याएका युवा पुस्तालाई जागरणको सन्देश कविले दिएका छन् । भाषिक साम्राज्यवादको विरोध गर्दै कवि भन्छन् :

आमा नभन्नु अबदेखि तैंले
त्यसो भने सिस्नु दिन्छु मैले
भलादमीले तरिका निकाले
पराइ भाषातिर लाग्न थाले

(विकृति पृ.१२)

यसरी सम्पूर्ण क्षेत्रमा मौलाउदै गएको साम्राज्यवादी प्रवृतिले नपाली भलादमी यूवायूवतिमा पनि प्रभाव जमाउँदै गएको र त्यस्तो प्रवृतिले राष्ट्रिय स्वाभिमानमा नै धक्का लाग्न सक्ने प्रति कविले चिन्ता व्यक्त गरेका छन् । यसका साथै मातृभक्ति, पितृभक्ति, गुरुभक्तिको स्वर पनि उनका कवितामा पाइन्छ ।

**३.४.२.४ प्रकृतिको चित्रण**

कवि नारायण प्रसाद पोखरेलका कविताहरूमा प्रकृतिको सुन्दर चित्रण गरिएको छ । त्यसो त नेपाली साहित्यको सिर्जनशील स्रोत नै प्राकृतिक सुन्दरताको चित्रणलाई मान्निछ । कविहरू आफूलाई रोमान्टिक काव्यधारामा डुबाउन चाहान्छन् । यस कविता सङ्ग्रहमा कविले विशुद्ध प्रकृतिको वर्णन गरेका छन् । यसमा वसन्त, हिमाल, जंगल जस्ता शीर्षकमा कविले प्रकृतिको सुन्दर चित्रण गरेका छन् :

हाम्रो यो धन मुख्य भै कन पनि सौगात साझा भयो
नेपालीहरूमा आहा! प्रकृतिले माया असाध्यै गऱ्यो

(हिमाल पृ.४०)

प्रकृतिले सौगात स्वरूप उपहार प्रदान गरेको हाम्रो मुलुक विश्वकै प्राकृतिक सुन्दरताको अनुपम नमुना पनि हो । यस्तो पवित्र र सुन्दर मुलुक पाएका हामी नेपालीहरू  सौभाग्यशाली र प्रकृतिमा अमिर छौ भन्ने भाव कविले व्यक्त गरेका छन् ।

**३.४.३ शीर्षक**

कवि पोखरेलको **टोपी** मौलिक कृति हो । प्रस्तुत काव्य कृतिमा सङ्ग्रहित ५८ वटा मौलिक कविताहरू आ-आफ्नै पृष्ठभूमिका छन् । यी कविताहरूले आर्थिक, सामाजिक, सांस्कृतिक, भाषिक, राजनैतिक, प्राकृतिक आदि क्षेत्रका आशा-निराशा, विकृति, विसङ्गति आदिका आ-आफ्नै भावहरू बोकेका छन् । प्रस्तुत काव्य कृतिमा सङ्ग्रहित कवितामध्ये **टोपी** यस्तो एक मौलिक कविता हो । राष्ट्रियताको पहिचान र राष्ट्रप्रेमको भावलाई समेटिएको टोपी, शिरको रक्षक, मुलुकको पहिचान, भावना र एकताको प्रतीक तथा सौन्दर्यको झलक पनि हो । सामान्य एउटा पहिरनलाई मुलुककै सान तथा सांस्कृतिक पहिचानसँग तुलना गरेर कविले व्याख्या गरेका छन् । यिनै भाव समेटिएको कविताको शीर्षकलाई नै कविले यस काव्य कृतिको शीर्षक चयन गरेका छन् । अतः यो काव्य कृतिको शीर्षक सार्थक र उपयुक्त देखिन्छ ।

### ३.४.४ संरचना

संरचना भन्नाले कुनैपनि काव्य कृतिको बनावट वा आकार प्रकार भन्ने बुझिन्छ । संरचना दुई किसिमको हुन्छ । (क) आन्तरिक संरचना (ख) वाह्य संरचना

कविताको वाह्य संरचना श्लोक वा अनुच्छेदबाट थालिन्छ । यसका विविध भाग र परिच्छेद हुँदै विकसित भएको हुन्छ तर आन्तरिक संरचना भने कृतिमा अंगालिएको कथन पद्धतिका माध्यमबाट थालिन्छन् र रागात्मक हुन्छ । यसमा भाव, बिम्ब, प्रतिक, छन्द र अलङ्कार सबै पर्दछन् (त्रिपाठी, २०६० :२१) ।

वाह्य संरचनाका दृष्टिले कवि पोखरेलको **टोपी** काव्य कृतिको विश्लेषण गर्दा यो कृति जम्मा ११३ पृष्ठमा संरचित देखिन्छ । यसमा विभिन्न शीर्षकका ५८ वटा कविताहरू सङ्ग्रहित छन् ।

### ३.४.५ लय तथा भाषाशैली

भाषाशैली विचार विनिमयको साधन हो । सर्जकले आफ्नो अभिव्क्ति, भाव र विचारलाई श्रोता वा पाठकसामु पुऱ्याउने माध्ययम पनि भाषा नै हो । कवितामा भाषिक माधुर्यता हुनु पर्दछ । यसै नियमलाई पच्छयाउदै कवि पोखरेलले **टोपी** कविता सङ्ग्रहमा सरल भाषा शैलीको प्रयोग गरेका छन् । दुरुह र दुर्वोध्य भन्दा उनी सरल लयात्मक र सुकोमल भाषाशैली रुचाउँछन् । जुन कुरो **टोपी**मा पनि झल्किएको छ ।

कवि पोखरेलले गद्य र पद्य दुवै लयको संरचना यस कृतिमा गरेका छन् । त्यस्तै गीति लयका कविता पनि **टोपी**मा आएको छ । कविले प्रकृतिको चित्रण गर्दै बिम्ब र प्रतिकको प्रयोग पनि गरेका छन् । कवि पोखरेलको **टोपी**मा सरल भाषा शैली छ । यस कविता सङ्ग्रह भित्र कतै कलात्मक र कतै व्यङ्ग्य शैलीका कविता पनि छन् । समग्रमा **टोपी** कविता सङ्ग्रहको भाषाशैली सन्तोषजनक नै रहेको छ ।

### ३.४.६ निष्कर्ष

**टोपी** कविता सङ्ग्रहको आन्तरिक संरचना पक्ष फितलो छ । किनकि कवि स्वयम् यस पक्षमा अनभिज्ञ रहेका छन् । उक्त कुरा कविले स्वीकार गरेका छन् । उनको यो भन्दा पछिल्लो अर्थात प्रकाशनका हिसाबले चौथो कृति **मस्र्याङ्दी** खण्डकाव्यमा कविले यसो भनेका छन् :

गुरु (नारायण प्रसाद गौतम) ले भन्नु भयो "तपाईका यी कविता राम्रा छन् तर कुनै तार बढी किसियको र कुनै बढी खुकुलो भएको सारङ्गी जस्तो छ । सबै ठीक मिलाउने हो भने, तपाईको काव्यरुपी सारङ्गी त्याँई-त्याई गरी बज्नेछ"(मर्स्याङदी, २०६३. भूमिका) ।

यस भनाइबाट के स्पष्ट हुन्छ भने कविले **मर्स्याङदी** खण्डकाव्यबाट मात्र आफ्नो साहित्यिक संरचनालाई कसिलो पार्दै लगेका हुन् । यस भन्दा अगाडिसम्म उनलाई रस, अलङ्कार र छन्दको बारेमा ज्ञान नै थिएन । जुन कुरा कवि आफूले स्वीकार गरेका छन् । त्यसैले यस कृतिमा कविताका अलङ्कार र छन्द जस्ता पक्ष अत्यन्तै फितला छन् ।

## ३.५ मर्स्याङ्दी खण्डकाव्यको विश्लेषण

### ३.५.१ विषय परिचय

कवि नारायण प्रसाद पोखरेलको **मर्स्याङ्दी** खण्डकाव्य प्रकाशनको हिसाबले चौथो काव्य कृति हो । २०६३ सालमा प्रकाशित उक्त कृति निरन्तर छापाखाना पुतलीसडक काठमाडौंले प्रकाशन गरेको हो ।

प्रकृतिलाई नै मानवीकरण गरी लेखिएको प्रस्तुत काव्यमा चार सर्गहरू छन् । कूल १७६ श्लोकहरू रहेको **मर्स्याङ्दी** खण्डकाव्य मूलतः प्राकृत काव्य हो । यस काव्य कृतिलाई खण्डकाव्यका निम्न लिखित तत्वका आधारमा विश्लेषण गरिएको छ :

(१) शीर्षक (२) विषयवस्तु (क) प्रकृति चित्रण (ख) सामाजिकता (३) कथानक (४) पात्र विधान (५) परिवेश विधान (६) कथन पद्धति (७) भाषाशैली (८) छन्द वा लय विधान (९) प्रतिक वा बिम्ब अलङ्कार विधान (१०) संरचना विधान (११) रस विधान

### ३.५.२ शीर्षक

यस खण्डकाव्यको शीर्षक **मर्स्याङ्दी** राखिएको छ । नेपालका ७५ जिल्ला मध्ये धौलागिरी अञ्चलको मुस्ताङ जिल्ला र गण्डकी अञ्चलको मनाङ जिल्लालाई हिमाल पारिका जिल्ला

भनिन्छ । यी दुई जिल्ला अति विकट एवम् दुर्गम जिल्ला हुन् । हिमाल पारिका मनाङ जिल्लामा पर्ने तिलिचो ताल समुन्द्र सतहबाट ४,९१९ मीटर उचाइमा रहेको छ । यो विश्वको सबैभन्दा उचाइमा रहेको ताल हो । यही तिलिचो ताल नै **मर्स्याङ्दी** नदीको उद्‌गम स्थान हो । तिलिचो ताल र मर्स्याङ्दी नदीलाई मानवीकरण गरी प्रमुख चरित्रको रूपमा उभ्याएर कविले तिलिचो ताल आमा र मर्स्याङ्दी नदी छोरीको रूपमा स्विकारेका छन् । तिलिचो तालको परिवेशबाट जन्मेकी मर्स्याङ्दी नदी हिमालको विकट भू-भागलाई छिचोल्दै बगिरहेको छ । यसले सब्जी, पिसाङ, नार, दूध, डादी, खुदी, पाउँदी जस्ता साना खोलाहरूलाई साथमा लिएर त्रिवेणीमा गएर अन्त भएको कुरा कविले बताएका छन् । **मर्स्याङ्दी** भनेको प्रकृति हो र प्रकृति नै यस खण्डकाव्यको मुख्य विषयवस्तु हो । यसर्थ विषयवस्तु अनुसार यसको शीर्षक निर्धारण भएको छ । यसको शीर्षक विषयवस्तुमा केन्द्रित रहेको छ । विषयवस्तु कै आधारमा **मर्स्याङ्दी** शीर्षक राखिएको हुनाले यसको शीर्षक सार्थक देखिन्छ ।

### ३.५.३ विषयवस्तु

कुनै पनि रचानाकारले आफ्नो रचानामा एउटा मुख्य विषयवस्तुलाई अंगालेको हुन्छ । यस सन्दर्भमा भन्नु पर्दा नेपाली खण्डकाव्यहरू सामाजिक, ऐतिहासिक, प्रकृति चित्रण, पौराणीक र नैतिक गरी जम्मा पाँच किसिमका विषयवस्तुमा रचिएका छन् (उपाध्याय, २०३०.पृ. १२१) । यी विषयवस्तुहरू मध्ये **मर्स्याङ्दी** प्रकृति चित्रणलाई विषयवस्तु बनाएको खण्डकाव्य हो ।

### (क) प्रकृति चित्रण

कवि नारायण प्रसाद पोखरेलको **मर्स्याङ्दी** प्रकृति काव्य हो । यसमा पोखरेलले तिलिचो तालदेखि शुरु भएको मर्स्याङदी नदीलाई मानवीकरण गरेका छन् । प्रकृतिको सूक्ष्म विषयवस्तुलाई आत्मसात् गरेर लेखिएको प्रस्तुत खण्डकाव्यको विषयवस्तुमा हिमाल, नदी, ताल जस्ता प्राकृतिक स्रोतहरूलाई लिएको छ । ऋतुहरूको आगमन प्रत्यागमनमा हुने प्रकृतिगत परिवर्तन, कालगत र संस्थागत रूपमा आएपछि वनस्पति जगतमा परिवर्तन हुन्छ । त्यसबाट मानवेत्तर प्राणीहरूमा पनि परिवर्तन आउँछ । यिनै प्रकृतिका विविध पक्षहरूको वर्णन नै यस काव्यको मुख्य विषयवस्तु हो । प्रकृतिलाई नै विषयवस्तु बनाएर लेखिएको प्रस्तुत काव्यमा कविले प्राकृतिक सौन्दर्यको रुप रङ पोख्नुका साथै प्रत्येक ऋतु सौन्दर्यको वर्णन यसरी गरेका छन् :

शरद ग्रीष्म ओ वर्षा शिशिर हेम अन्तमा

हिमाल यी सधै राम्रा अझ बल्छन वसन्तमा

(पहिलो सर्ग श्लोक ३२)

प्रस्तुत पद्यमा ऋतुहरूको बारेमा चर्चा गर्दै वसन्त ऋतुमा प्रकृति नवपल्लव र रङ्गीचङ्गी फूलहरूले सजिएर वातावरण सौन्दर्यपूर्ण बन्दछ् । हिमालको दृष्य त झनै यस ऋतुमा मनोरम देखिन्छ भन्ने भाव काव्य पाइन्छ । पोखरेलको मर्स्याङदी खण्डकाव्यमा नेपालको प्राकृतिक, जनजीवन र नेपालकै स्वभाविक, प्राकृतिक र सुरम्य वातावरणको चित्रण गरिएको छ । **मर्स्याङदी**का प्रत्येक पङक्तिले नेपाली ध्वनि,नेपाली विचार, नेपाली चिन्तन र नेपाली जनजीवनको आस्था बोकेका छन् । यस काव्यमा प्राकृतिक प्रभावलाई कतै मानव स्वभावसँग र मानव स्वभावलाई कतै प्राकृतिक स्वभावसँग गाँसेको पाइन्छ । त्यसैगरी प्राकृतिक दर्शन तथा प्रकृतिको विविध स्वरूपलाई स्वीकार गरेको पाइन्छ । प्रकृतिका अस्तित्व भित्र मानव अस्तित्व फेला पार्नुले मानवताप्रतिको आस्था कविमा तिब्र रूपमा बढेर गएको अनुमान गर्न सकिन्छ । लेखनाथको ऋतु विचार खण्डकाव्यमा भएको प्रकृति चित्रणबाट पोखरेलको **मर्स्याङदी** प्रभावित देखिन्छ तापनि, नेपाली डाँडाकाँडा, पशुपक्षी, खोलानाला, गाउँवेसी, वनस्पती, ताल, हिमाल आदिको चित्रण भएकाले यो कृति कविको मौलिकताको पूर्ण उपज हो भन्नुमा दुईमत छैन । यस खण्डकाव्यमा कवि प्राकृतिक चित्रणमा यसरी चुर्लुम्म डुबेका छन् :

वरपर हरियाली घाँसको जात नाना

प्रकृति तह मिलेका विध्न राम्रा खजाना

लडिबुडि गरुँजस्तो ठाउँ त्यो नम्र कस्तो

प्रदुषण नभएको शुद्ध ओछ्यान जस्तो ।

(दोस्रो सर्ग श्लोक १८)

यसरी प्राकृतिक साधनको स्रोतलाई विषयवस्तु बनाएर मानवीकरण गरी मानव र प्रकृति बीच तादात्मता देखाई प्रस्तुत गर्नु कविको काव्यगत सफलता मान्न सकिन्छ ।

**(ख) सामाजिकता**

यस खण्डकाव्यमा प्रकृतिको चित्रण गर्ने सन्दर्भमा जीवन जगतका केही पक्षहरू आएका देखिन्छन् । यसमा युगीन सामाजिक यथार्थको प्रस्तुती, विसङ्गतिप्रति व्यङ्ग्य गरिएको छ । यस खण्डकाव्यका अत्याधिक श्लोकहरूमा उपमेयका रूपमा प्रकृतिको चित्रण भएको छ भने, उपमानको रूपमा आएका जीवन जगतलाई कविले प्रकृतिमय ढंगले वर्णन गरेका छन् । लोक व्यवहार र प्रकृति एक अर्कामा आश्रित भएको देखाएर पर्यावरणको महत्वलाई समेत प्रस्तुत काव्यले अगाडि ल्याएको देखिन्छ । प्रकृतिको वर्णन नै **मर्स्याङदी**को अभिन्न अङ्ग भएकाले पोखरेल यस काव्यमा मानवीय दैनिक व्यवहारलाई प्रकृति कै माध्यमद्वारा वर्णन गर्न चाहान्छन् । यस अर्थमा प्रकृति मानवको आराध्य सञ्चार सेबक सबै हुन पुगेको छ । उनले यस काव्यमा कतै दिपक, कतै उपमा र कतै दृष्टान्त तथा उत्प्रेक्षा आदि अलङ्कारको सहायताले समाजको चित्रण गरेका छन् :

मर्स्याङदी म हुँ नित्य बग्दछु यतै वेसी तथा टारमा
टाढा छैन नजीक भैकन गए लौखेर बेकारमा
बाँझो यो धरती छ पटपट बेर्ना मरे द्वारमा
भोग्दैछन् अनिकाल दीन जनता पर्दछन् सधैं मारमा

(चौथो सर्ग श्लोक३४)

यस पद्यमा मर्स्याङदी नदीलाई मानवीकरण गरेर कविले मर्स्याङदी नदीको पानी दिनदिनै बगेर गएको छ । मर्स्याङ्दी नदीसँगै रहेका टारहरू सुख्खा र बोझ रहेका छन् । बल्लबल्ल बाँझो धर्ती फुटाएर उम्रिएका बेर्नाहरू पानी नपाएर मरेका प्रसङ्ग काव्यमा छन् । त्यसको सही सदुपयोग गरे अनिकाल र भोकमरीबाट बच्न सकिने विचार कविले व्यक्त गरेका छन् ।

मूल रूपमा कविले मानव जीवन र प्रकृतिका बीच सह-सम्बन्ध देखाउँदै प्रकृतिमा पनि मानव जीवनमा जस्तै आरोह-अवरोह, अभाव र पिडा, सुख र शान्ति, हराभरा र उजाड, दुबै पक्षहरू हुन्छन् भन्ने कुराको सन्देश दिएका छन् ।

### ३.५.४ कथानक

**मर्स्याङदी** खण्डकाव्यको कथावस्तु काव्यकारको निजी कल्पनामा आधारित छ । यस खण्डकाव्यमा हिमाल पारिको मनाङ जिल्ला र तिलिचो तालको परिचय दिएका छन् । प्रथम

सर्गमा मूलतः नेपालको सुन्दर प्रकृतिको चित्रण छ । कविले सगरमाथा, माछापुछ्रे मनासलु, लामटाङ, धवलागिरी आदि हिमाल र मर्स्याङदी दरौदी आदि नदीहरूको वर्णन गरेका छन् । त्यस्तै एक वार्षिक ऋतु चक्रमा देखा पर्ने ६वटा ऋतुहरूको पनि सुन्दर चित्रण गरेको पाइन्छ । तिलिचो तालको परिवेशबाट जन्मेकी मर्स्याङदी नदीको गुणगाथा पनि पहिलो सर्ग देखि नै राम्रोसँग गाएका छन् । दोस्रो सर्गमा विशेष गरी विश्वको उच्च स्थानमा रहेको तिलिचो तालको वर्णन गरेका छन् । त्यस्तै नेपालको कास्की पोखरामा अवस्थित फेवाताल, वेगनासताल, रूपाताल आदि तालहरूको वर्णन गर्दै तालहरूको परिवारसंख्या कविले उल्लेख गरेका छन् । प्राकृतिक सुन्दरताले गर्दा नै पर्यटकहरूको नेपालमा आगमन हुन्छ भनेका छन् ।

तेस्रो सर्गमा तिलिचो ताल र मर्स्याङदी नदी किनारका आसपासमा पाइने धुपी, सल्ला, गोब्रेसल्ला, यार्सागुम्बा, नीरमसी आदि हिमाली जडीवुटी उपलब्ध हुने कुरा उल्लेख गरी हिमाली वनस्पतिको परिचय कविले दिएका छन् । भेडा, च्याङ्ग्रा, चौरी, याक आदि हिमाली क्षेत्रका जनावरको उपयोगिताका बारेमा संक्षिप्त चर्चा यस सर्गमा गरेका छन् ।

चौथो सर्गमा सुन्दर रमणीय स्थल मनाङ र मुस्ताङ जिल्लाको साँध सीमानाबाट मर्स्याङदी नदी जन्मेर सब्जी, पिसाङ, नार, दूध, डादी, खुदी, पाउँदी जस्ता साना खोलाहरू मर्स्याङदीमा मिसिएर यस नदीको शोभा बढाएको कुरा रोचक ढङ्गबाट कविले वर्णन गरेका छन् । मर्स्याङदीको ठूलो वेगशाली प्रवाह भएपनि स-साना खोलालाई प्रेमपूर्वक अङ्कमाल गरी सखी सङ्गी बनाएर बगेकी छ भन्ने भाव संकेत गरेका छन् ।

नेपालको सम्पत्ति भनेको प्रकृति हो । प्रकृतिलाई सदुपयोग गर्नुपर्छ तर हामीले नेपालका यस्ता प्राकृतिक सम्पदाको प्रयोग गर्न सकेकाछैनौं, मर्स्याङदी जस्ता नदीहरू तल त्यसै बहेर खेर गइरहेका छन् । माथि थाप्लोमा रहेका ठूला-ठूला फाँट एवम् टारहरू सिचाई बिना बाँझा रहेका छन् । बिजुलीबत्ती बिना गाउँ अध्यारै छन् । नेपाल जलसम्पदा र प्राकृतिक छटाले भरिपूर्ण देश हो । यिनको प्रयोग नगरी देशको विकास संभव हुँदैन तसर्थ प्राकृतिक संपदाको सही सदुपयोग गर्नुपर्छ भन्ने सन्देश नै यस काव्यको कथानकमा रहेको छ ।

**३.५.५ पात्र विधान**

कथानकलाई जीवन्त तुल्याउन पात्र विधानको महत्वपूर्ण भूमिका रहन्छ । तसर्थ यस

खण्डकाव्यमा कविले विभिन्न प्राकृतिक सम्पदा र वातावरणलाई पात्रको रूपमा प्रयोग गरेका छन् । मर्स्याङदी नदीलाई मुख्य पात्रका रूपमा प्रयोग गरिएको छ । नदीकै मुख्य भूमिकामा यसको कथानक घुमेको र मर्स्याङदी नदीकै नामबाट खण्डकाव्यको नामाकरण गरिएकोले यो प्रकृति काव्य हो । यस  काव्यमा कवि पोखरेलले तिलिचो ताल र मर्स्याङदी नदीलाई मानवीकरण गरी प्रमुख पात्रका रूपमा उभ्याएका छन् । तिलिचो ताल मर्स्याङदी नदीको जन्म दिने जननी र मर्स्याङदी  नदीचाँहि तिलिचो तालकी पुत्रीका रूपमा प्रस्तुत गरेका छन् :

मेरी आमा खुस भइदिंदा जन्म भो सिद्व मेरो
मर्स्याङ्दी हुँ म सफल सुता प्यास मेट्ने पँधेरो
प्यारी छोरी म त हुँ तिलिचो ताल हुन् मेरी आमा
हाँस्ने खेल्ने अटुट् म भएँ लम्किने यो धरामा

(तेस्रो सर्ग श्लोक ७) ।

यस काव्यको अन्य पात्रहरूमा कविले साना-साना खोलाहरूलाई उभ्याएका छन् । मर्स्याङदी नदीले आफू बढ्दै गरेका बाटोमा मिसिन आएका साना खोलाहरूलाई प्रेमपूर्वक राखेर आफूसँगै लिएर जान्छ । जसरी मानवले आफ्नो टाढाको गन्तव्यमा थुप्रै सङ्गी साथीहरूलाई सँगै लिएर जान्छन् । त्यसरी नै मर्स्याङदी  नदीले पनि आफ्नो गन्तव्यमा हिंड्नेक्रममा थुप्रै सब्जी, पिसाङ्, ङादी, खुदी, दोर्दी, पाउँदी जस्ता अनगिन्ति सङ्गीहरूलाई साथमा लिएर आफ्नो जीउलाई अझ्ठूलो र फराकिलो पार्दै गएको कुरालाई कविले यसरी भनेका छन् :

खोला नौ क्रमले छ नाम मिसिदै बग्ने त्यहाँ माथिका
एकाकार हुँदा फराकिन गयो झन् अङ्ग गङ्गाजीका
माया बेसरी गास्दैछिन् हिम सुता साना यी खोलासित
राखी काख रमाउँछिन् हरघडी गर्छिन् सबैको हित ।

(चौंथो सर्ग श्लोक १८)

यसरी तिलिचो ताल र मर्स्याङदी नदीको बीच आमा छोरीको सम्बन्ध भए जस्तै यसका आसपासका अनगिन्ति खोला र खाल्सीलाई सखीका रूपमा प्रस्तुत गरेका छन् । कवि प्रकृतिलाई

नै मानवेत्तर पात्रको रूपमा प्रयोग गरेर **मर्स्याङदी** खण्डकाव्यको रचना सफलता पूर्वक गरेका छन् । कविको प्रस्तुत खण्डकाव्य उत्कृष्ट प्रकृति काव्य पनि हो ।

### ३.५.६ परिवेश विधान

परिवेश विधान भित्र देश काल वातावरण र परिस्थितिको चित्रण गरिएको हुन्छ । यस खण्डकाव्यको परिवेशलाई हेर्दा नेपाली धर्ती र यहाँका प्राकृतिक सम्पदाहरू आएका छन् । नेपालको प्रकृति, वनस्पति, हिमश्रृंखला, पहाड पर्वत, ताल तलैया, नदीनाला, लेकवेसी, नेपाली जीवनशैलीमा पनि नेपालको उत्तर पश्चिम भेगको रहनसहन परिवेशका रूपमा आएको छ । यी पद्यहरूले **मर्स्याङ्दी**को देशीय परिवेश नेपाली भूमि र हाम्रा प्राकृतिक सम्पदा नै हो भन्ने प्रष्ट हुन्छ :

हिमाल पारिको जिल्ला मनाङ रम्य क्षेत्रमा
मुस्ताङ साँधमा ताल उब्जिएको उच्च लेकमा
(पहिलो सर्ग श्लोक ३५)

बौद्ध मनासलु कान्ति लाङटाङ धवलागिरी
गणेश अन्नपूर्णै छन् गौरीशंकर चोयुती
(पहिलो सर्ग श्लोक २७)

यहाँ आएका मनाङ, मुस्ताङ, ताल, बौद्ध, मनासलु, कान्ति, लाङटाङ, धवलागिरी, गणेश अन्नपूर्ण, गौरीशंकर जस्ता हिमाली भेगका प्रसङ्ग आदिले यस खण्डकाव्यको भौगोलिक परिवेशमा नेपाल झल्केको छ । प्राकृतिक चित्रण पहाडी रमणी गृहस्थीहरूको वयान प्राकृति सम्पदाको मनोरम दृष्यले पर्यटकहरूको मन लोभ्याएको प्रसङ्ग कविले देखाएका छन् । पर्यटन व्यवसाय नै गरीब नेपालीहरूको मुख्य आय-आर्जनको माध्यम हुने कुरा पनि कविले बताएका छन् । यसले पोखरेललाई राष्ट्रवादी कविको रूपमा पनि चिनाएको छ । यसरी प्रकृतिको सुन्दर चित्रण गर्दै सूक्ष्म विषवस्तुमा पनि राष्ट्रिय परिवेशको मूल भावलाई उर्तान कवि सफल भएका छन् ।

यस खण्डकाव्यमा कवि पोखरेलले पोखरेली जीवनशैली र त्यहाँको प्राकृतिक सौन्दर्यको वर्णन यसरी गरेका छन् :

सबतिर छरिएका ताल छन् पोखरामा

प्रकृति रूप अनेकौ चाल छन् पोखरामा
झलमल जल ज्योत्स्ना बल्दछन् पोखरामा
जगमग दिल तृष्णा मेटिने पोखरामा

(दोस्रो सर्ग श्लोक ५)

कविले प्राकृतिक सौन्दर्य, ग्रामीण र सहरीया जीवनशैलीका साथै ऐतिहासिक स्थलहरूको पनि वर्णन यस काव्यमा गरेका छन् । मनाङ जिल्लामा अवस्थित तारेगुम्बाको परिवेश यहाँ आएको छ । यो गुम्बा ६ हजार वर्ष पुरानो छ भन्ने ऐतिहासिक मान्यता रहेको छ । समुन्द्र सतहबाट चार हजार मिटर उचाइमा रहेको घले राजाको दरबार पनि यस काव्यको परिवेशमा आएको छ :

वर्षमा गणना गर्दा ६ हजार अगाडिको
तारेगुम्बा बुझौं जानौं अत्यन्तै नै पुरानो त्यो ।
काङलापास घले भन्ने राजाको दरबार छ
फुगुम्बा र मनै भर्ने आकर्षण अनेक छ ।

(पहिलो सर्ग श्लोक १४)

कविले यस खण्डकाव्यमा हिमश्रृखला, ताल तलैया, नदी खोलानाला तथा वनस्पति, यार्सागुम्बा, धुपीसल्ला, जडीबुटी आदिलाई पनि मानवीकरण गरी सजीव पात्रका रूपमा प्रस्तुत गरेका छन् ।

गोरखा जस्तो ऐतिहासिक र प्राकृतिक साधन श्रोतले सम्पन्न भूमिमा जन्मिएका कवि प्रकृति तथा वीरता र राष्ट्रियताको भावले प्रभावित हुनु स्वभाविक देखिन्छ । प्रकृतिको वस्तुपरक वर्णन गर्नुका साथै नेपाली समाज संस्कृति, दर्शन ऐतिहासिक महत्वका विषयलाई पनि प्रकृतिकै माध्यमबाट अभिव्यक्त गर्नु कवि प्रतिभा र क्षमताको अनुपम नमुना हो ।

### ३.५.७ कथन पद्धति

**मर्स्याङदी** खण्डकाव्यमा कवि पोखरेलले एकै किसिमको मात्र कथन पद्धतिलाई अँगालेका छन् । यसमा कुनै पनि संवादको उपयोग गरिएको देखिंदैन । यो खण्डकाव्य वर्णनात्मक शैलीमा लेखिएको छ । मर्स्याङदी नदीको शुरुदेखि अन्तसम्मको कुरालाई कवि स्वयम् नै उपस्थित भएर चित्रण गरेका छन् । यस खण्डकाव्यमा उपमेय र उपमानका रूपमा आएका समाज, प्रकृति,

संस्कृति आदि पक्षलाई कविप्रौढोक्ति कथन पद्धतिमा व्यक्त गरेका छन् । कवि आफैं सिधै कुनै कवितात्मक कथन गर्दछन् भने, त्यसलाई कविप्रौढोक्ति कथन भनिन्छ (त्रिपाठी र अन्य, २०६४.पृ. ६१) । पोखरेलले **मर्स्याङदी**मा यस पद्धतिलाई राम्रोसंग अँगालेका छन् । यो कुरालाई अझैं प्रस्ट रूपमा देखाउन उनका यी श्लोकहरू अधि सार्न सकिन्छ :

जन्मे पहिले हिमशिखरकै तालकै आगनीमा
खेंले बालापन लुटपुट चन्द्रकै चाँदनीमा
आनन्दी भै लडिबुडि गरी भीरमा कन्दरामा
नाच्ने बानी छमछम गरी फुर्किने झन् उषामा ।

(तेस्रो सर्ग, श्लोक ८)

यसरी **मर्स्याङदी** खण्डकाव्यको कथन पद्धतिको ढाँचा वर्णनात्मक संवादविहीन तथा कविप्रौढोक्ति कथन ढाँचामा आधारित छ ।

### ३.५.८ भाषा शैली

प्रस्तुत खण्डकाव्यको भाषा शैलीमा अनुप्रासीय र शैलीगत माधुर्य पाइन्छ । स-साना समास रहित तद्भव र तत्सम शब्दको समुचित प्रयोग तथा अनुकरणात्मक झर्रा शब्दहरूले काव्यको भाषिक सौन्दर्यता बढाएका छन् । विशेष गरी मौलिक नेपाली शब्दहरू उखान-टुक्का तथा सुक्तिहरूको समेत यस काव्यमा प्रयोग भएको छ । शैलीगत हिसाबले माधुर्ययुक्त शैली रहेको यस खण्डकाव्यमा भावगत प्रवाहको राम्रो प्रस्तुति छ । लयात्मक पङ्क्ती वा श्लोकको संरचना सँग भावार्थगत संरचनाको समान्तरता देखिनाले लय एवम् भावका साथै भाषाशैली बीचको सम-प्रवाहयुक्त प्रवृत्ति पनि यहाँ देखिन्छ । कहीं कतै छन्द मिलाउनका लागि व्याकरण अनुसार ह्रस्व दीर्घको पनि ख्याल नगरीएको पाइन्छ । अन्य दृष्टिले **मर्स्याङदी** खण्डकाव्यको भाषा खण्डकाव्योचित छ ।

वर्णयोजनाका क्रममा खण्डकाव्यमा अनुप्रासको सचेत प्रयोग गरिएको छ । यस खण्डकाव्यमा अन्त्यानुप्रासको वर्णयोजना मिलाइएको छ :

पाकेका छन् फलहरू कतै डालि पार्दै लचक्क
हेर्दा पाखैभरि बुकि फुली ढाकिएका छपक्क

हावामा नै घुलमिल स्वयम् भै दिने वासानाले

डाँडै ढाक्ने अनवरत यै चक्र जारी हुनाले ।

(तेस्रो सर्ग श्लोक ३१)

माथिको श्लोकमा एक पाउको अन्तिम अक्षर (लचक्क-छपक्क) र अर्को पाउको अन्तिम अक्षर (वासानाले-हुनाले) सँग मिलेको छ ।

### ३.५.९ छन्द वा लय विधान

यस खण्डकाव्यमा अनुष्टुप,मालिनी, मुन्दाक्रान्ता र शार्दूल विक्रीडित जस्ता चारवटा शास्त्रीय छन्दहरूको प्रयोग गरिएको छ । ती मध्ये प्रथम सर्गको ६५ श्लोकमा पोखरेलले अनुष्टुप छन्दको प्रयोग गरेका छन् । यो अनुष्टुप छन्दको प्रत्येक चरणमा ८,८ वर्ण हुन्छन् । प्रत्येक पाउमा पाँचौ अक्षर लघु र छैटौं अक्षर गुरु हुन्छ । जस्तै :

हाम्रो हिमालको काख स्वर्ग हो सम्झ मानव

पार्वती शिवको रोजा भएको त्यो क्रिडास्थल ॥

(प्रथम सर्ग श्लोक ५३)

मर्स्याङदी खण्डकाव्यको दोस्रो सर्गमा मालिनी छन्दको प्रयोग गरिएको छ । मालिनी छन्दमा नन मयय गण संकेत रहेको हुन्छ । अर्थात नगण(III), नगण(III), मगण(SSS), यगण(ISS) र यगण(ISS) हुन्छ । हरेक पाउमा १५ अक्षर हुन्छ । हरेक आठौं अक्षरमा यति हुन्छ । जस्तै :

कति कति तिलिचोका ताल बैनीहरू छन्

खुस भइ सब कास्कीतर्फ आई छरिन्छन्

जनहरू सब चिन्छन् ताल फेवा जहाँ छ

अरु अरु बुझ रूपाताल छन् वेगनाश ।

(दोस्रो सर्ग श्लोक ४)

तेस्रो सर्गमा मन्दाक्रान्ता छन्दको प्रयोग गरेका छन् । मन्दाक्रान्तामा मम नत तगुगु गण संकेत हुन्छ । यसको प्रत्येक पाउमा १७ अक्षर हुन्छन् । पाउको चौथो, छैटौं र सातौं अक्षरमा यति हुन्छ । जस्तै :

आमा मेरी रसिलि तिलिचो लेकम गै पुकार

मर्स्याङदी भै बुझ्न हुँ सरिता शैलमाला पुछार
यौटै जान्नु शिरपद दुबै अङ्ग यो भिन्न छैन
जो हो मै हुँ बुझ नजिकै भै सत्यता वाङ्गिदैन ।

(तेस्रो सर्ग श्लोक ११)

चौथो सर्गमा शार्दूल विक्रीडित छन्दको प्रयोग गरेका छन् । शार्दूलविक्रीडितमा मस जस ततगु गण संकेत रहेको हुन्छ । प्रत्येक पाउको अन्तमा एउटा गुरु हुन्छ । १९ अक्षर भएको एक पाउ यस छन्दमा रहन्छ । जस्तै :

ज्यादै रम्य पबित्र सुन्दर थलो रोजेर नेपालको
जन्मेकी अति सुन्दरी हिमसुता भै उच्च संसारको

हो जन्म स्थलमा त ताल तिलिचो त्यै नाम प्रख्यात भो
मर्स्याङदी सरिता भनिन्छ बहँदा अहिले नचिन्ने छ को ?

(चौथो सर्ग श्लोक १)

यसरी प्रस्तुत खण्डकाव्यमा शास्त्रीय छन्दहरूको प्रयोग गरेर काव्यको शोभा बढाएका छन् । कविले **मर्स्याङदी** खण्डकाव्यलाई ४ सर्गमा विभाजन गरी प्रत्येक सर्गमा छन्द परिवर्तन गरेका छन् तर, प्रयुक्त छन्दमा नियमवद्ध रहने कोसिस गरेपनि कतै कतै छन्दको नियम भङ्ग गर्न पुगेका छन् ।

### ३.५.१० प्रतीक वा बिम्बालाङ्कार विधान

अलङ्कार विधानका दृष्टिले हेर्दा प्रस्तुत **मर्स्याङदी** खण्डकाव्यमा शब्दालङ्कार भन्दा अर्थालङ्कारको प्रयोग बढी भएको पाइन्छ । **मर्स्याङदी** खण्डकाव्य कविको मूलतः प्रकृति काव्य हो तर लेखनाथको ऋतुविचार  जस्तो आलङ्कारिक काव्य चाँहि **मर्स्याङदी** खण्डकाव्य होइन  । यसमा अर्थालङ्कारमा उपमा, रूपक,उत्प्रेक्षा आदिको प्रयोग छ, तर सर्बाधिक प्रयोग शब्दालङ्कार अन्तर्गतको अन्त्यानुप्रासको रहेको छ । जस्तै :

अन्त्यानुप्रास

माथि हुन्छ अवश्यै हो स्वर्ग हुन्न नि मुन्तिर

वाफिलो ठाउँमा चित्त प्रसन्न हुन्न आखिर

(प्रथम सर्ग, श्लोक ५२)

यसरी कविलाई आलङ्कारिक हिसाबले हेर्दा यस खण्डकाव्यमा सर्वाधिक सफलता अन्त्यानुप्रासमा मिलेको छ । तिलिचो ताललाई आमा र मर्स्याङदी नदीलाई छोरीको उपमा दिएका छन् । यसमा उपमाको त्यति उल्लेख्य प्रयोग भने देखिदैन । उपमा बाहेक रूपक बिम्बालङ्कार आदिको दृष्टिले **मर्स्याङदी** खण्डकाव्य कमजोर नै देखिन्छ ।

### ३.५.११ संरचना विधान

**मर्स्याङदी** खण्डकाव्यको संरचनाको अध्ययन गर्दा जम्मा ४ वटा सर्ग रहेका छन् । प्रथम सर्गमा अनुष्टुप छन्दका ६५ वटा दुई हरफे कविता रहेका छन् । प्रथम सर्ग देखि नै विषयवस्तुको आरम्भ गरिएको छ । दोस्रो सर्गमा मालिनी छन्दका ३७ वटा श्लोक रहेका छन् । तेस्रो सर्गमा मन्दाक्रान्ता छन्दका ३६ श्लोक र चौथो तथा अन्तिम सर्गमा शार्दूलविक्रीडित छन्दका ३८ श्लोक रहेका छन् । यस खण्डकाव्यमा सबै सर्गका कूल १७६ वटा श्लोकहरू  रहेका छन् । खण्डकाव्यमा प्रथम सर्ग आरम्भ भाग, द्वितीय र तृतीय सर्ग विकास भाग र चौथो तथा अन्तिम सर्ग फलागम रहेका छन् । सबै सर्गहरू प्रायः समान लमाइका छन् । यसमा सर्गलाई बेग्लै शीर्षकीकरण गरिएको छैन । यसरी हेर्दा यस खण्डकाव्यको संरचनागत आयम र स्तरले परिपुष्टता प्राप्त गरेको देखिन्छ ।

### ३.५.१२  रसविधान

**मर्स्याङदी** खण्डकाव्यलाई भावविधानका दृष्टिले  अध्ययन गर्दा शम, स्थायी भावलाई केन्द्रिय भावका रूपमा प्रस्तुत गरिएको छ । यसमा अन्य सञ्चारी भाव पनि आएका छन् । शम भाव शान्त रसको स्थायी भाव हो (उपाध्याय, २०६१. पृ.१२१) । जस्तै :

मर्स्याङदी गरि अङ्कमाल मसिना खोला लिदै साथमा

भै गम्भिर निकै तरङ्गित हुँदै बग्छिन् सबै मासमा

(चौथो सर्ग,  श्लोक २०)

त्यस्तै यस काव्यमा करुण रस श्रृङ्गार, भयानक, अद्भुत र रौद्र रसको प्रयोग पनि कविले सफलता पूर्वक गरेका छन् । करुण रसको प्रयोग कविले यसरी गरेका छन् :

जस्को यौवन पूर्ण छैन कलिली ती शैलकी बालिका
यस्ता भीर पहाडमा सजिलरी खस्छिन नमानी धक
दुख्दो हो तन निश्चयै थिलथिलो ती मार्ग हिड्दा सबै
लाग्ने तर्क-वितर्क हण्डरहरू भोगिन्छन् कसोरि कठै ।

(चौथो सर्ग, श्लोक ७)

यसरी मर्स्याङदी खण्डकाव्यमा कविले विभिन्न रसभाव प्रस्तुत गरेका छन् । रसभाव तथा आलङ्कारिक दृष्टिकोणले प्रस्तुत खण्डकाव्य मध्यम खालको देखिन्छ । कविलाई भाव विधानका दृष्टिले भने यस खण्डकाव्यमा पूर्ण सफलता मिलेको छैन ।

### ३.५.१३ निष्कर्ष

**मर्स्याङदी** खण्डकाव्य (२०६३) कवि पोखरेलको प्रकाशनका हिसाबले चौथो कृति हो । स्वच्छन्दतावादी र प्रगतिवादी काव्यधाराको नजिक रहेको प्रस्तुत काव्य मूलतः प्रकृति काव्य हो । यसमा समुन्द्र सतह भन्दा ४९१९ मीटरको उचाइमा रहेको संसारकै सबैभन्दा अग्लो स्थानको तिलिचो ताललाई आमा र त्यसबाट मुहान बनाएर निस्केको मर्स्याङदी नदीलाई छोरी बनाएर मुख्य चरित्रका रूपमा उभ्याएका छन् । **मर्स्याङदी** खण्डकाव्यमा चार सर्गहरू छन् । प्रत्येक सर्गमा कविले छन्द परिवर्तन गरेका छन् । प्रथम सर्गमा हिमाल पारिको मनाङ जिल्ला, सर्वोच्च शिखर सगरमाथा, माछापुछ्रे मनासलु, लामटाङ, धवलागिरी आदि हिमश्रृंखला र दरौंदी नदी लगायत नेपालको प्रकृति छटाको सुन्दर चित्रण छ ।

दोस्रो सर्गमा तिलिचो ताल, कास्की जिल्लाको पोखरा स्थित फेवाताल, वेगनासताल, रूपाताल आदि तालतलैयाहरूको वर्णन गरेका छन् । त्यस्तै गरी तेस्रो सर्गमा मर्स्याङदी नदीको किनारका धुपी सल्ला, यार्सागुम्बा, नीरमसी जस्ता हिमाली वनस्पति र जडिबुटिको विवेचना गरेका छन् । अन्तिम तथा चौथो सर्गमा मर्स्याङदी नदीका सखीहरू नार, दुध, डादी, खुदी, दोर्दी, पाउँदी आदि स-साना खोलाहरूको व्याख्या रोचक ढङ्गले गरेका छन् । **मर्स्याङदी** खण्डकाव्य कविको विशुद्व प्रकृति काव्य हो । यसमा कविले प्रकृतिलाई नै मानवीकरण गरी प्रस्तुत गरेका छन् ।

कवितामा भाव माधुर्य, लय र चेतनामा गहनता छ । कतै कतै छन्द मिलाउनका लागि व्याकरणगत भाषिक नियमलाई तोडमोड गरि मिचिएको पाइन्छ । समष्टिगत रूपमा हेर्दा यस काव्यमा पोखरेलका सरलता, स्वभाविकता, प्रकृति प्रेम जस्ता काव्यगत प्रवृत्ति रहेका छन् ।

### ३.६ 'प्रतिबिम्ब' काव्यको विश्लेषण

#### ३.६.१ विषय परिचय

**प्रतिबिम्ब** काव्य कवि नारायण प्रसाद पोखरेलको प्रकाशनका हिसाबले पाँचौं काव्य कृति हो । देउराली अफसेट प्रेस प्रा.लि. पुतलीसडक काठमाडौंले प्रकाशन गरेको यस काव्यमा जम्मा ३८३ वटा कविताहरू रहेका छन् । ६ वटा सर्गमा संरचित **प्रतिबिम्ब** काव्य प्रत्येक सर्गमा छन्द परिवर्तन गरिएको छ ।

समाजमा विद्यमान विकृति र विसङ्गतिलाई विषयवस्तु बनाई प्रस्तुत गरिएको यो कृति कविको मौलिक कृति हो । यस कृतिमा कविको विचार, भाव र कला पक्षको राम्ररी विकास भएको छ । प्रस्तुत काव्यलाई निम्न लिखित काव्यतत्वको आधारमा विश्लेषण गरिएको छ :

(१) शीर्षक (२) विषयवस्तु (३) परिवेश (४) संरचना विधान (५) रस विधान (६) जीवनदृष्टि( ७) छन्द र लय विधान (८) उद्देश्य (९) भाषाशैली (१०) कथन पद्धति (११) प्रतीक वा बिम्बालङ्कार विधान

#### ३.६.२ शीर्षक

यस काव्यको नामाकरण **प्रतिबिम्ब** राखिएको छ । प्रतिबिम्बको शाव्दिक अर्थ ऐना वा पानी जस्तो टलकदार वस्तुमा देखिने छाया वा वाह्य वस्तुको स्पष्ट प्रतिरूप भन्ने हुन्छ ।

खासगरी कविले नेपाली समाजका विकृति, बेथिति र विसङ्गतिहरूको यथार्थ प्रतिबिम्ब यस काव्यमा उतार्ने जमर्को गरेका छन् । त्यसैले **प्रतिबिम्ब** शीर्षकले ध्वन्यात्मक अर्थ प्रदान गरेको छ । प्रस्तुति र विश्लेषणमा समाजको यथार्थ चित्र कोरिएको हुँदा प्रस्तुत काव्यको शीर्षक **प्रतिबिम्ब** राखिनु अत्यन्तै सार्थक र सान्दर्भिक देखिन्छ ।

यस काव्यका सर्गलाई अंक भनिएको छ , ती अंकहरू फुटकर कविताका रूपमा रहेका छन् ।

#### ३.६.३ विषयवस्तु

यस काव्यमा रहेका ६ वटा अंकहरूमा कविले फरक-फरक विषयवस्तु राखेका छन् । जुन यसप्रकारका रहेका छन् :

पहिलो सर्गमा कविले आफ्नो मातृभूमिप्रति अगाध प्रेम दर्शाउदै उपजाति छन्दमा यो देशको प्राकृतिक सुन्दरता र छटाको व्याख्या गरेका छन् तर यति सुन्दर पवित्र मुलुकमा दिन प्रतिदिन अनेकन विसङ्गति र बेथिति मौलाउँदै गएको तर्फ कविले चिन्ता व्यक्त गरेका छन् । देशमा लोभी पापी बढेको, रक्षक नै भक्षक भएको, ठूला ठालुकै हाली मोहली बढेको र गरीब निमुखा सोझा र सज्जनको दुरदशा भएको प्रति कवि चिन्तित छन् । कवि देश द्रोही, जनतामारा, घुस्याहा र कालो धन्दा गर्नेहरूप्रति चोटिलो प्रहार गर्दै भन्छन् :

शाखा प्रशाखा र नसा नसामा
घुमाउँदै फन फन भै देशमा
कुरूप कालो हतियार जाली
मासिन्न यो मूल जरो नफाली

(सर्ग १ श्लोक १९)

भन्सार कालो छ वजार कालो
उद्योग धन्दा व्यवसाय कालो
छामौ त सारा व्यवहार कालो
जतातत‌ै व्याप्त छ भ्रष्ट जालो

(सर्ग १ श्लोक २०)

देशमा व्याप्त भ्रष्टाचार र कालो बजारीको विरोध गर्दै लेखिएको पहिलो सर्गमा बिम्बात्मक, प्रतिकात्मक एवम् वर्णात्मक शैली छ । अलङ्कारिकतामा नै कविले जोड दिएका छन् ।

भाषा शीर्षक दिएर अनुष्टुप छन्दमा लेखिएको यो सर्गमा कविले राष्ट्रियताप्रति चर्को मोह दर्शाएका छन् । हिजो आज आधुनिकताको नाममा राष्ट्रभाषा र सनातन संस्कृतिप्रति मोह भङ्ग भई पाश्चात्य अंग्रजी भाषा र संस्कृतिप्रति अन्धानुकरणमा लागेका यूवा पीढीको व्याङ्ग्य गर्दै कवि यसो भन्छन् :

सुन्न पाइन्न नेपाली भाषामा शुद्ध भाषण

खैरे लवाजले पेल्यो छिः कस्तो छ प्रदुषण

(दोस्रो सर्ग श्लोक ४०)

नेपाल नै कहाँ होला नेपालीत्व डगेपछि ?

जन्मेको सार के होला आफैलाई ठगेपछि ?

(दोस्रो सर्ग श्लोक ४८)

प्रस्तुत सर्गमा कविले आफ्नो भाषा संस्कृतिप्रति मोह दर्शाएका छन् । वर्तमान राजनैतिक व्यवस्थासँग त्यतिकै सान्दर्भिक देखिने माथिका पङ्क्तिहरूमा नेपालको अस्तित्व र नेपाली पहिचान नरहने हो कि ? भन्ने प्रश्न गरिएको छ ।

तेस्रो सर्गमा कविले वेशभुषा र आभूषणप्रति व्यङ्ग्य गरेका छन् । खासगरी आजका युवा पुस्तामा प्रभाव जमाउँदै गएको अङ्ग प्रर्दशन, हिप्पीपहिरन, विज्ञापन र सुन्दरी प्रतियोगिताप्रति आक्रोश व्यक्त गर्दै यसो भनेका छन् :

अतिशय छ घृणाको टास्छ विज्ञापनैमा ?

रतिभर महिलाको इज्जतै राखिदैन ।

(तेस्रो सर्ग श्लोक २०)

किन हुनु प्रतियोगी सुन्दरी बन्नलाई

अझ पनि महिलाको चेतना भुट्नलाई ।

(तेस्रो सर्ग श्लोक ३०)

मालिनी छन्दमा लेखिएको प्रस्तुत सर्गमा युवा पुस्तालाई सामाजिक र सांस्कृतिक रूपमा सचेत तुल्याउन खोजेका छन् । समाज भ्रष्टाचार, व्यविचार र आडम्बरमा व्याप्त छ । जातीय स्वाभिमान र मौलिकता हराएकोप्रति कविले चिन्ता व्यक्त गरेका छन् । राष्ट्र, राष्ट्रियता र सांस्कृतिक सद्भावमा आँच आएकोप्रति कवि चिन्तित छन् । यस सर्गमा काव्यात्मक परिष्कार भन्दा उपदेशात्मक र आलोचनात्मक पक्ष सबल देखिन्छ ।

कविले चौथो सर्गमा मानिसमा रहेको स्वार्थीपन, छलकपट, दम्भ र घमण्डका बारेमा व्यङ्ग्य गरेका छन् । आज ठूला नेता हुन वा विद्वान वुद्धिजीवी सबै आडम्बरमा लिप्त छन् । समाजमा धनी मानिसकै हैकम छ । सोझा र इमान्दार हेपिएका छन् तर तिनै भ्रष्टहरूको गुणगान र अनुशरण गरिन्छ भन्दै कविले यसरी व्यङ्ग्य गरेका छन् :

घमण्डी पाखण्डी कतिपय मखण्डी जहर छन्

तिनै राम्रो ठानी अनुसरण गर्ने लहर छन्

(चौथो सर्ग श्लोक ४)

इमान्दारी कोही जन किन नहुन् निर्धन भए

कतै मानिन्नन् झन् सब तिर तिनै हेलित भए

(चौथो सर्ग श्लोक ८)

यस्तै कविले धनको आडम्बर जस्तै जात जातिको पनि उत्तिकै हैकम रहेको विचार व्यक्त गरेका छन् । योग्यता, सीप, पेसा र क्षमता भन्दा पनि कुलीनता र सम्पन्नताकै रवाफ छ । समाजमा हुँदा खाने भन्दा हुने खाने कै प्रशंसा गरिन्छ अर्थात गरी खाने भन्दा ठगी खाने प्रथा चलि आएको कुरालाई कविले व्याङ्ग्य गरेका छन् । शिखरिणी छन्दमा लेखिएको यस सर्गमा कविले समग्रतामा सामाजिक वेथिति विसङ्गतिको विश्लेषण गरेका छन् । जातीय विभेद लिङ्गिय र वर्गीय विभेदलाई पनि विषयवस्तु बनाएका छन् । बिम्व,प्रतिक र अलङ्कारको कमी भएपनि

वर्णात्मक शैलीमा मानवता, जातीयता, राष्ट्रियता, र समानताको पक्षमा आवाज बुलन्द पारेका छन् ।

वंशस्थ छन्दमा लेखिएको यस सर्गमा देशमा जतिसुकै ठूलो परिवर्तन भए पनि र प्रजातन्त्र वा त्यसको विकसित रूप भनिएको लोकतन्त्र आए पनि संस्कारमा परिवर्तन आएको छैन । देशद्रोही, गुण्डागर्दी भ्रष्टचारीहरू मौलाएकै छन् । आज वैदेसिक रोजगारीको भूतले नेपाली युवायुवतीलाई नराम्ररी गाँजेको छ । आफ्नो सुन्दर र पवित्र  मुलुकलाई चटक्क माया मारेर मानिसहरू  मुग्लान् पसेका छन् । यसबाट हाम्रो स्वाभिमान र सान गिरिरहेको छ अनि मातृभूमि रोएको कुरालाई कविले यसरी भनेका छन् :

रुँदैछ पाखा पहरा सधैंभरी
रुँदैछ वस्ती बुकुरा कठैवरी
(पाँचौ सर्ग श्लोक ३)

वियोगले पोल्दछ चित्त भत्भती
रुँदैछ माटो चुलिदैछ छट्पटी
(पाँचौ सर्ग श्लोक २५)

कवि नारायण प्रसाद पोखरेलको देशभक्ति र राष्ट्रप्रेमको भाव पछिल्ला सर्गहरूमा उत्कृष्ट र उच्च कलात्मक अभिव्यक्तिका साथ आएका छन् । रोमान्टिक भावधाराका कविताहरू कलात्मक मूल्यका आधारमा पनि उत्तम छन् । शब्द चयन र लय माधुर्यका हिसाबले पनि यो सर्ग अति उत्कृष्ट छ । स्वदेशको भक्ति गर्न, जन्मभूमिको आदर गर्न, स्वाभिमान र सान नगिराउन र जीवन जगतको यथार्थतालाई आत्मासाथ गर्न पाठक वर्गलाई यिनले अनुरोध गरेका छन् ।

कला र भाव दुवै दृष्टिले उत्कृष्ट रहेको यो छैटौं तथा अन्तिम सर्गमा कवि उत्कर्षमा पुगेका छन् । शार्दूलविक्रीडित छन्दमा लेखिएको यस सर्गमा प्रकृति, चित्रण, देशभक्ति र वीरताको गाथालाई कलात्मक ढङ्गमा प्रस्तुत गरेका छन् । रौद्र भाव,वीरभाव, करुण भाव र शान्तभावको राम्रो समीकरण गरेका छन् । यस सर्गमा गोरखाली वीरताको इतिहासलाई र गाथालाई भूल्न नहुने प्रण गरेका छन् । कविले गोरखाली भएकोमा गर्व गर्दै भनेका छन् :

सारा विश्व समाजले मुलुक यो गोरखा भनि चिन्दछन्

यो सर्वोच्च हिमाली वीरहरूको जन्मथलो भन्दछन्

(छैटौं सर्ग, श्लोक ६)

साम्राज्यवादी, सामन्तवादी, औपनिवेसिकताका विरोधी कविको चेतना मूर्त र सशक्त रूपमा मुखरित भएका छन् । गण्डक र कोसी सम्झौता गर्ने राजनेता प्रति चरम घृणा व्यक्त गर्दै यस्तो व्यङ्ग्य गरेका छन् :

पुर्खाले जति सुम्पिए जमिन ती टिष्टा तथा काङ्गडा

ऐले त्यो इतिहास मेटिन गयो खै वीरताको घडा ?

(छैटौं सर्ग, श्लोक ८)

यस सर्गमा कविले स्वाधिनता, स्वतन्त्रता र राष्ट्रिय अस्मिताको पक्षमा वकालत गरेका छन् । कवि औपनिवेशिकतालाई पटक्कै सहन सक्दैनन् । क्रान्तिकारी र विद्रोही भाव धारामा यिनले वीरताको गाथा गाउँदै जन्मभूमिलाई अखण्ड र स्वाधिन बनाउन पूनः एक पटक फुटेर होइन जुटेर मातृभूमिको मुक्तिका खातिर सङ्घर्ष गर्नुपर्ने प्रण गर्दछन् । तुच्छ स्वार्थ पूर्ति गर्नका लागि देशको अस्मितामाथि आँखा चिम्लने नेताहरूलाई धिकार्दै उच्चता, स्वाधिनता, जीवन्तता र पूर्णता प्राप्तिका लागि निश्वार्थ भावना र एकता चाहिन्छ भन्ने सन्देश पाठकलाई दिएका छन् ।

उच्च देशभक्ति र आत्मिय राष्ट्रप्रेमका भावहरू मुखरित भएको कवि पोखरेलको उक्त काव्य कलात्मक लय र भाव तत्वका दृष्टिकोणले पनि उत्कृष्ट छ । नेपाल र नेपाली मात्रको स्वाधिनता र वीरताको गाथाले भरिएको उक्त काव्यमा पोखरेल परिस्कृत कविका रूपमा देखा परेका छन् ।

### ३.६.४ परिवेश

यस काव्यको परिवेशलाई केलाउँदा नेपालको ऐतिहासिक पृष्ठभूमिमा रहेका घरायसी, राजनैतिक, सामाजिक, सांस्कृतिक आदि पक्षको विकृति वेथिति र विसङ्गतिहरूको प्रतिबिम्ब(चित्र) उतारिएको छ । ती प्रतिबिम्बहरू अधिकांश यथार्थतामा आधारित छन् भने, कहीँ कहीँ भावनात्मक र काल्पनिकताले पनि प्रश्रय पाएको छ । यस काव्यको परिवेशलाई निहाल्दा नेपाली समाजको

कटु यथार्थमा वर्गीयता, शोषण, उत्पीडन र दमनको सफल चित्र उतारिएको छ । यहाँ कविका प्रगतिवादी, क्रान्तिकारी र विद्रोही चिन्तन सवल रूपमा प्रस्फुटन भएका छन् ।

प्रस्तुत काव्यको पहिलो सर्गमा भ्रष्टचार शीर्षकमा नेपालको प्राकृतिक सुन्दरता, वीरताको इतिहासमा बिम्बात्मक, प्रतिकात्मक तथा आलङ्कारिक वर्णन गरीएको छ । अन्तिम सर्गमा वीरगाथामा आधारित नेपाली गोरखाली वीर जातिका  साहसिक युद्धलाई आत्मसाथ गरी आजका युवामा देखिएको विदेश पलायनलाई रोक्नुपर्ने धारणा व्यक्त गरेका छन् । साथै कविले सामाजिक एकता, व्यावहारिक शिक्षा तथा विकास र उन्नतिको चाहना पनि राखेका छन् ।

कवि पोखरेलको **प्रतिबिम्ब** काव्यको भौगोलिक परिवेशलाई निहाल्ने हो भने, हाम्रो मुलुक भरी नै अझै पनि विकृति र विसङ्गति नै झाँगिएको र मौलाएको पाइन्छ । ती विसङ्गतिहरू चाहे राजनैतिक हुन् वा सामाजिक आर्थिक र सांस्कृतिक किन नहुन् सबै खालका बेथितिहरूले नेपाली समाजमा पहिलेदेखि नै जरा गाडेका र अहिले पनि विद्यमान रहेका छन् । त्यस्ता विकृतिले हाम्रो मुलुकको गाँउदेखि सहरसम्म नै नराम्ररी गाँजेको पाइन्छ । समाज दिन प्रतिदिन झन्झन् कलुषित बन्दै गएको छ ।

यस काव्यमा कविले वीरपुर्खाहरूको साहसिक युद्ध साम्राज्यवादीहरूको हार र गोरखाली वीरहरूको विजयको वीर गाथाको इतिहास देखि वर्तमान समयसम्मको सामाजिक, सांस्कृतिक पक्ष र तिनका विकृति वेथितिसम्मका काल खण्डलाई समावेश गरेका छन् ।

### ३.६.५ संरचना विधान

यस काव्यको संरचनागत संगठनलाई हेर्दा सहज र सामान्य खालको देखिन्छ । यसमा जम्मा ६वटा सर्गहरू छन् । काव्यको पहिलो, दोस्रो, तेस्रो, चौथो, पाँचौ, छैटौ अङ्क भनी नामाकरण गरिएको छ । सबै अङ्कमा छन्द परिवर्तन गरिएको छ । पहिलो अङ्क भ्रष्टाचार शीर्षकमा ४३ श्लोकहरू छन् । दोस्रो अंक भाषा र संस्कृतिका बारेमा छ । यसमा ६७ श्लोक रहेका छन् । तेस्रो अंकमा महिला र वेशभुषाका बारेमा लेखिएको छ । यसमा ३५ श्लोक छन् । चौथो अंक मानिसमा रहेका आडम्बर र विभेदका बारेमा छ । यस अंकमा २६ श्लोकहरू समावेश छन् । पाँचौ अंकमा कविले देशमा आएको राजनैतिक  परिवर्तनले व्यवहारमा परिवर्तन ल्याउन नसकेको गुनासो गरेका छन् भने यसमा ३८३ श्लोकहरू छन् । अन्तिम अङ्क वा छैटौ

अंकमा कविले नेपालीहरूको ऐतिहासिक वीरगाथा गाएका छन् र नेताहरूप्रति असन्तुष्टि व्यक्त गरेका छन् यस अंकमा ३६ श्लोकहरू समावेश गरेका छन् ।

काव्यको तेस्रो र चौथो अंकमा कवि समग्रमा कमजोर रूपमा प्रस्तुत भएका छन् भने पाँचौं र छैटौ अंकमा उत्कृष्ट छन् । यस काव्यमा कवि सक्षम र सबल रूपमा प्रस्तुत भएका छन् ।

### ३.६.६ रस विधान

रस काव्यको आत्मा हो । यसले पाठकको हृदयमा आस्वादनयूक्त अनुभूति दिन्छ । भावाव्यक्ति भित्र गहनता, बौद्धिकता, हार्दिकता, सरसताको साथै विचार र भावको सन्देशको अपेक्षा राखिन्छ । प्रस्तुत **प्रतिबिम्ब** काव्यमा वीररसलाई अङ्गी रस बनाइएको छ । यसको अतिरिक्त कविले रौद्र, भयानक, विभत्स, र शान्त रसको प्रयोग पनि उत्तिकै सफल रूपमा गरेका छन् । गोरखाली वीरयोद्धाहरूको सौर्य र साहसको प्रशंसा गर्दै कविले वीर रसको प्रयोग यसरी गरेका छन् :

गोरखाली खुकुरी सफा किरणमा ऐनासरी टल्कियो
गोरखालीजन सैन्य जित्न रण त्यो आगो बनी सल्कियो
के बैंसालु युवा र वृद्ध महिला जम्मै जुरुक्कै उठे
रक्षा गर्न सबै मिलेर घरको चट्टान बन्दै जुटे ।

(छैटौ सर्ग श्लोक ४)

प्रस्तुत काव्यको प्रत्येक सर्गमा कविका भाव अभिव्यक्ति फरक-फरक किसिमको छ । फुटकर कविताका रूपमा आएका यी सर्गहरूमा छन्दको साथै भावको प्रस्तुति पनि अलग-अलग किसिमको छ । भाव विधानका दृष्टिले **प्रतिबिम्ब** काव्य उत्कृष्ट देखिन्छ ।

### ३.६.७ जीवन दृष्टि

काव्य कृति सर्जकको वैचारिक प्रस्तुतिको माध्यम पनि हो । कवि कुनै न कुनै विचारबाट प्रभावित भएकै हुन्छ । समाजमा दिनप्रतिदिन अनैतिकता, घुसखोरी र तस्करी बढेको छ । सामाजिक, सांस्कृतिक, नैतिक हरेक दृष्ट्रिले दूषित बन्दै गइरहेको छ । कविको विद्रोहको स्वर यसैतर्फ केन्द्रित छ । तसर्थ **प्रतिबिम्ब** काव्यमा कवि प्रगतिवादी, विद्रोही र क्रान्तिकारी कविका रूपमा देखिएका छन् । समाजमा भएका विकृति, वेथिति, विसङ्गति जस्ता खराब आचरणको पर्दाफास गर्नु र शुद्ध आदर्श समाजको परिकल्पना नै प्रस्तुत काव्यको जीवनदृष्टि रहेको देखिन्छ ।

### ३.६.८ छन्द र लयविधान

छन्द काव्यको गहना हो । काव्यलाई सुन्दर तथा लालित्यपूर्ण बनाउन लयविधानको महत्वपूर्ण भूमिका रहन्छ । **प्रतिबिम्ब** काव्यमा कविले ६वटा सर्गमा फरक-फरक छन्दको प्रयोग गरेका छन् ।

प्रथम सर्गमा उपजाति छन्दको प्रयोग भएको ४३ वटा कविता रहेका छन् । उपजाति छन्दमा उपेन्द्रवज्रा र इन्द्रवज्राको प्रयोग हुन्छ । उपेन्द्रवज्रामा त त ज गु गु गण संकेत हुन्छ अर्थात तगण (SSI), तगण (SSI), जगण(ISI) र दुई गुरु (SS) रहन्छ । त्यस्तै उपेन्द्रबज्रामा ज त ज गु गु गण संकेत हुन्छ अर्थात जगण(ISI), तगण(SSI),जगण(ISI) र दुई गुरु (SS) हुन्छ ।

जस्तै : पाले कती भ्रष्ट भएर लाटो
SSI SSI ISI SS (इन्द्रबज्रा)
ठूलो भूँडी फोर्न उठाउ लाठो ।
हे कर्म योध्दा अबको छ बाटो
ISI SSI ISI SS (उपेन्द्रबज्रा)
सबै मिली मुक्त गराउँ माटो । (प्रथम सर्ग श्लोक ४३)

दोस्रो सर्गमा ६७ वटा कविताहरू छन् । यो सर्गमा कविले अनुष्टुप छन्दको प्रयोग गरेका छन् । अनुष्टुप छन्दमा प्रत्येक पाउमा आठ अक्षर रहेको हुन्छ । विषम पाउमा सातौं अक्षर गुरु र सम पाउमा सातौं अक्षर लघु हुन्छ । प्रत्येक पाउको पाँचौ अक्षर लघु र छैटौं अक्षर गुरु हुन्छ । जस्तै :

जीर्ण सत्ता त मिल्कायौं
रूपमा छैन त्यो तर
खराबी सारमा जे छन्
मिल्किएको कहाँ छ र !

(दोस्रो सर्ग श्लोक ९)

तेस्रो सर्गमा मालिनी छन्दमा ३५ वटा श्लोकको रचना गरेका छन् । मालिनी छन्दको प्रत्येक पाउमा १५ अक्षर हुन्छ । हरेक आठौं अक्षरमा यति हुन्छ । यसमा न न म य य( अर्थात नगण(III), नगण(III), मगण(SSS), यगण(ISS) र यगण(ISS) गण सङ्केत रहेका हुन्छन् (थापा,२०६६ :२६३)। जस्तै :

चिन कठपुतलीझैं दिन्छ करुले नचाई
( III III SSS ISS ISS)
दिन दिन महिलाको अस्मिता बेच्नलाई ।
(तेस्रो सर्ग श्लोक २१)

चौथो सर्गमा कविले शिखरिणी छन्दका २६ वटा कविताहरू प्रस्तुत गरेका छन् । शिखरिणी छन्दमा प्रत्येक पाउमा १७ अक्षर हुन्छन् । यसमा य म न स भ ल गु गण संकेत हुन्छ । अर्थात यगण(ISS), मगण(SSS), नगण(III), सगण(IIS), भगण(SII) र अन्तमा एउटा लघु (I) र एउटा गुरु (S) हुन्छ । जस्तै :

म नेता हुँ मेरै छबि छ सुकिलो उच्चतहको
(ISS SSS ISI IIS SII IS)
म झैं बाठो टाठो सबतिर हुने खै अरु छ को ?
(चौथो सर्ग श्लोक १२)

पाँचौं सर्गमा जम्मा ३८ श्लोक छन् । यस सर्गमा वंशस्थ छन्दको प्रयोग भएको छ । वंशस्थ छन्दमा एउटा पाउमा १२ अक्षर हुन्छन् । यस छन्दको गण संकेत ज त ज र हो । अर्थात जगण(ISI), तगण(SSI),तगण(ISI) र रगण(SIS) हुन्छ (पराजुली, २०५५ : २१५) ।

जस्तै : इराकमा सेरिनु भोग्नु दुर्गति
(ISI SSI ISI SIS)
बिजोग बेइज्जत भो दुबै अति ।

छैटौं सर्गमा कविले २६ वटा कविता शार्दूलविक्रीडित छन्दको प्रयोग गरी लेखेका छन् । यस छन्दमा १९ अक्षर हुन्छ । यस छन्दको गण संकेत म स ज स त त गु हो । अर्थात मगण(SSS), सगण(IIS), जगण(ISI), सगण(IIS), तगण(SSI) तगण(SSI) र अन्तिममा एउटा गुरु (S) हुन्छ (थापा, २०६६ : २६४) ।

गोर्खाली खुकुरी सफा किरणमा ऐनासरी टल्कियो

(SSS IIS ISI IIS SSI SSI S)
गोर्खाली जन सैन्य जित्न रण त्यो आगो बनी सल्कियो ।
(छैटौं सर्ग श्लोक ४)

यसरी कविले प्रस्तुत **प्रतिबिम्ब** काव्यलाई ६ सर्गमा विभाजन गरी प्रत्येक सर्गमा छन्द परिवर्तन गरेका छन् तर प्रयुक्त छन्दमा नियमवद्ध रहँदा रहँदै पनि उनले कही कतै छन्दको

उलंघन गर्न पनि पुगेका छन् । लय र छन्दका दृष्टिकोणले कविलाई सर्वाधिक सफलता चाहि शार्दूलविक्रीडित छन्दमा मिलेको छ । यस काव्यमा शिखरिणी छन्दका रचना र वंशस्थ छन्दका रचना अन्य छन्दका भन्दा भावगत रुपमा केही कमजोर देखिन्छन् । समग्रतामा यस काव्य कृतिमा कविले कवि प्रौढोक्ति कथन पद्धतिलाई आत्मा साथ गरेका छन् । केही सर्गलाई छाडेर कवि प्रभावशाली रहेका छन् । व्याङ्ग्ययुक्ति प्रधान यो कृति कविको उत्कृष्ट कृति हो ।

### ३.६.९ उद्देश्य

**प्रतिबिम्ब** काव्य कवि पोखरेलको दोस्रो चरणको पहिलो कृति हो । यसमा कविले सामाजिक कुकृत्य, अन्याय, अत्याचार, शोषण, भ्रष्टचार, घुसखोरी जस्ता सामाजिक कलङ्कलाई निर्मूल पार्ने उद्देश्य राखेका छन् । देशमा एकातिर भ्रष्टचार मौलाएको छ भने अर्कोतिर सामाजिक विसंगति र विकृति फस्टाउँदै गइरहेकाले आजका यूवापिंडीहरू यसबाट प्रभावित हुँदै गइरहेका हुन् । तिनै यूवालाई सही सन्देश दिएर सामाजिक विकृति विसङ्गतिबाट जोगाई शुद्ध समाजको निमार्ण गर्नु नै **प्रतिबिम्ब** काव्यको मुख्य उद्देश्य रहेको देखिन्छ । **प्रतिबिम्ब** काव्यमा समाजको यथार्थ प्रतिबिम्बलाई उतार्ने उद्देश्य पनि कविले राखेका छन् ।

### ३.६.१० भाषा शैली

**प्रतिबिम्ब** काव्यमा प्रयोग भएको भाषाशैली हेर्दा कवि सरल रूपमा प्रस्तुत भएका छन् । विभिन्न किसिमका अनुप्रास अलङ्कारको प्रयोग यसमा देखिन्छ । यस काव्यमा कतै कतै कथ्य भाषाको प्रयोग भए पनि त्यो अस्वभाविक खालको छैन । काव्यमा समग्रतामा अन्त्यानुप्रासलाई नै महत्व दिइएको छ । लय र शैली माधुर्यले काव्यलाई साङ्गीतिक तुल्याएको पाइन्छ । यस काव्यमा घटीमा आठ अक्षर हुने अनुष्टुप छन्दका साथै उपजाति, मालिनी, शिखरिणी आदि छन्द देखि बढी १९ अक्षर हुने शार्दूलविक्रीडित छन्दको समेत सफल प्रयोग भएको छ ।

समग्रमा हेर्दा तद्भव, आगन्तुक तथा तत्सम शब्दको स्तरीय भाषाशैली प्रयोग भएको छ भने, कतै-कतै जनजिब्रोका कथ्य भाषाले पनि ठाउँ पाएको छ । पदकोटीका दृष्टिले नामिक पद, क्रियापद, सर्वनाम, विशेषण पद, संयोजक तथा निपात आदिको प्रयोग यस कृतिमा कविले सफल रुपमा गरेका छन् ।

### ३.६.११ कथन पद्धति

प्रस्तुत **प्रतिबिम्ब** काव्यमा कविले आफ्ना भावहरूको स्वच्छन्द रूपमा प्रस्तुत गर्ने क्रममा कतै स्पष्ट रूपमा कविप्रौढोक्ति कथन पद्धति प्रयोग गरेका छन् । कतै अप्रत्यक्ष कथनपद्धति पनि देखिन्छ । यहाँ मुख्यतः तृतीय पुरुषप्रधान कविनिवद्धवक्तृप्रौढोक्ति कथन पद्धतिको प्रयोग गरेका छन् । यस कथन पद्धति भित्र पनि कतै वर्णनात्मक र मनोवादात्मक विधिको अन्तरमिश्रण रहेको छ ।

### ३.६.१२ प्रतीक वा बिम्बालङ्कार विधान

**प्रतिबिम्ब** काव्यमा विभिन्न सर्गहरूमा विविध प्रतीकहरूको प्रयोग गरेका छन् । कतै प्राकृतिक, सांस्कृतिक, जीवजन्तु आदिका बिम्ब विधान प्रयोग गरेका छन् । शब्दालङ्कार अन्तर्गत विभिन्न प्रकारका अनुप्रासहरू र अर्थालङ्कारमा उपमा, रूपक, उत्प्रेक्षा, दृष्टान्त आदि अलङ्कार प्रयोग भएको पाइन्छ । जस्तै : रूपक अलङ्कार

बिषसरि बुझ लाली ओठमा भो नलाऊ
मन मगज विगार्ने हत्कडी छन् फुकाऊ

(तेस्रो सर्ग, श्लोक ३३ )

यसरी विभिन्न अलङ्कारहरूको प्रयोग कविले यस काव्यमा सफलता पूर्वक गरेका छन् । अलङ्कारको प्रयोगमा आलङ्कारिक सौन्दर्य भन्दा पनि सहज किसिमका प्रस्तुति छन् । सत्ताको पछि लाग्ने नेतालाई पाखण्डी, मखण्डी र जहरको उपमा दिएका छन् । त्यस्तै असमान सन्धि गर्ने नेतालाई स्वाँठ र ब्वाँसोको उपमा दिएका छन् । बिम्ब अलङ्कार तथा आलङ्कारिक सौन्दर्यका हिसाबले प्रस्तुत काव्य कमजोर नै देखिन्छ ।

### ३.६.१३ निष्कर्ष

**प्रतिबिम्ब** काव्य प्रकाशनका हिसाबले कवि नारायण प्रसाद पोखरेलको पाँचौ काव्य हो । देशमा चलिरहेको अस्वस्थ खालको चलन, सामाजिकता, विकृति बेथिति, घुसखोरी, भ्रष्टाचारीको विरोध यस काव्यमा छ । राष्ट्रियतालई वन्धक राखेर गरिएको असमान सन्धि सम्झौताको विरोध पनि प्रस्तुत काव्यमा कविले गरेका छन् । राष्ट्रिय, स्वाधिनतामा आँच, तुच्छ राजनिति, सामाजिक परिवेशमा विसङ्गति, पाश्चात्य संस्कृतिको प्रभाव, मानिसमा बढ्दै गएको स्वार्थी प्रवृत्ति आदि जस्ता विसङ्गति र विकृतिबाट प्रभावित भएर कविले प्रस्तुत काव्य रचना गरेका छन् । फुटकर कविताको हैसियतका सर्गवद्ध प्रस्तुत काव्यमा ६ वटा सर्ग छन् ।

स्वच्छन्दतावादी प्रगतिवादी धाराको नजिक रहेको **प्रतिबिम्ब** काव्यमा क्रान्तिकारी र विद्रोही स्वर पाइन्छ । विचार र दृष्टिकोणमा अलमलिएका कवि राष्ट्रियताको पक्षमा खरो रूपमा प्रस्तुत भएका छन् । झर्रा नेपाली शब्द र कथ्य भाषाको बाहुल्यता रहेको यस काव्यमा सरल वाक्य ढाँचाको प्रयोग गरेका छन् । यति बेलासम्म प्रकाशित भएका अन्य कृतिका तुलनामा **प्रतिबिम्ब** काव्यले कविको काव्यगत उचाइ प्राप्त गरेको छ भन्नु अतियुक्ति हुँदैन ।

## ३.७ अमरगाथा महाकाव्यको विश्लेषण

### ३.७.१ विषय परिचय

**अमरगाथा** महाकाव्य कवि नारायण प्रसाद पोखरेलको प्रकाशनका  दृष्टिकोणले छैटौं तथा अन्तिम काव्य कृति हो । प्रस्तुत कृति शुभदृष्टि छापाखाना प्रा.लि. काठमाडौंबाट प्रकाशन गरिएको हो । २०६७ साल चैत्र १५ गते प्रकाशन गरिएको यो महाकाव्य कवि पोखरेलको ऐतिहासिक कृति हो । यसमा ने.क.पा. माओवादीले सञ्चालन गरेको १० वर्षे जनयूद्ध  र यसका नायक सुरेश वाग्लेको जीवन गाथाको विवेचना गरिएको छ । प्रगतिवादी सोच, क्रान्तिकारी विचार, विद्रोही भाव धारामा रचिएको यस महाकाव्यमा १७ वटा सर्गहरू  छन् । प्रत्येक सर्गमा छन्द परिवर्तन गरिएको छ । यसमा जम्मा २०९५ वटा कविताहरू  छन् । **अमरगाथा** महाकाव्य प्रचलित महाकाव्य परम्पराको क्रमभङ्गता हो ।

कविताको वृहत् वा वृहत्तर रूप नै महाकाव्य हो । व्युत्पतिगत रूपमा हेर्दा महत् काव्यबाट महाकाव्य शब्दको निमार्ण हुन्छ । पूर्वीय साहित्यमा भामहदेखि र पाश्चात्य साहित्यमा अरिष्टोटलदेखि नै महाकाव्यको स्पष्ट परिभाषा व्यक्त गरेको पाइन्छ । भामहदेखि जगन्नाथ सम्म र त्यसपछिका भारतीय तथा बंगाली एवम् नेपाली विद्वानहरू  तथा अरिष्टोटलदेखि सी.यम. बाबरा र कवि आदि विभिन्न विद्वानहरूको विचार लाई समीकरण गर्दा महाकाव्यलाई यसरी चिनाउन सकिन्छ :

महाकाव्य उच्चनायक र उच्च कथानकले युक्त पञ्चसन्धि समन्विता, आलङ्कारिकता, सर्गवद्ध, एवम् छन्दवद्ध कृति हो  । यसले आफ्नो गम्भीर कथानक भित्र शाश्वत मूल्य पनि बोकेको हुन्छ । यसभित्र युग, संस्कृति एवम् समाजका कथानकलाई लिएर लेखिएको लामो र पूर्ण कवितात्मक कृति नै महाकाव्य हो ।

महाकाव्य हुनुको निमित्त त्यसलाई आवश्यक पर्ने घटक तत्वहरूलाई नै महाकाव्य भनिन्छ। महाकाव्यका लागि आवश्यक तत्वहरूका रूपमा पूर्वीय आचार्यहरूले कस्तु, नेता, रस, उद्देश्य र शैलीलाई भनेका छन् भने, पश्चिमाहरू कथावस्तु, चरित्र, विचार र शैली गरी चार तत्वलाई नै महाकाव्य तत्वका रूपमा लिन्छन् । **अमरगाथा** महाकाव्यलाई निम्न लिखित महाकाव्यका आधाभूत तत्वहरू का आधारमा विश्लेषण गरिएको छ :

(१) कथानक (२) शीर्षक विधान (३) पात्रविधान (४) परिवेश विधान (५) संरचना

(६) बिम्बालङ्कार विधान (७) रसविधान (८) वैचारिकता वा जीवनदृष्टि (९) उद्देश्य

(१०) छन्द वा लय विधान (११) कथनपद्धति

**३.७.२ कथानक**

**अमरगाथा** महाकाव्यमा १७ वटा सर्गहरू रहेका छन्। प्रत्येक सर्गमा फरक-फरक खालका कथानक र पूर्वीय मान्यता अनरूप सर्गान्तमा छन्द परिवर्तन पनि गरिएको छ। उदाहरण सहित कथानकको विश्लेषण निम्नानुसार गरिएको छ।

महाकाव्यको प्रथम सर्गमा मंगलाचरण हुन्छ भन्ने पूर्वीय मान्यतालाई पच्छ्याउँदै, कविले यसलाई क्रान्तिकारी रूपान्तरण गरेका छन् । जहाँ मंगलाचरणमा कुनै देवता वा धीरोदात्त व्यक्तिको मंगलाचरण नगरी श्रमको महिमा यसरी गाएका छन् :

श्रम औ चेतनाबीच
नङ्ग मासु समानको
सम्बन्ध हुन्छ साराले
बुझ्नै पर्ने कुरा छ यो।

(तेस्रो सर्ग, श्लोक १५)

कविले गोरखाली तथा समस्त समाजको सामाजिक, आर्थिक, सांस्कृतिक चित्रण गरेका छन्। अन्याय विरूद्ध लड्ने, अधिकारको निम्ति संघर्ष गर्ने आह्वान पनि कविले यस अङ्कमा गरेका छन् । त्यस्तै कविले यस सर्गको अन्ततिर नायकलाई आएको विद्रोहको निमन्त्रणा र यात्राको वर्णन गरेका छन् । गोरखाको प्राकृतिक सुन्दरता, जंगली जनावर चराचुरुङ्गी तथा गाउँ बस्ती आदिका बारेमा पनि वर्णन गरेका छन्।

दोस्रो र तेस्रो सर्गमा पनि कविले गोरखाको यात्रा अनुभूतिकै व्याख्या गरेका छन् । सिराञ्चोक लेक प्रस्थानबाट तेस्रो अङ्क आरम्भ भएको छ । यात्राको क्रममा भेटिएको भूगोल वर्गीय समाजका पिडा र व्यथा एवम् बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक परिवेशको वर्णन यस सर्गमा कविले गरेका छन् । साथै मानिसले स्वतन्त्रता, समानता र अधिकारका लागि संघर्ष गर्नुपर्ने सङ्खघोष पनि कविको छ । गोरखाको भीर पाखा, टार वेसी तथा गाँउवस्तिमा र थालाजुङ्गको लेकाली डाँडाहरूमा घुमेका गोठाला-युवतीसँगको भेटको प्रसङ्गको स्मरण पनि कविले गरेका छन् । उक्त ठाँउमा अहिले सन्देशको वियोग र पिडालाई कविले यसरी व्यक्त गरेका छन् :

बाँडथे उनले सुयोग्य सपना अन्याय निम्ट्याउँन
सिङ्गो देश सिंगार्न कत्ति नभूली खट्थे उनी दिन दिन
माटो मूर्छित भईरहेछ अहिले सन्देश भैनन् भनी
प्यारो पुत्र पवित्र यो मुलुकको सन्देश नै हुन भनी ।

(दोस्रो सर्ग श्लोक ८९)

चौथो सर्ग बृद्धासंगको वार्तालापमा आधारित छ । यस सर्गमा कविले गुरुङ जातिको जातीय पहिचान र उनीहरूको सांस्कृतिक पक्षको वर्णन गरेका छन् । गुरुङ जातीको सोरठी नाचको चर्चा पनि यस अंकमा  छ । पाँचौ सर्गदेखि कविले सहिदको कथा प्रारम्भ गरेका छन् । यसै सर्गदेखि कविले कथाका नायक सन्देशको जन्म र बाल्यकालको वर्णन गरेका छन् । सन्देशको शिक्षारम्भ यसैबेलादेखि भयो । सानैदेखि प्रगतिशील विचार बोकेका सन्देश गाँउमा अन्याय अत्याचारको विरूद्ध सघर्ष र सधै गरिवका पक्षमा वकालत गर्दै आएका छन् । अध्यक्ष वीरे साहुले दलित चन्द्रेलाई गरेको अन्याय अत्याचारको विरूद्ध विद्रोह गर्दै सन्देशले यस्तो गुनासो पोखेका छन् :

जसको काम गरेर कठै दमाई टाक्सियो
त्यै साहु अंझै घाटामा परें भन्नु के योग्य हो
रगत सधै यी निमुखाको मस्तले घिचेका
श्रमिकलाई पशु झै ठानी कति भो थिचेका ?

(पाँचौं सर्ग श्लोक ९७)

यस सर्गमा पनि कथाका नायक सन्देशको जीवन गाथाकै वर्णन गरेका छन् । बृद्ध र सन्देशको वार्तालापका क्रममा सिराञ्चोकको सफा, शुद्ध र शीतल वातावरणमा नेताहरूको आचरणमा पनि शुद्धता र सुबुद्धि पलाएको तर वाग्मती र विष्णुमतीको दुर्गन्धी वातावरणसँगै पथभ्रष्ट भएका नेताको कुर्ची मोहको विरोधमा कविले यसरी व्यङ्ग्य गरेका छन् :

के वाग्मती के विष्णुमती धेरैको दुर्गति
दुर्गन्ध बोकी हर्दम आज भाग्दैछन् पीडा ती
ठूला हूँ भने ठान्दछन् जो-जो त्यो रोग सुँघेर
बसेकाले नै भएका भ्रष्ट दुर्गति बढेर ।

(छैटौं सर्ग श्लोक ३१)

सातौं सर्गमा सन्देशको बाल्यकालको वर्णन छ । गाउँले ठिटो सन्देश अध्ययनकै क्रममा घर छाडेर हिडेका छन् । यहीँ देखि उनको विचारमा परिपक्वता आएको तथा चिन्तनमा परिवर्तन भएको देखिन्छ । उनी वर्ग दुस्मन छुट्याउन सक्ने भएका छन् । उनमा वर्ग वैरी विरूद्ध घृणा गर्ने, अन्याय अत्याचारको विरूद्ध संघर्ष गर्ने, विद्रोही भावनाको विकास भएको छ । यति बेला देखि नै सन्देशले संसार बदल्ने अठोट गरेका छन् । यसरी जागरण र चेतनाको कारण सन्देश विस्तारै-विस्तारै पार्टी सम्पर्कमा पुग्न थालेको घटना यस सर्गमा छ । उनी सामन्तवादी राज्यसत्ताप्रति आक्रोसित देखिन्छन् । यो सत्ता ढाल्ने कोशिस यसरी गरेका छन् :

यो चानेचुने धक्काले  मात्रै भत्कन सक्दैन
हजारौ हात तागत नभइ यो डग्दै डग्दैन्

(सातौं सर्ग श्लोक ९०)

सन्देशमा पलाएको विद्रोही भावना र वर्ग वैरी विरूद्धको चेतना अझै माझिदै आएको छ । उनी बसी खाने र गरी खाने वर्ग बीचको विभेद स्पष्ट रूपमा छुट्याउन सक्ने भइसकेका छन् । साथै उनलाई आफ्नो देशको ऐतिहासिक, पृष्ठभूमि र वीरताको गाथा पनि विस्तारै ज्ञान हुन थालिसकेको छ । वर्गीय युद्धकै क्रममा विश्वमा भएका ठूला-ठूला क्रान्तिहरू  प्रतिक्रान्तिमा

बदलिएकोप्रति पनि उनी सचेत छन् । त्यसैले आज सुधारवादको होइन क्रान्तिकारी बाटो अवलम्बन गर्नुपर्छ भन्दै यस्तो विचार  व्यक्त गर्दछन् :

देखियो वैलिँदो गिर्दो रुसी क्रान्ति बिसर्जन
भुत्तेबाटो समातेको गतिलो हुदैन चिन्तन्
पच्छ्याएर त्यही बाटो हिड्ने गुट यहाँ कति
यिनैका पछि लागेमा क्रान्ति केही हुन्न उन्नति ।

(आठौं सर्ग श्लोक ३४)

नवौं सर्ग सम्म आइपुग्दा सन्देशमा ज्ञानको क्षितिज केही फराकिलो भइसकेको छ । पूर्वीय वेदान्त दर्शन, रामायण र श्रीमद्भागवत गीतादेखि मार्क्स एङ्गेलस लेलिन, माओ र गोर्की तथा लु-सुन सम्मका कृतिहरू  पढी विश्व सर्वाहारा वर्गको पक्षपातीका रूपमा आफूलाई उभ्याएका छन् । सन्देशले नेपाली क्रान्ति सफल पार्ने ग्रामिण वर्ग संघर्षको बाटो रोजेका कुरा कविले यसरी व्यक्त गरेका छन् :

लिए तिनले नयाँ बाटो गाउँवस्ती उठाउन
नेपाली जनतालाई एकतामा जुटाउन ।

(नवौं सर्ग श्लोक १५)

यस सर्गमा पनि कविले नेपाली समाजको कला र संस्कृतिको व्याख्या विश्लेषण गरेका छन् । यता सन्देशमा राजनैतिक विचार  पनि परिपक्क हुँदै आएको छ । उनी समाजका विकृति बेथिति र वर्गीय हीतका लागि विद्यार्थी राजनीतिमा सक्रिय हुन थालेका छन् । उनी साथीभाइ बीच पनि प्रिय बन्दै गएको प्रसङ्ग  कविले यसरी व्यक्त गरेका छन् :

अभाव कष्टका साथ जुट्ने सन्देश धीर भै
विद्यार्थी भित्रका माझ प्रिय बन्दै सधै सधै ।

(दशौं सर्ग श्लोक ४५)

सन्देश गोरखा फर्किएका प्रसङ्गबाट एघारौं सर्ग शुरु भएको छ । यस सर्गमा पनि कविले गोरखाको ऐतिहासिक पृष्ठभूमि गोरखालीहरूको मातृभूमि प्रतिको समपर्ण, त्याग र गोरखाका वीर सपूतहरू  प्रथम सहिद लखन थापा, वीर अमरसिहं थापाको ऐतिहासिक गाथा गाएका छन् ।

तानाशाहबाट जनता चुसिएका बेला र राष्ट्रिय स्वाधिनता एवम् अखण्डतामा आँच आउँदा वीर गोरखालीहरूले वीरताको लडाइ लडेका थिए । आज पनि राष्ट्रियता माथि उत्तिकै खतरा रहेको कुराप्रति सचेत गराउँदै कविले यसरी आक्रोश व्यक्त गरेका छन् :

कालापानी मिचेकै छ नालापानी उसै गरी
सुमेश्वर तथा माडी चिर्थोदै छ सधैं भरी
सुस्तालाई सताएको सान देखाउँदै बढी
बिस्तारै यो घरै निल्ने धुर्तको बुझियो कडी ।

(एघारैं सर्ग श्लोक १२२)

बाह्रौ सर्गमा कथाका नायक सन्देशको विवाहको प्रसङ्गको वर्णन गरिएको छ । यहाँ कविले विवाह गरिने पुरातनवादी चिन्तन र पद्धतिको विरोध गरेका छन् । नेपाली समाजमा विद्यमान अनमेल विवाह बालविवाह, दाइजो तथा तिलक प्रथा जस्ता तुच्छ कार्यको विरोध यसरी गरिएको छ :

चाहिन्न सुन्नोस् मलाई कुनै दाइजो तिलक
घृणित प्रथा मेट्नु नै पर्छ हामीले अबत ।

(बाह्रौं सर्ग श्लोक ४३)

तेह्रौं सर्गमा सन्देश शिक्षण पेसामा लागेको प्रसङ्ग उल्लेख गरिएको छ । उनी अभिभावक, विद्यार्थी साथीहरू बीच अनुकरणीय योग्य र कुशल शिक्षकका रूपमा स्थापित भएका छन् ।

देशमा पञ्चायती कालरात्रिको बेलामा प्रगतिवादी विचार राख्ने सन्देश आफ्नो पेसामा जतिसुकै इमान्दारी र बफादारी भएपनि पञ्चहरूका आँखाको कसिङ्गर बन्दै गए । तै पनि उनले आफूलाई जनताको बीचमा राम्ररी स्थापित गरेका छन् । उनी कहिले देउसी भैलो खेल्दै त कहिले भूमिगत सभा सम्मेलन गर्दै जनतालाई गोलबन्द पार्दै राजनैतिक रूपले सचेत तुल्याउँदै अगाडि बढे, तर उनी दुस्मनका आँखाको कसिङ्गर बन्दै गएको प्रसङ्ग यसरी देखाइएको छ :

प्रशासन पुलिसमा चुक्लि निकै लाए
राजद्रोही मान्छे भनी पञ्चले चिनाए ।

(तेह्रौं सर्ग श्लोक ४१)

चौधौं सर्ग पनि सन्देशले शिक्षण पेसामा लागेर भूमिगत रूपमा राजनैतिक संगठनमा सक्रिय हुँदै गरेको प्रसङ्ग उल्लेख गरिएको छ । सन्देशको पारिवारिक जीवन र राजनैतिक जीवन सँगसंगै विकशित हुँदै गरेको प्रसङ्ग पनि यहाँ उल्लेख गरिएको छ । सन्देशको एक छोरी र दुई छोरा जन्मिएको प्रसङ्ग यसै सर्गमा उल्लेख छ । सन्देशले शिक्षक संगठनमा आबद्ध भएर वैद्यानिक आन्दोलन गर्न थाले भने, भूमिगत रूपमा राजनैतिक आन्दोलन गर्न शुरु गरेको कुरा यसरी उल्लेख गरिएको छ :

जिल्ला जिल्ला उठ्यो राँको केन्द्रमा झन् बढी भयो

त्यो जंगली ब्यबस्थाको बर्खिलाप चलिरहयो ।

(चौधौं सर्ग श्लोक १०४)

पन्ध्रौ सर्गमा सन्देशले वर्ग वैरीको विरूद्ध संगठन निमार्ण र संघर्ष गरेका कुराको ब्याख्या विश्लेषण गरिएको छ । सन्देशको राजनैतिक जीवनको उत्कर्ष काल पनि यही नै हो । उनी यति बेला वर्ग वैरी किटान गरी संघर्षमा होमिएका छन् । जनताका मौलिक हक समावेशिकरण समानता र न्यायका लागि विद्रोहको तैयारी सन्देशले गर्दैछन् । यस्तो विद्रोहको नेतृत्व विद्यालयमा बसेर गर्न नसक्ने देखेर उनले विद्यालय नै छाडेर अब जनतासँग एकाकार हुँदै आफूलाई पार्टीको पूर्णकालीन सदस्यका रूपमा स्थापित गरेका कुरा यसरी देखाइएको छ :

गाउँ वस्ती घुमी हिँड्थे अविश्राम सदा दिन

जनका मन छामेर राखेर स्वच्छ चिन्तन ।

(पन्ध्रौं सर्ग श्लोक ७)

सोह्रौं सर्गमा सन्देशमा विकसित हुदै गएको राजनैतिक चेतनाले अझ मूर्त रूप लिइएको छ । सामन्ती तानासाही ब्यबस्थाका विरूद्ध उनले सशस्त्र युद्व गर्ने घोषणा गरे । जनतालाई एकाकार बनाई छापामार सेनाहरूको निमार्ण गरी छापामार युद्वको नेतृत्व समेत सन्देशले गरेका छन् :

राता मानिसलाई सम्झ सुरुमा यही सिराञ्चोकमा

ज्यादै उच्च सशस्त्र तालिम दिए सन्देशले नै यहाँ

यस्कै काख समस्त गाउँघरमा पैले उठे सज्जन

धार्चे लेक बन्यो छिपेर दरिलो विद्रोह  सल्काउन ।

(सोह्रौं सर्ग श्लोक २४)

यसरी देशलाई बदल्ने आशा लिएर छापामार यूद्ध लड्दै गरेका सन्देश सरकारी सेनाहरूको घेरा बन्दीमा परे । तिनीहरूले गोलीले भुट्न लाग्दा सन्देशका अङ्ग रक्षक विवेकले अगाडि उभिएर छेके, तर तिनले सन्देश र विवेक दुबैलाई गोली प्रहार गरे । दुबै योद्धाले साहासीक मृत्यु वरण गरी सहिद बन्न पुगेको घटनालाई कविले यसरी व्यक्त गरेका छन् :

गोली ठोके शिकारी हरूले हा ! विवेक ढले त्यहाँ

ठोके सन्देशलाई नै ताकी सम्पूर्ण अङ्गमाहाँ ।

(सोह्रौं सर्ग श्लोक १६३)

सत्रौं सर्गमा सन्देश सहिद बनेका प्रसङ्गको व्याख्या गरिएको छ । **अमरगाथा** महाकाव्यको उपसंहार पनि यसै सर्गमा गरिएको छ । समस्त मानव जातिलाई कवि सहिदले देखाएको बाटो हिंड्ने सल्लाह दिँदै सन्देश विश्व सर्वहारा वर्गको मुक्तिका दीपको रूपमा सदैव अमर रहने विचार यसरी व्यक्त गर्छन :

हुन् सन्देश प्रदीप झल्मल सदा बल्ने उषा ल्याउने

के नेपाल समस्त विश्व भरमा सतकर्म फैलाउने

सारा दीन दरिद्रका हृदयका खाँबो तिमी नै भयौ

कैल्यै कान्ति नमेटीने अमर हे! गाथा सुनौलो रहयौ ।

(सत्रौं सर्ग श्लोक १०७)

विषयवस्तुको दृष्टिकोणले हेर्दा **अमरगाथा** महाकाव्य वर्गीय द्वन्द्व सामन्ती एकात्मक राजतन्त्रको विरोध र अन्याय अत्याचारको विरुद्व समाजवादी चिन्तन बोकेको महाकाव्य हो । यस महाकाव्यमा कविले सामाजिक रूपान्तरण र समावेशिकरणको अवधारणा प्रस्तुत गरेका छन् । वर्गीय विभेद प्रति घृणा जागृत गर्ने यो महाकाव्यले नेपाली महाकाव्य परम्परामा क्रान्तिकारी र प्रगतिवादी महाकाव्य परम्पराको अर्को इँटा थप्ने काम गरेको छ । पद्यशैलीमा लेखिएको उक्त महाकाव्यले नेपाली जनक्रान्ति र सशस्त्र विद्रोहको यथार्थ झलक प्रस्तुत गरेको छ । समग्रमा यस महाकाव्यमा कविको ओजपूर्ण काव्यशैली र गौरवमय भाव धारा प्रस्तुत भएको छ । कविले

**अमरगाथा**मा गौरवशाली जनताका प्रिय योद्धा वीर पुरुष र निस्वार्थी जननेताको ऐतिहासिक गाथा गाएका छन् । यो महाकाव्य नेपाली महाकाव्य परम्परामा प्रगतिवादी, क्रान्तिकारी तथा विद्रोही चेतनाको सफल महाकाव्य बन्न पुगेको छ । महाकाव्य परम्पराको यो क्रमभङ्गता पनि हो ।

### ३.७.३. शीर्षक

यस धर्तीमा देखा परेका तथा भूत, वर्तमान र भविष्यसम्म अस्तित्वमा रहेका र रहने सबै वस्तुहरू  अजर अमर हुन सक्दैन । त्यस्ता वस्तुमात्रै अमर छन् जसको अस्तित्व सदैव सत्य छ । शाब्दिक अर्थमा विश्लेषण गर्ने हो भने अमरको अर्थ अ +मर =अमर हुन्छ अर्थात अमरको अर्थ कहिल्यै नमर्ने, सधै बाँचिरहने, अजम्बरी, सधैं रहिरहने वा सम्झिरहने भन्ने हुन्छ (बृहत नेपाली शब्दकोष,२०५८ : ४५) । त्यस्तै गाथा भन्नाले लोकगीतको भाकामा भनिने कथा, कसैको स्तुती गान वा गुणगान भन्ने हुन्छ (बृहत नेपाली शब्दकोष,२०५८.) । अतः **अमरगाथा** महाकाव्य शाब्दिक अर्थ केलाएर हेर्दा सधै बाँचिरहने  र सधै सम्झिरहनु पर्ने व्यक्तिको लोक भाकामा गाइएको कथा हो भन्ने बुझिन्छ । यसरी शाब्दिक अर्थलाई केलाउँदा पनि **अमरगाथा** महाकाव्य नेपाली धर्तीमा शुरु गरिएको जनयुद्ध र यसका नायकको कथा लेखिएको हुँदा यो अजर र अमर महाकाव्य हो भन्ने प्रष्ट हुन्छ । यो महाकाव्य सार्थक महाकाव्यको रूपमा देखा पर्दछ ।

**अमरगाथा** महाकाव्य नेपाली महाकाव्य लेखनको लगभग साँढे छ दशक लामो यात्राको नयाँ स्वरूपको प्रगतिवादी, क्रान्तिकारी र विद्रोही महाकाव्य हो । नयाँ कथावस्तु, नयाँ चरित्र, नयाँ परिवेशको सृजना गर्दै लेखिएको **अमरगाथा** महाकाव्य क्रमभङ्गताको एक कडी पनि हो । ने.क.पा.माओवादीले सञ्चालन गरेको १० वर्षे जनयूद्ध नेपाली समाजको रूपान्तरणको एक शक्तिशाली अभियान हो । जनयुद्धको कर्मथलो रोल्पा रुकुम भए पनि यसको खास उद्गम स्थल चाँहि गोरखा नै हो । सदियौं देखिको सामन्ति एकात्मक राज्यसत्ताको विरूद्ध गोरखाली जनताले देखाएको वीरता र त्याग तथा वर्ग वैरी विरूद्धको संघर्षको भुँवरीमा अगुवाई गर्ने निश्वार्थी निष्कपट र सिद्वान्त निष्ट नेता सुरेश वाग्ले तथा उनका अङ्गरक्षक भीमसेन पोखरेलको जीवन गाथामा **अमरगाथा** महाकाव्यको विषयवस्तु आधारित छ ।

सहिदको साहदत पहाडझैं उच्च अजर र अमर हुन्छ । साधारण व्यक्तिहरू  बाँचेर मर्दछन् भने, सहिदहरू  चाँहि मरेर बाँचेका हुन्छन् । त्यसैले तिनीहरू  सदा अमर रहन्छन् । त्यसैले पनि

वीर सहिदको जीवनगाथामा आधारित रहेर लेखिएको प्रस्तुत कृतिको शीर्षक **अमरगाथा** राखिनु न्यायसंगत नै हुन्छ । यस दृष्टिकोणबाट हेर्दा **अमरगाथा** महाकाव्यको शीर्षक अति उपयुक्त र सार्थक छ । यो महाकाव्य क्रान्तिकारी तथा विद्रोही चेतनाको सफल महाकाव्य बन्न पुगेको छ ।

### ३.७.४. पात्र विधान

महाकाव्यमा कथानक र पात्रविधान बीच अन्योन्याश्रित सम्बन्ध हुन्छ । नायक, नायिका र खलनायकका चरित्रकै आधारमा महाकाव्यको संरचना तयार हुन्छ । महाकाव्यको उचाइमा पुग्न यी दुवैले महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । पात्र कस्तो हुनुपर्छ भन्ने सम्बन्धमा पूर्वीय र पाश्चात्य महाकाव्य परम्परामा केही मत्‌भेद देखिए पनि दुबै धारणामा चरित्र उच्च महान् आदर्श र गतिशील हुनुपर्नेमा सहमत देखिन्छन् । पूर्वीय मान्यतामा पात्र धीरोदात्त, धीरललित र धीर प्रशान्त हुनुपर्ने मान्यता राखिएको छ, तर **अमरगाथा** महाकाव्यमा महाकाव्यकार पोखरेलले यी दुबै मान्यताका बीचबाट नेपाली मध्ययम वर्गीय नायकलाई टिपेर कथा बुनेका छन् । नेपाली धर्तीमा शुरु भएको वर्गयुद्धको यथार्थ चित्रण यसमा प्रस्तुत गरिएको छ । जनयुद्धकै सिलसिलामा वर्गीय युद्धका नायक अमर सहिदहरूको जीवनगाथालाई उजागर गर्ने विचारले खारिएका र माझिएका क्रान्तिकारी पात्रहरू यस महाकाव्यमा प्रयोग भएका छन् ।

**अमरगाथा** महाकाव्यमा नेपाली वर्गीय युद्धको व्यापक परिवेशलाई समेटिएको भए पनि धेरै पात्रहरूको उपस्थिति छैन । एउटै कथावस्तु र थोरै पात्रको समावेश गरी कविले सफल क्रान्तिकारी महाकाव्य रचना गरेका छन् । पात्रविधानका हिसाबले अत्यन्तै थोरै पात्र यस महाकाव्यमा समावेश गरिएको छ ।

प्रस्तुत महाकाव्यमा समावेश भएका पात्रहरूलाई विभिन्न आधारमा विश्लेषण गर्नका निम्ति निम्न तालिकामा वर्गीकरण गरिएको छ :

| **क्र. सं.** | **पात्रको नाम** | **प्रकृति** | **लिङ्ग** | **आवद्धता** | **प्रवृति** | **चेतना** | **कार्य** |
|---|---|---|---|---|---|---|---|
| १. | सन्देश | मुख्य | पुरुष | वद्ध | क्रान्तिकारी /विद्रोही र गतिशील | वर्गीय | अनुकुल/र सत् पात्र |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २. | विवेक | सहायक | पुरुष | वद्ध | गतिशील | वर्गीय | सत् पात्र |
| ३. | यात्री | गौण | पुरुष | मुक्त | गतिशील | न्यून | सत् पात्र |
| ४. | वृद्वा | गौण | पुरुष | मुक्त | गतिशील | न्यून | सत् पात्र |
| ५. | सन्देशका परिवार | सूच्य | ——— | मुक्त | गतिशील | न्यून | सत् पात्र |
| ६. | सन्देशका साथीभाई | सूच्य | ——— | मुक्त | गतिशील | न्यून | सत् पात्र |
| ७. | गोठाल्नी | सूच्य | महिला | मुक्त | स्थिर | न्यून | सत् पात्र |
| ८. | वीरेशाहु | सूच्य | पुरुष | मुक्त | स्थिर | सामन्ती | असत् पात्र |
| ९. | शिक्षक विद्यार्थी | सूच्य | ——— | मुक्त | स्थिर | न्यून | सत् पात्र |
| १०. | जनता | सूच्य | ——— | मुक्त | स्थिर | न्यून | सत् पात्र |
| ११. | मुखिया | सूच्य | पुरुष | मुक्त | स्थिर | सामन्ती | असत् पात्र |
| १२. | प्रहरी प्रशासन | सूच्य | ——— | मुक्त | स्थिर | सामन्ती | असत् पात्र |
| १३. | द्रव्य शाह, भक्ति थापा,अमरसिंह थापा र लखन थापा | सूच्य | पुरुष | | स्थिर | न्यून | सत् पात्र |

### ३.७.४.१ मुख्य पात्र

सन्देश **अमरगाथा** महाकाव्यका मुख्य पात्र हुन् । जनयुद्धका महान सहिद सुरेश वाग्ले(क. बासु) को जीवन गाथामा आधारित प्रस्तुत महाकाव्यमा सन्देशलाई महाकाव्यकार पोखरेलले (क. बासु) को प्रतिनिधि पात्रका रूपमा प्रस्तुत गरेका छन् ।

**अमरगाथा** महाकाव्यका मुख्य चरित्र सन्देशले नेपाली जनक्रान्तिको नेतृत्व गरेका छन् । उनमा वर्गीय चेतना छ । विश्वको सर्वहारा वर्गको वर्गीय युद्धमा विश्वास राख्ने सन्देश विद्यार्थी जीवनदेखि नै क्रान्तिकारी स्वभावका देखिन्छन् । सन्देशले गाउँका जाली फटाहा विरूद्ध संघर्ष गरेका छन् । सामन्ति संस्कारका विरूद्धमा लडेका छन् । पेसाका हिसाबले शिक्षक रहे पनि उनले सम्पूर्ण जीवन पार्टी र क्रान्तिका लागि खर्च गरेका छन् । क्रान्तिको वातावरण तयार पार्ने, संगठन निमार्ण गर्ने, संगठन कर्ता सन्देश ऐतिहासिक जनयुद्धका सुरुबाट कर्ताको रूपमा देखिएका छन् । यिनी नेपाली क्रान्तिका यथार्थ नायक हुन् । क्रान्तिकै सिलसिलामा पार्टीका काममा सरिक हुँदा

सन्देशको हत्या भएको छ र उनी सहिद बनेका छन् । **अमरगाथा** महाकाव्यमा सन्देशको भूमिकालाई अझ स्पष्ट रूपमा प्रस्तुत गर्न सकिन्छ :

सन्देश महाकाव्यको पुरुष पात्र हो । निम्न परिवारमा जन्मिएका यी पात्र वर्ग सङ्घर्षको ज्वालामा खारिएपछि क्रान्तिका नायक बनेका हुन् ।

महाकाव्यमा प्रमुख पात्रका रूपमा आएका सन्देश शुरुदेखि अन्तसम्म नै सिङ्गो महाकाव्यको नायक भएर रहेका छन् । **अमरगाथा** महाकाव्य उनको सिङ्गो जीवनी हो । त्यसैले सन्देश यस महाकाव्यका वद्ध पात्र हुन् ।

सन्देश गतिशील चरित्रका पात्र हुन् । सानैदेखि अन्याय, अत्याचार र शोषणका विरूद्ध संघर्ष गर्ने, विद्रोह गर्ने, जनताको मुक्तिका लागि संगठन गर्ने जस्ता साहसिक काम गरेका छन् । पछि आमूल परिवर्तनको आशा राखेर सर्वाहारा वर्गीय आन्नदोलनको नेतृत्व गरी साहदत प्राप्त गरेका छन् । यसरी उनको बाल्यवस्थादेखि मृत्यु प्रयन्त सम्पूर्ण कार्य गतिशील चरित्रका छन् ।

सन्देश **अमरगाथा** महाकाव्यका वर्गीय पात्र हुन् । तत्कालीन समयमा ने.क.पा. माओवादीले सञ्चालन गरेको १० वर्षे जनयुद्धमा वर्गवैरी विरूद्ध आफूलाई सचेततापूर्वक शोषित र पिडितका पक्षमा उभ्याएका छन् । वर्ग संघर्षमा होमिएका छन् । यस क्रान्तिको नेतृत्व गरी साहदत प्राप्त गरेका छन् । तसर्थ उनी वर्गीय चरित्रका पात्र हुन् ।

सन्देश महाकाव्यका प्रमुख पात्र भएकाले पनि सत् पात्रको रूपमा आउनु स्वभाविकै हो । तै पनि जनताको विद्रोहमा सरीक भएर भोग विलासमा लोभ नगरी उच्च विचार र सादा जीवन मन पराउने सन्देशले जहाँसुकै सत् कार्य गरेका छन् र सत् पात्रका रूपमा आएका छन् ।

यसरी सन्देशलाई कूशल संगठन कर्ता, असल शिल स्वभाव भएका संघर्षशील क्रान्तिकारी र विद्रोही स्वभावका सत् चरित्रको वद्ध पात्रका रूपमा प्रस्तुत गरिएको छ ।

### ३.७.४.२ सहायक पात्र

कवि नारायण प्रसाद पोखरेलले **अमरगाथा** महाकाव्यमा विवेकलाई सहायक पात्रका रूपमा प्रस्तुत गरेका छन् । विवेक पनि पुरुष पात्र हो । महाकाव्यमा विवेक सन्देशको बाल्यकालका साथी हुन् । उनी अध्ययनका क्रममा पनि सन्देश सँगै छन् । वर्गीय संघर्षका दौरानमा विवेक सधैं

सन्देश सँगै रहेका छन् । संगठन निमार्ण गर्नेदेखि ग्रामीण वर्ग संघर्षलाई क्रान्तिका हितमा अनुकूल बनाउने क्रममा पनि  सन्देश सँगै लागेका छन् ।

कवि पोखरेलले विवेकलाई **अमरगाथा** महाकाव्यको वद्ध पात्रका रूपमा प्रस्तुत गरेका छन् । गतिशील चरित्रका यी पात्र शुरुमा सन्देशको साथीका रूपमा आए पनि जनयुद्धका क्रममा सन्देशका सुरक्षाका निम्ति खटिएका अड्ग रक्षक हुन् । निस्वार्थी, कर्तव्य परायण, निडर र त्यागी यी योद्धाले जनताकै मुक्ति युद्धमा लामवद्ध भएर सन्देशले भन्दा पहिले साहदत प्राप्त गरेका छन् ।

### ३.७.४.३  गौण पात्र

महाकाव्यमा प्रत्यक्ष रूपमा देखा नपरे पनि ठाउँ ठाउँमा महत्वपूर्ण  भूमिका  निर्वाह  गर्ने पात्र गौण पात्र हो । माथि उल्लेख गरिए भन्दा बाहेक कविले यस महाकाव्यमा अन्य पात्रको पनि प्रयोग गरेका छन् । यस महाकाव्यमा गौण पात्रका रूपमा सन्देशका परिवार, यात्री, वृद्ध मानिस, साथीभाईहरू, वीरे साहु, गोठाल्नीहरू, जनयुद्ध दमन गर्ने प्रहरी प्रशासन्, शिक्षक, विद्यार्थी, मुखिया,जनताहरू, अमरसिंह थापा, द्रव्यशाह, भक्ति थापा, लखन थापा आदि सूच्य पात्रहरूको प्रयोग गरिएको छ ।

### ३.७.५ परिवेश

**अमरगाथा** महाकाव्यको कालगत परिवेशलाई हेर्दा नेपालको १० वर्षे जनयुद्ध र नेपाल आमाका सपुतहरूले यूद्धमा गरेका त्याग, समपर्ण र बलिदानको महत्वपूर्ण समयलाई देखाउन खोजिएको छ । कविले गोरखाली वीरतालाई पृष्ठभूमिका रूपमा प्रस्तुत गर्दै द्वन्द्वकालमा भए गरेका सत्य तथ्य घटनाको यथार्थ चित्रणलाई यस महाकाव्यको परिवेशका रूपमा प्रस्तुत गरेका छन् । साथै नेपालका विभिन्न भू-भागहरू  हिमाल, पहाड, लेकवेसी, वनजंगल, नदीनाला, जातजाति, विवाह, संस्कार र संस्कृति आदिका परिवेशगत वातावरणलाई पनि सजीव तुल्याएका छन् ।

त्यस्तै समाजमा विद्यमान अन्याय, अत्याचार, शोषण, दमन, सामन्ति राज्य ब्यबस्थाको एकात्मक हालीमोहली र त्यसले सृजना गरेको जटिलतालाई महाकाव्यमा प्रस्तुत गरिएको छ । नेपाली जनतामा भएको जागृति, प्रतिरोध, संघर्ष, विद्रोह तथा त्रासदी र कारुणिकता, प्रेम र घृणा, वीरता र कायरता आदि परिवेशलाई पनि महाकाव्यमा यथार्थ रूपमा प्रस्तुत गरिएको छ ।

**अमरगाथा** महाकाव्य नेपाली समाज र प्रकृतिको गायनले भरिएको गाथा काव्य हो । यसमा प्रकृतिवादी चिन्तन वर्गीय प्रतिवद्धताको सचेतना पनि जिउँदो रूपमा छ ।

समग्रमा भन्नु पर्दा गोरखाको ऐतिहासिक भूमिबाट शुरुवात गरिएको माओवादी जनयूद्ध वर्ग संघर्ष जनताको विद्रोह र छापामार यूद्ध अनि त्यसले सृजना गरेको जटिलताका साथै गोरखाली धर्ती र भुगोल, संस्कृति, संस्कार र प्रकृतिलाई **अमरगाथा** महाकाव्यको मूल परिवेशका रूपमा चित्रण गरिएको छ ।

### ३.७.६ संरचना

**अमरगाथा** महाकाव्यको संरचनागत संगठन हेर्दा यो महाकाव्य, महाकाव्य परम्पराको क्रमभङ्गताको रूपमा आएको छ । यस महाकाव्यको संरचनामा नविन प्रस्तुति देखिन्छ । यसमा जम्मा १७ सर्गहरू  रहेका छन् । सर्गान्तमा पूर्वीय मान्यता अनुरूप छन्द परिवर्तन गरिएको छ । वीर रस र करुण रस लाई अङ्गी रस बनाएर प्रस्तुत गरिएको यस महाकाव्यमा जम्मा २०९५ श्लोकहरू  रहेका छन् । सर्गहरूमा समानुपातिक रूपमा श्लोक संख्या र कविताका भाव तथा लय विधान छैन । महाकाव्यको प्रथम सर्गमा मंगलाचरण गरिएको छ । त्यसपछि क्रमश सन्देशको यात्रानुभूतिको वर्णन छ । पाँचौ सर्गदेखि सन्देशको जन्म र बाल्यकालको वर्णन छ । त्यसै बेलादेखि उनको शिक्षारम्भ भएको पनि व्याख्या गरिएको छ । पाँचौ सर्गदेखि सन्देशमा साहु सामन्त र जाली फटाह बीच घृणा पैदाहुँदै गएको प्रसङ्ग उल्लेख गरिएको छ । बाह्रौ सर्गमा सन्देशको विवाहको प्रसङ्ग उल्लेख गरिएको छ । चौधौ देखि सोह्रौ सर्ग महाकाव्यको उत्कर्ष काल हो । यसमा सन्देशको राजनैतिक चेतना, वर्गवैरी विरूद्धको घृणा, सशस्त्रयुद्ध र सन्देशको उच्च साहदतको विस्तृत व्याख्या छ ।

यसरी प्रस्तुत महाकाव्यका प्रथम/दोस्रो सर्ग आरम्भ भाग त्यसपछिको चौथो देखि तेह्रौ सर्गसम्म विकास भाग र चौधौं देखि सौह्रौ सर्गसम्म फलागमको भागका रूपमा रहेका छन् । अन्तिम सर्ग महाकाव्यको उत्कर्ष भाग पनि हो । यसभित्र महाकाव्यको आन्तरिक वाह्य द्वन्द्वको संयोजन गरिएको छ । यस महाकाव्यमा सबैभन्दा छोटो छैटौ सर्गमा ९१ श्लोक र सबै भन्दा लामो सोह्रौं सर्गमा १८० श्लोक छन् । सर्गलाई बेग्लै शीर्षकीकरण गरिएको छैन ।

सर्गान्तमा छन्द परिवर्तन र आगामी कथाको बारेमा समेत संकेत गरिएको छ । अतः महाकाव्यको आयम र स्तरका आधारमा पनि यस महाकाव्यले संरचनागत परिपुष्टता प्राप्त गरेको देखिन्छ ।

**३.७.७ रसविधान**

प्रस्तुत महाकाव्यमा वीर रसलाई अङ्गी बनाएको छ भने, वीर रसपछि करुण रसको अधिक प्रयोग देखिन्छ । रौद्र, भयानक, वीभत्स र शान्त रस भावको उपयोग पनि यस महाकाव्यमा राम्ररी गरिएको छ । श्रृङ्गारिक रसको प्रभाव भने थोरै मात्र छ । महाकाव्यमा देशमा परम्परादेखि रही आएको एकात्मक सामन्ती शासन र उसका आसेपासे भरौटेहरूले देशलाई कङ्गाल बनाएको तथा त्यस्तै खाले विकृति विसङ्गतिले द्वन्द्वलाई निम्त्याएको प्रसङ्ग उल्लेख छ । महाकाव्यमा १२ वर्षे द्वन्द्वमा नेपाल आमाले आफ्ना होनहार सपुतलाई गुमाएको प्रसङ्ग उल्लेख छ । यो विद्रोहले कयौं आमाको काख रित्तो भएको, चेलीको सिन्दूर पुछिएको, कयौ बालवालिका टुहुरा भएको र सरकारले तिनै टुहुरालाई वैरी देखि दमन गरेको एवम् तिनै बालबालिका सम्म सहिद बन्न पुगेको प्रसङ्गलाई कारुणीक रूपमा प्रस्तुत गरिएको छ । महाकाव्यमा करुण भावलाई यसरी प्रस्तुत गरिएको छ :

हा ! नाबालकलाई दुस्मन भनीदियो दुष्टले
पैलो पल्ट यहाँ सहादत लिए ती बालक रम्तेलले ।

(सोह्रौ सर्ग, श्लोक ४४ )

काव्यमा कथावस्तुको बिस्तारसंगै अधिक रूपमा वीर रसको पनि प्रस्तुति पाइन्छ । महाकाव्यका मुख्य चरित्र सन्देशमा विद्रोही चेतना, साहसिक र क्रान्तिकारी भावको कारणले पनि वीर रसको अधिक प्रयोग हुनु स्वभाविक देखिन्छ । १० वर्षे जनयुद्ध र जनयुद्धमा साहदत प्राप्त गर्ने सहिदहरूको प्रतिनिधि पात्रको रूपमा सन्देश आएका छन् । अतः वीर रस नै यस महाकाव्यमा अङ्गी रसका रूपमा यसरी आएको छ :

सकेन छेक्न गोलीले जन आँधी उठेपछि
पल्टियो त्यो जुरे साँढे लाखौं लाख जुटेपछि

सन्देशले उठाएको अधियाँ काम पुर्ण भो
यो नयाँ युद्धले धेरै दुष्टको छम्भ चुर्ण भो ।

(सत्रौं सर्ग, श्लोक ८६,८७ )

यस प्रकारले **अमरगाथा** महाकाव्यमा वीर रस र करुण रसको मुख्य प्रभाव रहे पनि अन्य रस पनि सहायक रस भावका रूपमा आएका छन् । त्यस्तै यसमा क्रान्ति, विद्रोह, घृणा, कुतुहल आदि अनुभाव साथै आवेग, उग्रहार, रिस, उन्माद, मरण आदि संचारी भावका रूपमा अभिव्यक्त भएका छन् । यसरी भाव विधानका रूपमा यस काव्यमा वीर रस, अङ्गी रस र करुण रस मुख्य रसका रूपमा रहेर अन्य रस चाँहि सहायक र गौण रसका रूपमा आएका छन् ।

### ३.७.८ उद्देश्य

**अमरगाथा** महाकाव्यमा नेपाली आमाका वीर सपुत र तिनले गरेको त्याग समपर्ण अनि वलिदानलाई यथार्थ रूपमा देखाउन खोजिएको छ । यो प्रगतिशील महाकाव्य हो । यसमा काव्यकारले अन्याय, शोषण, दमन र एकात्मक सामन्ति सत्ताको पराजय एवम् श्रमजीवी र मुक्तिकामी जनताको विजय देखाउने उद्देश्य पनि राखिएको छ । शासकहरूमा देखिएको सत्ताको उन्माद, निरंकुस प्रवृत्ति र बन्दुकको भरमा टिक्दै आएको एकात्मक सत्ताको हैकमलाई जनताको तागतले एकदिन समाप्त पार्छ भन्ने दृढ विचार  कविले यस महाकाव्यमा उद्घोष गरेका छन् । दमनले जनताको विद्रोहलाई रोक्न सकिदैन, युद्ध कसैको चाहना होइन तर जहाँ दमन हुन्छ त्यहाँ प्रतिरोध पनि जरुरत पर्छ भन्ने वैचारिक निष्कर्ष काव्यकारले प्रस्तुत गरेका छन् ।

संसार कायरका लागि होइन वीर योद्धाहरूको हो । जसले मर्न जानेको हुन्छ वा साहसीक मरण हुन्छ उसले जिउन पनि सिकेको हुन्छ । नेपाल आमाका सपुतको मरण पहाड झैं उच्च हुन्छ यी सपुतहरू  सदा अजर र अमर रहन्छन् भन्ने सन्देश सिकाउनु नै **अमरगाथा** महाकाव्यको उद्देश्य रहेको देखिन्छ ।

### ३.७.९ छन्द र लय विधान

कविले **अमरगाथा** महाकाव्यमा शास्त्रीय छन्दको प्रयोग गरेका छन् । यसमा जम्मा १७ सर्गहरू  छन् । प्रत्येक सर्गमा छन्द परिवर्तन गरेका छन् । नेपाली भाषामा प्रयूक्त हुने वर्णमात्रिक, मात्रिक र झ्याउरे लयका सुन्दर श्लोकहरूको संयोजन गरिएको छ । यस्तै अनुष्टुप छन्द,

शार्दूलविक्रीडित, शिखरिणी, मन्दाक्रान्ता आदि प्रसिद्ध शास्त्रीय छन्दको पनि यस महाकाव्यमा राम्रो प्रभाव रहेको छ । १७ सर्गमा संरचना गरिएको यस महाकाव्यमा सर्गसंख्या, श्लोकसंख्या र छन्दका प्रकार आदिलाई निम्न तालिकाबाट स्पष्ट पारिएको छ :

| सर्ग | छन्दको नाम | कूल श्लोक संख्या | सर्गान्त | श्लोक संख्या |
|---|---|---|---|---|
| पहिलो | अनुष्टुप् | १७४ | शार्दूलविक्रीडित | २ |
| दोस्रो | अनुष्टुप् | १०८ | स्रग्धरा | ३ |
| तेस्रो | झ्याउरे | १०२ | मन्दाक्रान्ता<br>उपजाति | १२<br>२ |
| चौथो | अनुष्टुप् | ११२ | शार्दूलविक्रीडित | २ |
| पाँचौं | झ्याउरे | १०२ | शिखरिणी | १ |
| छैटौं | झ्याउरे | ८८ | वसन्ततिलका | ३ |
| सातौं | उपजाति<br>झ्याउरे | ६०<br>३७ | वसन्ततिलका | १ |
| आठौं | अनुष्टुप्<br>मालिनी | ६७<br>२० | उपजाति<br>मन्दाक्रान्ता | १३<br>१ |
| नवौं | अनुष्टुप्<br>उपजाति | ४०<br>५८ | शार्दूलविक्रीडित | १ |
| दशौं | अनुष्टुप्<br>झ्याउरे | ८२<br>२४ | झ्याउरे | २ |
| एघारौं | शार्दूलविक्रीडित<br>मन्दाक्रान्ता | २<br>१६ | अनुष्टुप्<br>वंशस्थ | ११६<br>१ |
| बाह्रौं | शार्दूलविक्रीडित | १० | झ्याउरे<br>शशिवदना | १०३<br>४ |
| तेह्रौं | शार्दूलविक्रीडित<br>मन्दाक्रान्ता | ८<br>५ | सबाई<br>अनुष्टुप | ५२<br>४८ |

| | | | | |
|---|---|---|---|---|
| | झ्याउरे | १ | अनुष्टुप<br>शार्दूलविक्रीडित | ६<br>२ |
| चौधौं | झ्याउरे<br>अनुष्टुप् | २१<br>११४ | वसन्ततिलका<br>भजन | ३<br>५ |
| पन्धौं | अनुष्टुप्<br>झ्याउरे | ५४<br>३८ | शिखरिणी<br>उपजाति<br>वसन्तालिका | १४<br>२३<br>१ |
| सोह्रौं | शार्दूलविक्रीडित<br>अनुष्टुप् | ६८<br>१०८ | शार्दूलविक्रीडित<br>वालुन<br>चुडका | १<br>७<br>८ |
| सत्रौं | अनुष्टुप<br>झ्याउरे<br>उपसंहार | ४७<br>१८<br>१८ | शिखरिणी<br>शार्दूलविक्रीडित | ६<br>१४ |

**३.७.१० भाषा शैली**

**अमरगाथा** महाकाव्यमा प्रयोग भएको भाषा शैलीलाई हेर्दा वर्ण योजनाको तहमा विभिन्न किसिमका अनुप्रास, शैलीगत, माधुर्यता र आलङ्कारिता प्रयोग भएको छ । काव्यमा तत्सम, तत्भव शब्दको वाहुल्य रहे पनि केही मात्रामा आगन्तुक शब्दको समुचित प्रयोग भएको छ । अनुकरणात्मक र झर्रा नेपाली शब्दले काव्यको सौन्दर्य अझ बढाएको छ । छन्द मिलाउनका लागि कतै कतै वर्ण विन्यासका नियमहरू उलङ्घन भएतापनि समग्रमा प्रस्तुत महाकाव्यमा काव्यकार पोखरेल वर्ण विन्यासमा पनि सफल देखिन्छन् ।

शैलीगत हिसाबले यस महाकाव्यमा माधुर्य शैली रहेको छ । महाकाव्यमा भाव प्रवाह र वैचारिकताको पनि सफल प्रयोग भएको पाइन्छ । लयात्मक पङ्क्तिसँग भावार्थगत संरचनाको समान्तरता देखिने गरी लय र भावले काव्यलाई कलात्मक थपेको छ । वैचारिक हिसाबले स्पष्ट क्रान्तिकारी तथा सर्वाहारा वर्गको अधिनायकत्वलाई महाकाव्यले स्वीकार गरेको छ । **अमरगाथा** महाकाव्यमा पूर्वीय मान्यता अनुरूपका पात्र धीरोदत्त र भाषिक संरचना कुलिन हुनुपर्ने

मान्यतालाई अस्विकार गर्दै सामान्य पात्रको समायोजन तथा सहज र सरल भाषा शैलीको प्रयोग भएको छ । त्यसैले यस महाकाव्यमा प्रयोग भएको भाषा काव्योचित छ ।

वर्ण योजनाका क्रममा महाकाव्यमा अनुप्रासको सचेत प्रयोग गरिएको छ । यस महाकाव्यमा कतै बृत्य, छेका र लाटा अनुप्रास प्रयोग भएपनि सर्वाधिक रूपमा अन्त्यानुप्रासको नै वर्ण योजना मिलाइएको छ । जस्तै :

श्रम गर्ने सबैलाई सधै अनिकाल

ठूलाठालु, हुँदै गए सधै मालामाल

(तेस्रो सर्ग श्लोक ३०)

यस महाकाव्यमा वालुन, कौडा तथा भजन र चुट्काको पनि सफल प्रयोग भएको छ । जस्तै :

हा. हा. सन्देशको योजना लिएर

मुक्तियुद्ध माथि उठ्यो

जनताले साथ दिएर

हा.हा.सन्देशको योजना लिएर

(सोह्रौं सर्ग, श्लोक ८०)

पदकोटीका हिसाबले नामपद, क्रियापद, सर्वनाम, विश्लेषण,संयोजक र निपातको सफल र रोचक प्रयोग यस महाकाव्यमा भएको छ ।

यसरी यस महाकाव्यमा भाषाशैली, अनुप्रास, वर्णविन्यास तथा पदकोटीमा पनि काव्यकार सफल रहेका छन् ।

### ३.७.११ कथन पद्धति

प्रस्तुत **अमरगाथा** महाकाव्यमा कविले एकै किसिमको मात्र कथन पद्धतिको प्रयोग गरेका छैनन् । कतै आफ्ना भावनाहरूको स्वच्छन्द रूपमा प्रस्तुत गर्ने क्रममा स्पष्ट रूपमा तृतीय पुरुष प्रधान कवि प्रौढोक्ति कथनपद्धति प्रयोग गरेका छन् भने, कतै अप्रतक्ष कथन पद्धतिको पनि प्रयोग पाइन्छ । त्यस्तै सम्वादात्मक, वर्णनात्मक र मनोवादात्मक विधिको पनि राम्रो प्रयोग यस काव्यमा छ । यो महाकाव्यमा वर्णनात्मक शैलीको प्रयोग भएको छ । सन्देशको जन्मदेखि साहदत सम्मको विवरणात्मक र यथार्थ जीवन जगतको प्रस्तुति महाकाव्यमा छ । कविले यस महाकाव्यमा आख्यान र कवित्वको सन्तुलन कायम गरेका छन् ।

महाकाव्यमा गोरखाको भूमि, प्रकृति र जनयुद्धका गीत, विरङ्गनाहरू र समाजको वर्णन कवितात्मक पद्य लयमा छ । **अमरगाथा**मा कविको कवित्वमा ओज छ । वाणीमा गौरव छ । विचार र सोचाइमा प्रगतिवादी विद्रोही भावना महाकाव्यका रूपमा आएको छ ।

### ३.७.१२ प्रतिक वा बिम्बालङ्कार विधान

यस महाकाव्यका मुख्य चरित्र सन्देश सहायक चरित्र विवेक तथा बटुवा यात्री आदि पात्रहरूलाई नै प्रतिकका रूपमा प्रस्तुत गरिएको छ । यसमा प्रस्तुत गरिएको कथावस्तु काल्पनिक नभएर यथार्थमा आधारित छ । ने.क.पा. माओवादीद्वारा सञ्चालन गरिएको जनयुद्धको पृष्ठभूमिमा महाकाव्य रचना गरिएको छ । जनयुद्धका नायक ने.क.पा. माओवादी पार्टीका पोलिटव्यूरो सदस्य सुरेश वाग्ले(क.बासु) को जीवन कथा नै **अमरगाथा** महाकाव्य हो । त्यस्तै अर्का पात्र विवेक क. सुरेश वाग्लेकै अङ्ग रक्षक भीमसेन पोखरेल हुन् । उनी तत्कालिन ने.क.पा.माओवादीका छापामार प्लाटुन कमाण्डर थिए । पार्टी कामको सिलसिलामा गोरखाको गाँखुमा उनीहरू दुबैलाई सुरक्षा कर्मीले कब्जामा लिएर हत्या गरेका थिए । तिनै वीर योद्धाहरूको जीवन कहानीलाई कथावस्तु बनाएर प्रस्तुत गरिएको **अमरगाथा** महाकाव्य ऐतिहासिक र प्रगतिशील तथा क्रान्तिकारी र विद्रोही महाकाव्य हो ।

यसरी **अमरगाथा** महाकाव्यका काव्यकारले नेपाली धर्तीमा ने.क.पा.माओवादीद्वारा सञ्चालन गरिएको जनयुद्धलाई मूल विषय बनाएका छन् । युद्धका कारणले देशले भोग्नु परेको

पिडा र मर्मलाई राम्ररी चिरफार गरेका छन् । कविले युद्धमा प्राणको आहुती दिएर ज्यान गुमाएका वीर सहिदहरूलाई विभिन्न प्रतिकका रूपमा प्रस्तुत गरेका छन् ।

### ३.७.१३ वैचारिक जीवनदृष्टि

प्रस्तुत महाकाव्यमा सदियौंदेखि जरा गाडेर बसेको सामन्तवादी एकात्मक राज्यसत्ता र यसका आसे पासे भरौटेहरूले समाजमा गरेका अन्याय, अत्याचार, शोषण, दमन र अनैतिकता तथा न्यायप्रेमी जनताको मौलिक हक स्वतन्त्रता, समानता र समावेशीका लागि गरिएको विद्रोह बीचको द्वन्द्वलाई देखाएको छ । एकातिर आफ्नो शोषणको राज टिकाउनका निम्ति आफ्ना विरूद्धमा आवाज उठाउनेहरू विरूद्ध चरम दमनको नीति लिएको सरकार र यसका भरौटेहरू छन् भने, अर्कातिर जनमुक्तिका लागि हतियार उठाएको जनसेना तथा मुक्तिकामी जनता र त्यसका नेतृत्व गर्ने सन्देश जस्ता त्यागी र विवेकी नेतालाई देखाएको छ । यी दुई बीच वर्गीय द्वन्द्वको सृजना गरेर क्रान्तिविना शान्ति संभव छैन । अधिकार मागेर पाइने चिज होइन खोसेर लिनुपर्छ भन्ने दृष्टिकोण यस महाकाव्यमा व्यक्त गरिएको छ । यसमा एकातिर सरकार र यसका भरौटे सेना, पुलिस र प्रशासन, मुखिया, सामन्त र साहुमहाजन तथा अर्कोतिर सन्देश, विवेक, न्यायप्रेमी जनता, जनसेना तथा सर्वहारा किसान र मजदुरबीच द्वन्द्व देखाइएको छ । अन्यायलाई चुपचाप सहनु र वर्गवैरी सामु आत्म समपर्ण गर्नु भन्दा न्यायको पक्षमा आत्मा बलीदान गरेर भएपनि सत् पक्षमा लड्नु पर्छ , विद्रोह गर्नु जनताको अधिकार हो भन्ने मुख्य भाव महाकाव्यमा व्यक्त गरिएको छ । सन्देशको साहदत यसको उदाहरण हो ।

यहाँ न्यायको निम्ति भीषण युद्ध छेडिएको छ । समग्र देश नै वर्गयुद्धमा होमिएको छ । महाकाव्यले क्रान्तिकारी विचार र व्यवहारलाई बढ्वा दिंदै वर्गवैरी विरूद्ध एक हुन आह्वान गरेको छ । साथै विद्रोह र त्याग नै अधिकार प्राप्तिको उत्तम विकल्प हो भन्ने मूल भाव यस महाकाव्यमा छ ।

### ३.७.१४ निष्कर्ष

यसरी **अमरगाथा** महाकाव्यमा कवि पोखरेलले मुख्य पात्र, सहायक पात्र, गौण पात्र, मुक्त पात्र आदिको प्रयोग गरेका छन् । साथै यी पात्रहरू चरित्रका हिसाबले सत् पात्र र असत् पात्रको प्रयोग गरेका छन् । यस महाकाव्यका नायक सन्देश ने.क.पा. माओवादीले सञ्चालन गरेको

जनयुद्धमा सहादत प्राप्त गर्ने सबै भन्दा उच्च दर्जाका नेता (पोलिटव्यूरो सदस्य) हुन् । क्रान्ति नायक सुरेश वाग्ले (क. बासु) को गौरवशाली जीवन गाथा नै **अमरगाथा** महाकाव्य हो ।

त्यस्तै सहायक पात्रका रूपमा प्रयोग गरिएका विवेक चाहिँ सुरेश वाग्लेकै अङ्ग रक्षक भीमसेन पोखरेल हुन् । माओवादी जनसेनाका प्लाटुन कमाण्डर समेत रहेका (क. वैरागीको) साहदत क. सुरेश वाग्लेसँगै भएको हो । त्यस्तै गोरखाली सपुत क.हरिश्चन्द्र श्रेष्ठ, आशाकाजी श्रेष्ठ, वीरङ्गना शान्ति श्रेष्ठ तथा मीना मरहट्टा जस्ता दर्जनौ सहिद तथा क.राजेन्द्र ढकाल, क.लिला खनाल, (विन्दु) जस्ता वेपत्ता जनहरूको जीवन गाथाको कथाबाट नै **अमरगाथा** महाकाव्य तयार भएको छ । यी यस्तै हजारौ ज्ञात, अज्ञात सहिद तथा वेपत्ताजन वर्ग युद्धमा होमिएका नायकहरूले वर्ग संघर्षका क्रममा उच्च साहदत प्राप्त गरेका छन् । यही गौरवशाली नायकहरूको गाथा नै **अमरगाथा** महाकाव्यको रूपमा आएको छ ।

नेपाली साहित्यमा प्रगतिवादी र क्रान्तिकारी तथा विद्रोही महाकाव्यका रूपमा यस महाकाव्य आएको देखिन्छ ।

# चौथो परिच्छेद
## उपसंहार र निष्कर्ष

कवि नारायण प्रसाद पोखरेलको जन्म बुबा पदम विलास पोखरेल र आमा हेमकुमारी पोखरेलको कोखबाट विक्रम संवत २००२/११/३ मा गोरखा जिल्लाको मनकामना ६ वनौतीमा भएको हो । कवि पोखरेल नेपाली साहित्यको क्षेत्रमा परिमाणात्मक भन्दा गुणात्मक हिसाबले उदायका नव प्रतिभा हुन् । कवि पोखरेलको **तीजको गीत** (गीति संग्रह**-२०५९), तालिमको सिलसिलामा** (कविता-२०६०), **प्रतिविम्व** (काव्य-२०६५) र **अमरगाथा** (माहाकाव्य-२०६७) आदि कृतिहरू प्रकाशीत छन् । यी काव्य कृतिको अध्ययन गर्ने सिलसिलामा समिक्षाको अन्त्यमा नै निष्कर्ष दिइएको छ । तथापी यस परिच्छेदमा कवि पोखरेलको सम्पूर्ण कृति र समक्षिाको निष्कर्ष प्रस्तुत गरिएको छ ।

साहित्यकार पोखरेलले समाजका विभिन्न आरोह, अवरोह, राजनीतिक चलखेलहरू , प्रकृतिका विविध पक्षहरू र पाटाहरूको तथा जीवनका घात, प्रतिघात र कुण्ठालाई साहित्यका माध्ययमबाट प्रस्तुत गरेका छन् । कवि पोखरेल साहित्य सदन, जिल्ला स्तरीय र क्षेत्रीय स्तरका पुरस्कारहरू बाट पुरस्कृत पनि भएका छन् ।

सानैदेखि साहित्य क्षेत्रका अनुरागी पोखरेलले वि.सं. २०५९ सालमा **तीजको गीत** गीतिसंग्रह प्रकाशन गरी नेपाली साहित्य लेखनमा प्रवेश गरेका हुन् । त्यसपछि वि.स. २०६० सालमा शिक्षक तालिमको सिलसिलामा गोरखा क्याम्पसमा आधारभूत शिक्षक तालिममा जाँदा आउँदाका परेका समस्याहरूको टिपोट गरी **तालिमको सिलसिलामा** पुस्तक प्रकाशन गरेका थिए । साथीहरूको हौसला र गुरुहरूको प्रेरणाले कविता कोरेका कुरा कवि स्वयम्ले बताएका छन् । **टोपी** कविता संग्रहमा आइपुग्दा समेत कविले समाजका विकृति र बेथिति माथि कलम चलाए पनि आफ्नो स्पष्ट विचार र दृष्टिकोण प्रस्तुत गर्न सकेका छैनन् । देशमा सञ्चालित माओवादीले सञ्चालन गरेको १० वर्षे सशस्त्र द्वन्द्वको बारेमा कलम चलाएका कविले सरकार र यूद्धरत पक्ष दुवैको विरोध गरेका छन् । यहाँसम्म आइपुग्दा कवि स्वयम्लाई छन्द, रस र अलङ्कारका बारे ज्ञान नभएको दुखेसो यस भन्दा पछि प्रकाशित **मर्स्याङ्दी** खण्डकाव्यको भूमिकामा कविले प्रस्तुत गरेका छन् । त्यसैले यी कृतिहरूमा केवल फाँकी मिलाएर गाउन मिल्ने कविताहरू छन् ।

भावगत गहनता, शैली मधुरता रहेपनि यी कविताहरूमा छन्द तथा विचार पक्ष अत्यन्तै कमजोर छ । छन्दमा कवि अनभिज्ञ देखिन्छन् भने विचार पक्षमा पनि अलमलिएका छन् ।

**म्स्र्याङ्दी** खण्डकाव्यमा आइपुग्दा कवि विचार भाव पक्षबाट पनि परिष्कृत भएको पाइन्छ । कवि स्वच्छन्दतावादी र प्रगतिवादी धाराको नजिक रहेका छन् । यो कविको विशुद्ध प्रकृति काव्य हो । यस काव्यमा कविले प्रकृतिलाई नै मानवीकरण गरी प्रस्तुत गरेका छन् । यस कृतिमा भाव, माधुर्य तथा शिल्प र लयमा गहनता छ ।

**प्रतिबिम्ब** कवि पोखरेलको उत्कृष्ट कृति हो । यस कृतिमा क्रान्तिकारी र विद्रोही स्वर पाइन्छ । विचारका दृष्टिकोणले अझै केही अलमलिएका कवि राष्ट्रियताका पक्षमा भने खरो रुपमा प्रस्तुत भएका छन् । प्रस्तुत काव्यको प्रकाशन देखि साहित्यिक क्षेत्रमा कविले काव्यगत उचाइ प्राप्त गरेका छन् । **प्रतिबिम्ब** काव्य प्रकाशनसम्म आइपुग्दाको विचार, भाव र दृष्टिकोणले समेत स्पष्ट दिशावोध गरेको पाइन्छ ।

**अमरगाथा** महाकाव्य कवि पोखरेलको हालसम्मको अन्तिम र प्रकाशनको उत्कृष्ट कृति हो । यो महाकाव्य नेपाली समाज, प्रकृति र द्वन्द्वको गायन गरिएको गाथा काव्य हो । ने.क.पा. माओवादीले सञ्चालन गरेको दश वर्षे जनयूद्ध नेपाली समाजको परिवर्तन र रुपान्तरणको एउटा शक्तिशाली अभिनय थियो । यस अभियानमा देश भरीका लाखौं लाख जनता परचालित थिए भने हजारौंले आफ्नो प्राण आहुति दिएका थिए । जनयूद्धको एउटा केन्द्र गोरखा थियो । सदियौं देखि उत्पिडनमा बस्न वाध्य पारिएका जनताले वर्ग वैरीका विरुद्ध आफूलाई उभ्याएर वर्ग सङ्घर्षको भूमरीमा होमिए । यस्तै वीर योद्धा मध्येका सुरेश वाग्ले क. बासुको जीवनगाथामा आधारित रहेर प्रस्तुत महाकाव्य सृजना भएको छ । अतः यस काव्यमा जनयुद्धका सहिदहरूको जीवनको कथा र गाथा गाइएको छ । यसमा प्रगतिवादी विचार र वर्गीय चिन्तन पाइन्छ । वर्ग सङ्घर्षले कविलाई ऊर्जा मिलेको छ । यस कृतिका माध्यमबाट कविले आफूलाई एक सशक्त क्रान्तिकारी प्रगतिशील र विद्रोही कविका रुपमा चिनाएका छन् । शिल्पशैली र काव्य तत्वका हिसाबले पनि कविमा परिपक्वता आएको पाइन्छ । छन्द, रस र अलङ्कार विधामा केही अलमलिए पनि विचार र दृष्टिकोणमा स्पष्ट देखिन्छन् ।

प्रस्तुत शोधपत्र साहित्यकार नारायण प्रसाद पोखरेलको काव्य कृतिको अध्ययन र विश्लेषण  गरिएको पहिलो शोध कार्य हो । यस शोध कार्यमा कवि पोखरेलको साहित्यिक र जीवनी व्यक्तित्वको पनि संक्षेपमा विश्लेषण गरिएको छ । भाका (अन्त्यानुप्रास) मात्र मिलाएर गीतिकाव्यबाट लेखन सुरु गरेका कविले महाकाव्यसम्मका कृतिहरू  नेपाली साहित्य पारखीहरू लाई पस्किसकेका छन् । यस अध्ययनपछि पनि कवि पोखरेलका बारेमा शोधपत्र तयार गर्न चाहानेहरूले निम्नानुसार शीर्षकमा शोधकार्य गर्न सक्नेछन् :

(क) नारायण प्रसाद पोखरेलका काव्यकारिता

(ख) नारायण प्रसाद पोखरेलका काव्यमा प्रगतिवाद

# सन्दर्भ सामग्री सूची

अवस्थी, महादेव.२०६४. **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श.** काठमाडौंः इन्टेलेक्च्युअल्ज बुक प्यालेसः ।

अधिकारी, हेमाङ्गराज. २०५०. **पूर्वीय समालोचना सिद्धान्त.** पाँचौं संस्करण, साझा प्रकाशन ।

उपाध्याय, केशव प्रसाद. २०६१. **पूर्वीय साहित्य सिद्धान्त**. ललितपुरः साझा प्रकाशन ।

गौतम, लक्ष्मण प्रसाद. २०५६.**बिम्बको परिभाषा स्वरुप र विकास मधुपर्क.** वर्ष ३३. अंक ८ ।

ढकाल, घनश्याम. २०६६. **मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य.** अखिल नेपाल लेखक संघ प्रज्ञा अफसेट प्रिन्टिङ प्रेस ।

थापा, मोहन हिमांशु. २०६६. **साहित्य परिचय.** ललितपुरः साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव र अन्य. २०६०. **नेपाली कविता (भाग चार**). ललितपुरः साझा प्रकाशन ।

दाहाल, दीपेन्द्र प्रसाद. २०५८. ऋतु विचार (१९९१).खण्डकाव्यको कृतिपरक अध्ययन. कीर्तिपुरः नेपाली केन्द्रीय विभाग ।

पोखरेल, बालकृष्ण. (सम्पा.).२०५५.**नेपाली बृहत शब्दकोष.** काठमाडौंः  नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान ।

पोखरेल, नारायण प्रसाद. २०५९. **तीजको गीत (गीतिसंग्रह**). तनहुँः पुष्पाञ्जलि अफसेट प्रेस. दमौली ।

पोखरेल, नारायण प्रसाद.२०६०. **तालिमको सिलसिलामा (कविता**) गोरखाः आर वि. कम्यूनिकेशन सेन्टर कालीमाटी ।

पोखरेल, नारायण प्रसाद. २०६२. **टोपी (कविता स्रग्रह**). काठमाडौंः देउराली अफसेट प्रेस प्रा.लि. पुतलीसडक ।

पोखरेल, नारायण प्रसाद. २०६३. **मर्स्याङ्दी (खण्डकाव्य**). काठमाडौंः निरन्तर छापाखाना पुतलीसडक ।

पोखरेल, नारायण प्रसाद. २०६५. **प्रतिविम्व (काव्य**). काठमाडौंः अफसेट प्रा. लि. पुतलीसडक ।

पोखरेल, नारायण प्रसाद. २०६७. **अमरगाथा (महाकाव्य)**. काठमाडौं: भिजन पब्लिकेशन बागबजार ।

बराल, कृष्णहरि. २०६०. **गीत सिद्धान्त र इतिहास.** काठमाडौं: विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, रमेश प्रसाद. २०६७. 'भूमिका'. **अमरगाथा महाकाव्य.**(लेखक नारायाण प्रसाद पोखरेल). काठमाडौं: भिजन पब्लिकेशन बागबजार ।

मरहट्टा, मोदनाथ. २०६२. चितवन पोष्ट. वर्ष १. अंक २ ।

श्रेष्ठ, दयाराम र मोहनराज. २०३४. नेपाली साहित्यको संक्षिप्त इतिहास. काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।